सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २४ ● अंक ४६ ● FRIDAY, 12 APRIL 2019 ● काठमाडौं शुक्रबार, चैत २९, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



तस्बिर : किरण पाण्डे



## ह्याप्पी न्यू इयर

नववर्ष– २०७६ को सुखद आगमनका अवसरमा हामी समस्त पाठक, विज्ञापनदाता, वितरक एवं शुभेच्छुहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**साप्ताहिक परिवार**
कान्तिपुर मिडिया ग्रुप

# बाइ-बाइ २०७५





हरिहर अधिकारी
(ज्योतिषी)

# २०७६ सालको वार्षिक राशिफल

## मेष

यो वर्ष मेष राशिको सूर्य बलियो छैन, जसले गर्दा सरकारी जागिरेहरूमा विभिन्न समस्या सिर्जना हुनसक्छ। निजी क्षेत्रमा काम गर्ने मेष राशिका मानिसहरूको हकमा भने स्थिति सामान्य छ। यो वर्ष जग्गा-जमिनको व्यापार फलदायी रहनेछ। तरल पदार्थको व्यापार गर्नेहरूलाई भने घाटा होला। वैवाहिक सम्बन्ध सन्तोषजनक देखिन्छ। प्रेमसम्बन्धमा रहेकाहरूको सम्बन्धमा साउनपछि बाधा उत्पन्न हुनसक्छ भने प्रेमसम्बन्धमा नरहेकाहरूको मंसिरपछि प्रेम पर्न सक्छ। कात्तिक महिनापछि प्रगतिको ढोका खुल्नेछ। असोज र पुस महिनामा स्वास्थ्य समस्या देखा पर्ने सम्भावना छ। स्वास्थ्य विषय अध्ययन गर्नेहरूको प्रगति हुनेछ। यो वर्ष कालो रंगका कपडा कमै प्रयोग गर्नुहोला।

**शुभ अंक : ३, शुभ रंग : रातो, शुभ दिशा : उत्तर, शुभ बार : शुक्रबार, शुभ महिना : जेठ**

## वृष

वृष राशिका लागि यो वर्ष मंगलको प्रभाव राम्रो छ माघ महिनापछि वैवाहिक सम्बन्धमा केही समस्या सिर्जना हुन सक्छ। वृष राशिमा शुक्रको प्रभाव पनि राम्रो छ, जसले गर्दा यो राशिका स्वामीहरूले मनोरञ्जन तथा कला क्षेत्रमा राम्रो प्रदर्शन गर्नेछन्। स्वास्थ्य क्षेत्रमा रहेका व्यक्तिहरूको प्रगति हुनेछ। प्रहरी वा सैनिक सेवामा रहेका व्यक्तिहरूलाई साउनपछि चोटपटक लाग्न सक्छ। विद्यार्थीहरूले भदौ, असोज, कात्तिक, मंसिर यी चार महिनामा शिक्षा क्षेत्रमा राम्रो प्रगति गर्न सक्छन्। प्रेमसम्बन्धमा बाधा खडा हुने संभावना छ। यो वर्ष छातीमा समस्या देखा पर्न सक्ने सम्भावना छ। वृष राशि भएका मानिसहरूले आफ्नो प्रगतिका लागि सिम्रिक्को टीका लगाउनु बेस हुन्छ।

**शुभ अंक : ३, शुभ रंग :रातो, शुभ दिशा : पूर्व, शुभ बार : मंगलबार, शुभ महिना : भदौ तथा मंसिर**

## मिथुन

मिथुन राशिमा यो वर्ष अरूको लहलहैमा लाग्न वा अरूले भनेको खराब कुराको पछि लाग्न बन्द गर्नुपर्नेछ। असार महिना पछि जागिरमा समस्या सिर्जना हुन सक्छ। मिथुन राशिको वैवाहिक जीवनमा राहु बसेको छ। विवाह नभएका मिथुन राशिवालाहरूको भने विवाह हुने योग छ। नयाँ काम र व्यापार व्यवसाय सुरु गर्न वर्ष उत्कृष्ट रहनेछ। राजनैतिक तथा सामाजिक क्षेत्रमा लागेका व्यक्तिहरूका लागि भने वर्ष राम्रो छैन। साउन, भदौ, माघ तथा फागुनमा उन्नति-प्रगति हुनेछ। जेठ महिनामा चोटपटकको सम्भावना देखिन्छ। पारिवारिक सम्बन्ध एवं अध्ययनको क्षेत्र सामान्य छ। यो राशिका व्यक्तिहरूले दुई आँखी भौंको बीचमा कालो टिका लगाउँदा शुभफल प्राप्त हुनेछ।

## कर्कट

**शुभ अंक : ५, शुभ रंग : पहेँलो, शुभ दिशा : दक्षिण, शुभ बार : सोमबार, शुभ महिना : भदौ**

कर्कट राशिमा चन्द्रमाको प्रभाव छ। सामाजिक क्षेत्रमा काम गर्ने मानिसहरूका लागि वर्ष लाभदायक रहनेछ। वैवाहिक तथा प्रेम सम्बन्ध सामान्य छ। शिक्षातर्फ स्वास्थ्यको अध्ययनमा लागेका विद्यार्थीहरूका लागि निकै राम्रो हुनेछ भने अन्य विषय अध्ययन गर्नेहरूका लागि समय सामान्य रहनेछ। सामाजिक क्षेत्रमा जागिर गर्नेहरूका लागि वर्ष फलदायी हुनेछ। निजी क्षेत्रमा काम गर्नेहरूका लागि समय सामान्य छ भने सरकारी जागिरेहरूलाई अलि गाह्रो हुन सक्छ। कर्कट राशिका पौडी खेलाडीहरूका लागि भने यो वर्ष उपलब्धिमूलक सावित होला। यो राशि हुनेहरूको मनोरञ्जन क्षेत्र सामान्य छ भने सामाजिक क्षेत्र राम्रो छ। वर्षैभरि मोती लगाउँदा फाइदा होला।

**शुभ अंक : ३, शुभ रंग : सेतो, शुभ दिशा : पूर्व, शुभ बार : मंगलबार, शुभ महिना : असार तथा साउन**

## सिंह

सिंह राशि हुने जति पनि कानुन व्यवसायी हुनुहुन्छ उहाँहरूका लागि यो वर्ष निकै राम्रो छ। यो वर्ष प्रेम विवाह हुनसक्छ भने प्रेमसम्बन्ध पनि राम्रो रहनेछ। भदौ महिनापछि समय निकै राम्रो हुँदै जानेछ। जग्गा-जमिन किन्ने वा घर बनाउने विचार गर्नुभएको छ भने भदौपछि काम थाल्नु उपयुक्त हुन्छ। कान तथा पेटको समस्या सिर्जना हुने सम्भावना छ। कामका लागि विदेश जानु उपयुक्त हुँदैन। पितासँगको सम्बन्धमा बाधा खडा हुनसक्छ। सोमबार उत्तर दिशाको जमिनमा चल चढाउँदा शुभ फल प्राप्त हुनेछ। सिंह राशि भएकाहरूले मनोरञ्जन तथा कला क्षेत्रमा राम्रो प्रदर्शन गर्न सक्छन्। इन्जिनियरिङको क्षेत्रमा लागेकाहरूले उन्नति गर्ने समय आएको छ।

**शुभ अंक : ५, शुभ रंग : सेतो, शुभ दिशा : उत्तर, शुभ बार : शुक्रबार, शुभ महिना : भदौ**

## कन्या

यो वर्ष कन्या राशि भएका व्यक्तिलाई सूर्य र बुधको प्रभाव पर्नेछ। त्यसैले पत्रकारिता क्षेत्रमा लागेका कन्या राशिका व्यक्तिहरूको उन्नति हुने योग छ। वैशाख र चैत महिनामा चोटपटक लाग्ने तथा दुर्घटना हुने सम्भावना देखिन्छ। सवारी साधन चलाउँदा होसियार रहनुहोला। फलामसम्बन्धी व्यापार-व्यवसायमा लाभ हुनेछ। बैंकिङ क्षेत्रमा जागिर गरिरहेकाहरूको उन्नति हुनेछ। साउन र असोज महिनामा हड्डीको समस्या देखा पर्न सक्छ। प्रेम, वैवाहिक, पारिवारिक तथा सन्तानसँगको सम्बन्ध सामान्य रहनेछ। मनोरञ्जन क्षेत्रमा रहेका व्यक्तिहरूले खासै प्रगति गर्न सक्नेछैनन् भने राजनैतिक क्षेत्रमा भएकाहरूले राम्रो परिणाम प्राप्त गर्ने छन्। शुभफलका लागि हरियो रंगका पहिरन लगाउनुहोला।

**शुभ अंक : १, शुभ रंग : हरियो, शुभ दिशा : दक्षिण, शुभ बार : सोमबार, शुभ महिना : असार**

## तुला

तुला राशिमा यो वर्ष वृहस्पतिको प्रभाव रहनेछ। शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। सेवा मूलक व्यापार-व्यवसाय पनि फाइदाजनक देखिन्छ। पुस, माघ र फागुन महिनामा पढाइमा मन जानेछैन। जेठ र असार महिनामा वैवाहिक सम्बन्धमा समस्या सिर्जना हुने सम्भावना छ। सन्तानसँगको सम्बन्ध राम्रो रहनेछ। तुला राशि भएका व्यक्तिहरू राजनीति, मनोरञ्जन एवं खेलकुद क्षेत्रमा हुनुहुन्छ भने फागुन महिनापछि मात्र राम्रो परिणाम प्राप्त हुने देखिन्छ। यो वर्ष स्वास्थ्यमा सुधार आउनेछ। गर-गहना तथा सुन-चाँदीको व्यापारबाट लाभ लिन सकिनेछ।

**शुभ अंक : ७, शुभ रंग : सुन्तला, शुभ दिशा :दक्षिण र पश्चिम, शुभ बार : मंगलबार, शुभ महिना : फागुन**

## वृश्चिक

वृश्चिक राशिमा मंगलको प्रभाव रहनेछ। यो वर्ष जेठ, साउन, असोज, मंसिर, माघ तथा चैत महिनामा दुर्घटनाको हुने सम्भावना छ। यो वर्ष जोर नम्बरको महिना नराम्रो छ भने बिजोर नम्बरको महिना राम्रो हुनेछ। त्यसैले कुनै क्षेत्रमा लगानी गर्दै हुनुहुन्छ भने बिजोर नम्बरका महिना रोज्नुहोला। दिदी, बहिनी, आमा, फुपू तथा प्रेमिकाबाट सहयोग प्राप्त हुनेछ। प्रेमसम्बन्ध सामान्य रहनेछ। पढाइमा पनि जोर नम्बरको महिना नराम्रो छ भने बिजोर नम्बरको महिना राम्रो रहनेछ। हरेक आइतबार तामाको सामान दान गर्न सके शुभफल प्राप्त हुनेछ। यसले नराम्रो महिनाको दोष कम गर्नेछ।

**शुभ अंक : २, शुभ रंग : खैरो, शुभ दिशा : दक्षिण, शुभ बार : मंगलबार, शुभ महिना : वैशाख, असार, भदौ, कात्तिक, पुस तथा फागुन।**

## धनु

धनु राशिमा शनी, बृहस्पति तथा केतुको प्रभाव रहनेछ, जसका कारण प्राविधिक क्षेत्र राम्रो हुनेछ। आइटी, इन्जिनियरिङ वा कम्प्युटर पढिरहेका विद्यार्थीहरूले एकदमै राम्रै प्रगति गर्नेछन्। खेतीपाती गर्ने किसानले प्रविधिको प्रयोग गर्न सक्ने सम्भावना छ। टेक्निकल बाहेक अन्य विषयको अध्ययन सामान्य रहनेछ। यो वर्ष अन्तर्जातीय विवाह हुने सम्भावना देखिन्छ। प्रेमसम्बन्धमा ब्रेकअप हुने सम्भावना पनि छ। पारिवारिक सम्बन्धमा बाधा सिर्जना हुन सक्छ। कात्तिक र मंसिर महिना खासै राम्रो छैन, दुर्घटनाको सम्भावनासमेत देखिन्छ। खेलकुदको क्षेत्रमा पुस र माघ महिनामा राम्रै मुभमेन्ट हुनसक्छ। राजनैतिक क्षेत्रमा सामान्य लाभ मिल्न सक्छ। यो वर्ष यो राशि भएका मानिसहरूले रोगबाट मुक्ति पाउनेछन् भने चोटपटकको सम्भावना पनि छ। बिहिबार एक चम्चा पञ्चामृत सेवन गर्दा दोषमुक्त हुन सकिन्छ।

**शुभ अंक : ११, शुभ रंग : निलो, शुभ दिशा : पूर्व, शुभ बार : आइतबार, शुभ महिना : वैशाख**

## मकर

मकर राशिमा चन्द्रमा र शनीको प्रभाव देखिन्छ। यस्तो स्थितिमा मानसिक सन्तुलन बिग्रने, डिप्रेसन हुनेदेखि आत्महत्यासम्म गर्ने सम्भावना हुन्छ। मकर राशिका मानिसहरूले यो वर्ष आमा तथा दिदीबहिनीहरूसँग नजिक हुनु जरुरी छ। प्राविधिक विषय अध्ययन गर्दा सफलता प्राप्त होला। पारिवारिक सम्बन्ध राम्रो रहनेछ। राजनीतिमा लागेकाहरूको पद गुम्न सक्छ। मकर राशिका व्यक्तिहरूले यो वर्ष खेलकुदमा राम्रो गर्न सक्छन्। प्रेम सम्बन्धमा समस्या सिर्जना हुनसक्छ। असोज महिनामा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ। इलेक्ट्रोनिक सामान तथा खाद्यान्नको व्यापार/व्यवसाय गर्दा फाइदा हुनेछ। पूर्णिमाको दिन माछामासु नखाई शुद्ध भएर बस्ने हो भने डिप्रेसनको समस्या कम होला।

**शुभ अंक : १ र ७, शुभ रंग : सेतो र पिंक, शुभ दिशा : दक्षिण र पूर्व, शुभ बार : बुधबार, शुभ महिना : पुस**

## कुम्भ

कुम्भ राशिमा शुक्रको प्रभाव राम्रो छ। यो राशिका मानिसहरूले कला, मनोरञ्जन, मिडिया, चलचित्र, राजनीति, खेलकुद आदि क्षेत्रमा राम्रो सफलता प्राप्त गर्न सक्छन्। सेयरबाट पनि फाइदा लिन सकिनेछ। मिडियाकर्मीहरूका लागि पनि वर्ष शुभ रहनेछ। स्वास्थ्य क्षेत्रमा रहेका डाक्टर, नर्सहरूका लागि भने वर्ष सामान्य छ। कुम्भ राशि भएका पाइलट, इन्जिनियरहरूलाई चोटपटक लाग्ने सम्भावना छ। वैवाहिक जीवन सामान्य रहनेछ। सन्तानसँगको सम्बन्धमा बाधा सिर्जना हुनसक्छ। पारिवारिक सम्बन्ध सामान्य छ। यो वर्ष पेटमा समस्या सिर्जना हुनेछ भने प्रेसर, डाइबिटिजजस्ता समस्या पनि देखा पर्न सक्छन्। वैशाख, जेठ, असार एकदमै राम्रो छ। साउनपछिको समय मध्यम रहला। नयाँ प्रेमसम्बन्ध गाँसिने तथा पुरानो प्रेमसम्बन्ध मासिने सम्भावना छ।

**शुभ अंक : ५, शुभ रंग : रातो, शुभ दिशा : पूर्व, शुभ बार : आइतबार, शुभ महिना : वैशाख, जेठ तथा असार**

## मीन

मीन राशिमा यो वर्ष सूर्य र बुध ग्रहको योग छ। यो राशिका लागि यो वर्ष बुधातित्य योग छ, जसले मानसम्मान दिलाउनेछ। धर्मकर्मको क्षेत्रमा मन जानेछ। साथीभाइहरूसँगको सम्बन्ध त्यति राम्रो छैन। सरकारी जागिरमा उन्नति हुने देखिन्छ। धार्मिक क्षेत्रमा प्रयोग हुने सर-सामानको व्यापार-व्यवसाय गर्दा फाइदा होला। सुन-चाँदी, काठ तथा सिसाको व्यापार पनि उत्तम रहनेछ। यो वर्ष संस्कृत अध्ययन गर्ने विद्यार्थीहरूले उच्च शिक्षा हासिल गरि मानसम्मान प्राप्त गर्न सक्छन् भने अरू विषय अध्ययन गर्नेहरूका लागि पनि समय राम्रो छ। जग्गा-जमिनको काम-कारोबारले फाइदा गर्दैन। चिसोले घाँटीमा समस्या सिर्जना गर्न सक्छ भने हड्डीमा समेत समस्या देखा पर्न सक्छ। प्रेमसम्बन्ध एकदमै राम्रो छ। मीन राशि भएकाहरूको यो वर्ष एकदमै राम्रो छ, तैपनि सूर्यलाई जल चढाए अझ राम्रो परिणाम प्राप्त गर्न सकिनेछ।

**शुभ अंक : ३ र ९, शुभ रंग : हरियो र पहेँलो, शुभ दिशा : उत्तर, शुभ बार : शनिबार, शुभ महिना : कात्तिक तथा मंसिर**

कक्षा १० (SEE-2076) भर्ना खुल्यो !!!
का साथै कक्षा ८, ७, ६ मा

★ कक्षा ९, SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका विद्यार्थीहरुले SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस्।
★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कूलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन्।

कक्षा समय: बिहान, दिउँसो, बेलुका
यातायात र होस्टेलको समेत सुविधा छ।
अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
सम्पर्क
SAHAYOGI PATHSHALA
(Alternative School)
भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै) PHONE : 4415244

STUDY WORK
जापान जानको लागि
N4, N5 पास हुनुपर्ने भएको हुँदा हामी तपाईहरुलाई दक्ष अनुभवी टिचरद्वारा आउँदो वैशाख ५ गतेबाट नयाँ Japanese Class सुरू गर्दैछौं।
Merit Int'l Education
New Baneshwor
01-4478033, 9841049683

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुरको
# करोडपति
सिजन-३
बन्नो होइन त फेरि करोडपति!

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको
वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

१० लाख मासिक पुरस्कार
१ करोड बम्पर पुरस्कार
१ लाख साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछन्।

पक्का पुरस्कार
• शिखर इन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance
Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ

BALTRA

BALTRA एलइडी टिभी.
ASUS ल्यापटप
स्मार्ट फोन
ब्लुटुथ स्पीकर
वायरलेस हेडफोन
स्मार्ट वाच

ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY
THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app
2 Scan this code, confirm the payment details and make quick payment.

eSewa
www.esewa.com.np

कान्तिपुर kathmandupost

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१५० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

# प्रतिवेदनमा नेपाल

**संसारका कुन देश कुन क्षेत्रमा कस्तो अवस्थामा छन् भन्ने विषयमा संसारभर छरिएका विभिन्न विषयगत एजेन्सीहरूले समय-समयमा प्रतिवेदन जारी गरेर सम्बन्धित मुलुकलाई सचेत गराउँदै आएका छन् । यस्तो प्रतिवेदनले सम्बन्धित मुलुकलाई आफू कमजोर रहेको क्षेत्रमा सुधार गर्न आवश्यक नीति तयार पार्न सघाउ पुऱ्याउँदै आएको छ । वर्ष २०७५ मा विभिन्न एजेन्सीले आ-आफ्ना विषयमा जारी गरेका प्रतिवेदनमा नेपाल कहाँ छ त ?**



तस्बिर : oxfam.org

### मानव विकास सूचकांक

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले हरेक वर्ष जारी गर्दै आएको मानव विकास सूचकांकसम्बन्धी पछिल्लो प्रतिवेदनअनुसार नेपाल अघिल्लो वर्षको तुलनामा पाँच स्थान खस्कँदै १ सय ४९ औं स्थानमा पुगेको छ । यूएनडीपीले सार्वजनिक गरेको उक्त प्रतिवेदनमा १ सय ८९ देशलाई समेटिएको थियो । प्रतिवेदनअनुसार दक्षिण एसियाली देशहरूमा भारत १ सय ३० औं, भुटान १ सय ३४ औं, बंगलादेश १ सय ३६ औं तथा पाकिस्तान १ सय ५० औं स्थानमा छन् । प्रतिवेदनमा श्रीलंका ७६ औं तथा माल्दिभ्स १ सय १ औं स्थानमा छन् ।

### कति खुसी छन् नेपाली

जीवनयापनका क्रममा नागरिकको अनुहारमा झल्कने खुसीको मापनमा नेपालीहरू दक्षिण एसियाली देशहरूमध्ये तेस्रो स्थानमा छ । संयुक्त राष्ट्रसंघीय वर्ल्ड ह्यापिनेसले विश्वका १ सय ९२ देशमा गरेको सर्वेक्षणअनुसार नेपाल उक्त सूचीको १ सयौं नम्बरमा छ । यो सूचीमा दक्षिण एसियाली मुलुकहरूमध्ये पाकिस्तान ७५ औं स्थानमा रहेर सबैभन्दा अगाडि छ भने भुटान ९७ औं स्थानमा रहेर नेपालभन्दा अघि छ । उक्त सूचीमा बंगलादेश, श्रीलंका, भारत तथा अफगानिस्तान नेपालभन्दा पछाडि छन् । प्रतिवेदनको पहिलो स्थानमा उत्तर युरोपेली मुलुक फिनल्यान्ड छ । यो प्रतिवेदन विशेष गरी नागरिकको आम्दानी, स्वतन्त्रता, विश्वास, स्वास्थ्य सेवामा पहुँच, जीवनयापनका साधनहरूको सहज उपलब्धता, सामाजिक सद्भाव एवं उदारताका आधारमा तयार गरिन्छ ।

### विश्व आर्थिक प्रतिवेदन

विश्व बैंकले वर्ष २०१८ का लागि विश्वका विभिन्न मुलुकमा उपलब्ध आर्थिक स्वतन्त्रता, आर्थिक अवसर, नागरिकहरूको आम्दानी एवं बचत, उद्योग-व्यवसाय प्रारम्भ गर्न बेहोर्नुपर्ने प्रशासनिक झमेला तथा वित्तीय क्षेत्रबाट प्राप्त हुने आर्थिक सहयोग, मानव संसाधन, ऊर्जाको उपलब्धता तथा कच्चापदार्थको सहजता जस्ता विषयलाई समेटेर जारी गरेको आर्थिक प्रतिवेदनमा नेपाल १ सय ३३ औं स्थानमा छ । यसका लागि नेपालले ५४ दशमलव १ अंकको रेटिङ प्वाइन्ट प्राप्त गरेको थियो । प्रतिवेदनमा उल्लेख गरिएको मापनसम्बन्धी नियमअनुसार यस्तो रेटिङ जति कम हुन्छ सम्बन्धित मुलुकको आर्थिक अवस्थालाई त्यति नै सहज मानिन्छ । १ सय ८० देश समेटिएको यो प्रतिवेदनको पहिलो स्थानमा हङकङ छ ।

### स्वास्थ्य सूचकांकमा नेपाल

विश्व स्वास्थ्य संगठनले सन् २०१८ का लागि जारी गरेको वार्षिक प्रतिवेदनअनुसार नेपालीहरूको औसत आयु पुरुषको हकमा ६९ वर्ष तथा महिलाको हकमा ७२ पुगेको छ । यसैगरी ५ वर्षमुनिका शिशुको मृत्युदर प्रति १० हजार जन्ममध्ये ३४ मा झरेको छ भने १५ देखि ६० वर्षका नागरिकको मृत्युदर पनि कम हुँदै गएको छ । प्रतिवेदनअनुसार नेपालमा हरेक वर्ष प्रति १० हजारमा १ सय ७१ महिला तथा १ सय ३१ पुरुषको मृत्यु हुने गरेको छ । स्वास्थ्य क्षेत्रमा नेपालीहरूको प्रतिव्यक्ति खर्चमा सुधार देखाउने उक्त प्रतिवेदन भन्छ- प्रत्येक नेपालीले हरेक वर्ष आफ्नो स्वास्थ्यका लागि १ सय ३७ डलर खर्च गर्दै आएका छन् । यो उनीहरूको कुल आयको ५ दशमलव ८ प्रतिशत हो ।

### भ्रष्टाचार बढ्दैछ

यो वर्ष नेपाल बढी भ्रष्टाचार हुने देशहरूको सूचीमा पुनः खराब स्थितिमा छ । भ्रष्टाचारसम्बन्धी अध्ययन गर्ने अन्तर्राष्ट्रिय संस्था एमनेस्टी इन्टरनेसनलले सार्वजनिक गरेको प्रतिवेदनमा नेपाल १ सय २२ औं स्थानमा छ । दक्षिण एसियाली देशहरूमध्ये सबैभन्दा कम भ्रष्टाचार हुने देश भुटान हो । उक्त सूचीमा भुटान २६ औं स्थानमा छ । त्यस्तै भारत ८१ औं, श्रीलंका ९१ औं, मालदिभ्स १ सय १२ औं, पाकिस्तान १ सय १७ औं तथा बंगलादेश १ सय ४३ औं स्थानमा छन् । अघिल्लो वर्ष यो सूचीमा नेपाल १ सय ३१ औं स्थानमा थियो । विश्वमा सबैभन्दा कम भ्रष्टाचार हुने देशमा न्युजिल्यान्ड, डेनमार्क र स्वीजरल्यान्ड क्रमशः पहिलो, दोस्रो तथा तेस्रो स्थानमा छन् ।

### घुम्नै पर्ने सहर काठमाडौं

पर्यटनसम्बन्धी समाचार लेख्ने अनलाइन पोर्टल लब्ली प्लानेटले विश्वका घुम्नै पर्ने सहरको सूचीमा नेपालको राजधानी काठमाडौंलाई पाँचौं स्थानमा राखेको छ । चार वर्षअघि गएको विनाशकारी भूकम्पले क्षति पुऱ्याए पनि पुनर्निर्माणको काम भैरहेको भन्दै लब्ली प्लानेटले काठमाडौंलाई एकपटक घुम्नैपर्ने सहरका रूपमा उल्लेख गरेको हो । लब्ली प्लानेटको उक्त सूचीको पहिलो स्थानमा डेनमार्कको राजधानी कोपनहेगन छ भने नेपालभन्दा अघि चीनको सान्जेन, सर्बियाको नोभी साद तथा अमेरिकाको मियामी छन् ।

### नेपाल कति महिलामैत्री

व्यवसायिक महिला र कानुनी प्रावधान जस्ता विषयलाई आधार बनाएर विश्व बैंकले जारी गरेको एक प्रतिवेदनमा नेपाल दक्षिण एसियामा पाँचौं नम्बरमा छ । उक्त प्रतिवेदनको पहिलो नम्बरमा माल्दिभ्स छ । त्यसैगरी दोस्रोमा भारत, तेस्रोमा भुटान, चौथोमा श्रीलंका छन् । नेपालपछि बंगलादेश, पाकिस्तान हुँदै अन्त्यमा अफगानिस्तान छ । ती दुवै विषयको मूल्यांकनमा नेपालले ५३ दशमलव १३ अंक पाएको थियो ।

### कति प्रजातान्त्रिक ?

प्रजातन्त्र संस्थागत भएका देशको सूचीमा नेपाल ९७ औं स्थानमा परेको प्रतिवेदन सार्वजनिक भएको छ । द इकोनोमिस्टले प्रकाशित गरेको उक्त प्रतिवेदनमा १ सय ६७ देश समेटिएका थिए । प्रतिवेदनअनुसार पहिलो स्थानमा नर्वे, दोस्रोमा आइसल्यान्ड, तेस्रो स्वीडेन छन् ।

### आर्थिक वृद्धिदर ७ प्रतिशत

विश्व बैंकले सन् २०१९ को आर्थिक वृद्धिदर ७ प्रतिशतले हासिल हुने प्रक्षेपण गरेको छ । यो प्रक्षेपण दक्षिण एसियाका देशहरूको तेस्रो स्थान हो । छिमेकी देश भारत र बंगलादेशले क्रमश ७ दशमलव ५ तथा ७ दशमलव ३ प्रतिशतले आर्थिक वृद्धि गर्ने उल्लेख गरेका छन् । पछिल्लो समय पर्यटक आगमन बढेको तथा ठूला सिमेन्ट उद्योगहरूले उत्पादन थालेको हुँदा आर्थिक वृद्धिदर बढ्ने अनुमान गरिएको हो ।

## पाठक मञ्च

मानिसमा किन अपराध मनोवृत्ति बढ्दो छ ? (तीन हाइप्रोफाइल अपराध) यौन, धन र सौखले मानिसलाई अन्धो बनाउँदै लगेको छ । समाज नैतिकता पतनको बाटोमा छ । सामाजिक मूल्य-मान्यतालाई मानिसहरूले बिर्संदै गएका छन् । फोहोरी राजनीतिको प्रभाव समाज हुँदै परिवार अनि व्यक्तिसम्म पुगिसकेको छ । यो परिप्रेक्ष्यमा राज्यले नैतिक शिक्षालाइ अनिवार्य गर्नुपर्ने भएको छ ।

**पुष्पा मैनाली**

कलाकारले राम्रो सम्मान एवं पैसा पाउनुपर्छ । (चर्चा पारिश्रमिकको) कति समय लाग्छ, कति मेहनत, त्यसको मूल्यांकन हुनुपर्छ तर दाम हेरेर भन्दा राम्रो स्कृप्ट हेरेर काम गर्नु उपयुक्त होला ।

**संगीत समर्पण**

स्वर जति मीठो छ कुलेन्द्रको मान्छे त्यति नै ह्यान्डसम र मिलनसार छन् भन्ने सुनेको छु । (स्टेजमा एक्लै भएको छु) आगामी दिनमा कुलेन्द्रबाट नयाँ-नयाँ जीवन्त गीत सुन्न पाइयोस् । धेरै कलाकार एउटा चर्चित गीत दिएर हराएका छन् । उनको हकमा त्यस्तो नहोस् ।

**विवेकचन्द्र ठकुरी**

नेपाली नयाँ वर्ष, अंग्रेजी नयाँ वर्षदेखि लिएर भएभरका पर्व बिदामा घुम्ने भनेकै पैसावाल र फुर्सदिलाहरू मात्र हुन् । (नयाँ वर्षमा कहाँ घुम्ने योजना छ ?) आफूलाई त दिनभर काम नगरी खान पुग्दैन । कुनै दिन पैसा कमाइएछ भने सबै थोक गरिन्छ ।

**रायन**

अहिले साहित्यिक जमघट काठमाडौंबाट मोफसलतिर सरेको छ । (सौराहामा साहित्यिक जमघट) चाहे लिट्रेचर फेस्टिभल पोखराको होस्, अक्षर साहित्य यात्रा रोल्पा वा सांग्रिला दार्जीलिङ लिट्रेचर फेस्टिभल होस् वा सौराहामा भएको मेडिकल लिट्रेचर फेस्टिभल । यसले मोफसलको साहित्यलाई ऊर्जा प्रदान गरेको छ ।

**प्रकृति वस्ती**

## मन

मानिसको उत्पत्तिसँगै शरीरमा राज गरी बसेको तर अझैसम्म वैज्ञानिकहरूले समेत पत्ता लगाउन नसेको रहस्यमय विषय हो– मन । हाम्रा पुर्खाहरूले मनको विषयमा धेरै खोजी गरे, धेरै वैज्ञानिकले वैज्ञानिक तवरबाट मन कहाँ हुन्छ भनी अनुसन्धानहरू गरे र त्यही अनुसन्धानमा अहिलेका नयाँ पुस्ताले पनि दियोमा तेल थपेझैं निरन्तरता दिने काम गरिरहेको छ । कतिपयलाई मन र मस्तिष्क भनेको एउटै हो भन्ने विश्वास पनि छ । मन र मस्तिष्क बीच हुने अन्तरद्वन्द्वले धेरैलाई ठीक-बेठीक के हो भन्ने छुट्याउन गाह्रो बनाएको हुन्छ । गाह्रो के मानेमा बनाएको हुन्छ भने मनबाट लिइएका निर्णय भावनामा बगेर अथवा भित्री आत्माले यही गर भन्छ, यही गर्छु भन्ने विश्वास पैदा गराउँछ तर मस्तिष्कले त्यसको ठीक विपरीत सोचेर, बुझेर वा यो गर्दा फाइदा हुन्छ वा घाटा, यो गर्दा तेरो भावी जीवन कहाँ हुन्छ भन्ने कुरा सोच्न बाध्य तुल्याउँछ ।

मन पनि बडो अचम्मको हुँदो रहेछ । कहिलेकाहीं बाटोमा छट्पटाउँदै हिँड्दा, कहिलेकाहीं भोकै हुँदा, कसैको सम्झनामा निथ्रुक्क पसिनाले भिज्दा, आकाशमा चरा जस्तै पंख फिँजाइ उड्न खोज्दा, जिउँदाको जन्ती र मर्दाको मलामी जाँदा सबै ठाउँमा आफूसँगै जाने छायाँभन्दा पनि गतिलो साथी मनले उज्यालोमा मात्र होइन, अँध्यारोमा पनि साथ निभाउने सामर्थ्य राख्छ ।

मनले अवास्तविक कुरालाई बिना कुनै लगानी भोग्न सक्ने बनाउन सक्छ । मनले रङ्गीन चित्रले भरिएको यो संसार भन्दा बाहिर सादा जीवनलाई जीवन्त तुल्याउन फूलमा सुगन्ध र फूलबुट्टा भर्न कल्पनाको शक्ति प्रदान गर्छ । अर्को अर्थमा भन्ने हो भने मन कल्पना शक्ति हो ...भित्री आत्माको खुल्ला पुस्तक हो, आफ्नो मनको अनुमति लिएर जो पनि त्यहाँ पुग्न सक्छ । आफ्नो छुट्टै सुनौलो संसारको निर्माण क्षण भरमै गर्न सक्छ र त्यसलाई क्षणभरमै भत्काउन पनिसक्छ । सहज रूपमा भन्ने हो भने मन मानिस स्वयं हो ।

**भरत खत्री**

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार a ptahil@ km g.o m.np वा visa.kafle@kmg.com.np मा पढाउनुहुन अनुरोध छ । उत्कृष्ठ विचारलाइ आगामी अंकमा स्थान दिनेछौं ।

# २०७५ लाई फर्केर हेर्दा

तस्विरहरु : कान्तिपुर फोटो विभाग




■ यो वर्ष बलात्कार र बलात्कारपछिको हत्या जस्तो जघन्य अपराधका समाचार देशभरिबाटै आइरहे । त्यस्ता अपराधमा सबैभन्दा चर्चामा महेन्द्रनगर, कञ्चनपुरकी निर्मला पन्तको बलात्कार पछिको हत्या रह्यो । साउन १० गते घटेको उक्त घटनाको विरोधमा देशैभरि विरोध र्‍याली तथा सभाहरू भए ।



■ माओवादी जनयुद्धको बेलाको सबैभन्दा चर्चित हत्या रामेछापका उज्जन श्रेष्ठका हत्यारा भनिएका तत्कालीन नेकपा माओवादीका नेता बालकृष्ण ढुंगेल सर्वोच्च अदालतको आदेशमा जेठ १४ गते रिहा भए ।



■ टीकापुर घटनाका मुख्य अभियुक्त भएको अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका रेशम चौधरीले पुस १९ गते सिंहदरबार पुगेर सांसद पदको शपथ लिए भने वर्षको अन्त्यतिर न्यायालयले उनलाई दोषी ठहर गर्‍यो ।



■ भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यो वर्ष दुई पटक (पहिलो पटक वैशाख २८ गते जनकपुर र मुक्तिनाथ तथा दोस्रो पटक भदौ १५ गते बिम्स्टेक सम्मेलनका लागि) नेपाल भ्रमण गरेर नेपालप्रतिको आफ्नो चासो व्यक्त गरे । यसै क्रममा भारतीय प्रधानमन्त्री मोदीले बहुप्रतिक्षित अरुण तेस्रो जलविद्युत् आयोजनाको शिलान्यास गर्न पनि भ्याए ।




■ नेपाल सरकारले सञ्चालन गर्ने नेपालको अहिले सम्मकै सबैभन्दा ठूलो योगदानमा आधारित सामाजिक सुरक्षा योजना यही वर्ष मंसिर ११ गते सार्वजनिक गरियो ।




# २०७५ लाई फर्केर हेर्दा





■ नेपालमा औद्योगिक तथा व्यवसायिक क्षेत्रमा लगानी गर्ने वातावरण छ भन्दै सरकारले चैत १५/१६ गते लगानी सम्मेलनको आयोजना गर्‍यो ।



■ असारको तेस्रो साता काठमाडौं उपत्यकाले अभूतपूर्व बाढीको सामना गर्नुपर्‍यो । अवस्थित सहरीकरण तथा नदी क्षेत्रको अनधिकृत दोहनका कारण त्यस्तो बाढीको प्रकोप देखिएको पर्यावरणविदहरूले दाबी गरे ।



■ विगत ३ दशकदेखि चर्चामा रहेको काठमाडौं उपत्यकाका लागि खानेपानी सुलभ गराउने मेलम्ची खानेपानी आयोजनाले भोलि-भोलि भन्दाभन्दै यो वर्ष पनि उपत्यका बासीलाई खानेपानी उपलब्ध गराउन सकेन । बरु उक्त आयोजनामा कार्यरत इटालियन ठेकेदारले सम्झौता भंग गर्दै काम नै छाड्यो । उक्त आयोजनाको सुरुङ निर्माण भने यही वर्ष पूरा भएको छ ।



■ मुलुककी चर्चित चलचित्र अभिनेत्री करिश्मा मानन्धरले ४५ वर्षको उमेरमा माध्यमिक शिक्षा परिक्षा (एसईई) मा सहभागिता जनाएर शिक्षाका लागि उमेर बाधक हुदैन भन्ने सन्देश दिइन् ।



■ अध्ययनका लागि विदेश पुगेका नेपाली छात्राहरूको सन्दर्भमा आपत्तिजनक टिप्पणी गरेपछि तत्कालीन कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री शेरबहादुर तामाङले साउन ८ गते राजीनामा दिनुपर्‍यो ।



■ धुलोको प्रचुरताका लागि संसारभर कुख्यात हुँदै गएको काठमाडौंका सडक बढार्न काठमाडौं महानगरपालिकाले अत्याधुनिक ब्रुमर भित्र्यायो ।



■ मुलुकमा बेरोजगारीको स्थिति भयावह छ भन्ने कुरालाई फागुन १९ गते कोरिया सरकारले नेपाली कामदारका लागि सञ्चालन गरेको इपिएस रोजगार प्रणालीमार्फत कोरिया जान चाहने नेपालीहरूको भीडले एक पटक फेरि प्रमाणित गर्‍यो ।





■ यो वर्ष नेपालमा विदेशका दुई प्रतिष्ठित खेलाडीको आगमनले विशेष चर्चा पायो । तीमध्ये एक थिए विश्व शारीरिक सुगठनका ठूलो नाम रोली विङ्लार, नेदरल्यान्डका नागरिक विङ्लार फागुन ६ गते काठमाडौंमा थिए । त्यसैगरी बेलायतका लागि ५ वटा ओलम्पिकमा ५ स्वर्ण पदक जित्ने रोइङकी खेलाडी क्याथरिन ग्रेनगर पनि चैत १९ गते काठमाडौं आइपुगेकी थिइन् ।

# २०७५ लाई फर्केर हेर्दा




■ नेपालमा पनि पशुप्रेमीहरू पशु हिंसाविरुद्ध साउन २६ गते सार्वजनिक रूपमा सडक आन्दोलनमा देखापरे ।




■ माघको अन्तिम सातादेखि फागुनको पहिलो सातासम्म मुलुकमा भएको व्यापक हिमपातले दशकौं पुरानो कीर्तिमान भंग गर्‍यो ।




■ तराईमा लामो समयदेखि पृथकतावादी आन्दोलनको नेतृत्व गरिरहेका चन्द्रकान्त राउत (सिके राउत) फागुन २४ गते नेपालको संविधान स्वीकार गर्दै मूलधारको राजनीतिमा फर्किए । सिके राउतको राजनैतिक अवतरणपछि मधेसको राजनीतिमा नयाँ तरंग देखापर्‍यो ।



■ सत्तारूढ नेकपा एमाले र उसको सहयोगी नेकपा माओवादीबीच जेठ २ गते पार्टी एकीकरण भयो । त्यसपछि उक्त पार्टी नेपाल कम्युनिस्ट पार्टीका रूपमा अस्तित्वमा आयो ।



तस्बिर : रासस

■ त्यसो त यो वर्ष मुलुकमा साना-ठूला हवाइ दुर्घटनाहरू भैरहे । तीमध्ये सबैभन्दा चर्चामा रहयो फागुन १५ गते ताप्लेजुङमा भएको हेलिकप्टर दुर्घटना । ७ जनाको मृत्यु भएको उक्त दुर्घटनामा पर्यटन मन्त्री रवीन्द्र अधिकारीले समेत ज्यान गुमाउनु पर्‍यो ।



■ मुलुकमा चेतनाको स्तर कति हदसम्म विकसित भएको छ भन्ने कुराको सन्देश दिंदै अपाङ्ग नागरिकहरू पनि आफ्नो हक र सुविधाका लागि सडकमा ओर्लिए । उनीहरू काठमाडौं उपत्यकाको सडक अपाङ्गमैत्री नभएको भन्दै सडकमा लगाइएको छेकवार भत्काउन चैत १४ गते आफैं सडकमा देखा परेका थिए ।



■ पुस १८ गते मुलुकले नयाँ प्रधानन्यायाधीशका रूपमा चोलेन्द्रशमशेर राणालाई पायो ।



■ संसारभर नै यौन हिंसाविरुद्ध मी टु अभियान चलिरहेका बेला त्रिभुवन विश्वविद्यालयका एक प्राध्यापक तथा ललितपुर माध्यमिक विद्यालयका एक शिक्षकविरुद्ध पीडित छात्राहरू न्यायको माग गर्दै सार्वजनिक भए ।



■ भदौ १ गते केही प्रदर्शनकारी नग्न रूपमा सडकमा देखा परे ।



■ भूकम्प गएको तीन वर्षपछि वैशाख ११ गते राष्ट्रले भूकम्पले ढालेको धरहरा बनाउने प्रण गर्‍यो ।

# २०७५ लाई फर्केर हेर्दा



■ चैत १८ गते तराईका दुई जिल्ला बारा र पर्सामा मुलुकले ५० वर्षयता नबेहोरेको हावाहुरी आयो, जसले विनाशकारी बितण्डा मच्चायो ।




■ लामो समयदेखि आफ्ना छोराको हत्याराविरुद्ध कारबाहीको माग गर्दै आएकी र त्यसका लागि भोक हड्ताल गरिरहेकी गंगामाया अधिकारीले आफ्नो भोक हड्ताल टुङ्ग्याइन ।



■ ३३ किलो सुन तस्करी काण्डका कथित अभियुक्त चूडामणि उप्रेतीलाई पक्राउ गरेर प्रहरीले जेठ ८ गते सार्वजनिक गऱ्यो ।



■ एसईई परीक्षाका लागि तयार गरिएको प्रश्नपत्र प्रदेश नम्बर २ को सप्तरीबाट परीक्षा हुनु अगावै बाहिरिएपछि संवेदनशील विषयको सुरक्षाप्रतिको सरकारी तयारी उदांगियो । स्थिति कतिसम्म भयावह देखियो भने उक्त परिक्षा नै रद्द गरेर नयाँ परीक्षा मिति तोक्नुपऱ्यो भने सम्बन्धित मन्त्री (गिरिराजमणि पोखरेल, शिक्षामन्त्री) ले सार्वजनिक रूपमै सरकारको कमजोरी स्वीकार गर्नुपऱ्यो ।



■ पटक-पटक भोक हड्ताल गरेर चर्चामा आएका डा. गोविन्द केसीले यो वर्ष १६ औं पटक भोक हड्ताल गरे । यसैगरी सरकारको नीतिको विरोध गर्दै मुलुकका चिकित्सकहरूले सडकमार्फत आफ्नो असन्तुष्टि जाहेर गरे । वर्षको अन्त्यमा चिकित्सकहरूले सरकारको समायोजनसम्बन्धी नीतिको विरोध गर्दै सरकारी अस्पतालहरू ठप्प पारे ।



■ भदौ ६ गतेदेखि सार्वजनिक यातायातका चालक तथा सहचालकका लागि ड्रेसकोड लागू गरियो ।



■ अघिल्लो वर्ष भूकम्पपीडितका लागि आवास निर्माण गरेर चर्चामा आएका कलाकार दम्पती सीताराम कट्टेल (धुर्मुस) र कुञ्जना घिमिरे (सुन्तली) यो वर्ष वीर अस्पतालको सफाइ र चितवनमा गौतम बुद्ध रंगशाला निर्माणका लागि पहल गरे ।



■ पुस १६ गते नेपालले पृथ्वीको बढ्दो तापक्रमका विरुद्ध काम गर्ने संकल्प गर्दै सिन्धुपाल्चोकको गुफा डाँडामा क्षेत्रीय सम्मेलनको आयोजना गरी पर्यावरणीय सन्तुलनका लागि आफ्नो अठोट व्यक्त गऱ्यो ।



■ मंसिर २६ गते काठमाडौंले विवादास्पद एसिया प्यासिफिक सम्मेलन सम्पन्न गऱ्यो ।



■ नेपालको संविधान २०७२ जारी भएपछि पहिलोपटक सरकारले नेत्रविक्रम चन्दले नेतृत्व गरेको नेकपा (माओवादी) माथि राजनीतिक गतिविधि गर्न नपाउने गरी प्रतिबन्ध लगायो ।




■ यो वर्ष आमाको नाममा सजिलैसँग नागरिकता पाउनुपर्छ भन्ने आन्दोलनले एकपटक फेरि चर्चा पायो । त्यसका लागि सम्बन्धित सरोकारवालाहरूले माघ २५ गते काठमाडौंमा विरोध प्रदर्शन गरे ।

# नयाँ वर्ष मनाउनेहरू पोखरामा



राजाराम पौडेल

अंग्रेजी नयाँ वर्ष तामझामका साथ मनाइने पोखरामा नेपाली नयाँ वर्ष आउँथ्यो, जान्थ्यो । यसलाई त्यति महत्व दिइँदैनथ्यो । यसले पोखराका पर्यटन व्यवसायीहरूलाई चिन्ता हुन थाल्यो । आफ्नो संस्कृति संरक्षण गर्दै नेपाली नयाँ वर्षलाई प्राथमिकता दिनुपर्छ अनि मात्र विदेशी पर्यटकले नेपालको कला संस्कृतिका बारेमा थाहा पाउनेछन् । यस्तै सोचका साथ पोखरामा नेपाली नयाँ वर्ष मनाउने क्रमको सुरुवात भयो । यसको श्रेय पश्चिमाञ्चल होटल संघलाई जान्छ । संघले १५ वर्षअघि फेवा नववर्ष महोत्सवको आयोजना गरेर पोखरामा नेपाली नयाँ वर्ष मनाउने क्रमको थालनी गऱ्यो जसले अहिलेसम्म निरन्तरता पाइरहेको छ । यसले विस्तारै आन्तरिक पर्यटकको मन जित्दै गयो । फलस्वरूप पोखरा अहिले नेपाली नयाँ वर्ष मनाउनेहरूको हब बन्न थालेको छ ।

नयाँ वर्षको अवसरमा पोखरा घुम्न आउने पर्यटकलाई सन्तुष्ट तुल्याउन यहाँका व्यवसायीको मेहनत उस्तै हुन्छ । पोखरा अनि आसपासमा रहेका साधारण गेस्ट हाउसदेखि तारे होटलसम्मले नेपाली नयाँ वर्षलाई विशेष बनाउन प्याकेज उपलब्ध गराउँछन् ।

नयाँ वर्ष मनाउन पोखरा आउने पर्यटक कास्की तथा छिमेकी जिल्लाका होम स्टेमा पुगेर ग्रामीण बस्ती हेर्दै रमाउँछन् । नयाँ वर्षको उपलक्ष्यमा पोखरा आउनेहरू धम्पुस, घान्द्रुक, पञ्चासे, ल्वाङघलेल, सिक्लेस, मुस्ताङ-मुक्तिनाथ, सिरुवारी, घोरेपानी, पुनहिल, अन्नपुर्ण बेसक्याम्प आदिसम्म पुग्छन् ।

साहसिक खेल प्याराग्लाइडिङ, बञ्जिजम्प, क्यानोनिङका अतिरिक्त ट्रेकिङ जानेहरू पनि प्रशस्तै हुन्छन् । यो लालीगुराँस फुल्ने समय भएकाले लालीगुराँस फुल्ने रुटमा ट्रेकिङ जानेहरूको संख्या बढी हुन्छ ।

यसका अतिरिक्त विभिन्न कार्यक्रमको माध्यमबाट समेत नयाँ वर्षको स्वागतमा रमाउने वातावरण मिलाइन्छ । नेपाली नयाँ वर्षको अवसरमा पश्चिमाञ्चल होटल संघको आयोजनामा सोह्रौं फेवा नववर्ष महोत्सव आज चैत २९ गतेदेखि वैशाख १ गतेसम्म कोमागाने पार्क लेकसाइडमा सञ्चालनमा आउँदैछ । महोत्सवको आर्कषणमा सांस्कृतिक प्रस्तुति, लोकदोहोरी, पप कन्सर्ट, हास्य प्रहसन, बालउद्यान आदि रहनेछन् । यहाँ नेपाली खानेकुरालाई प्राथमिकता दिइएका स्टलसमेत हुनेछन् । 'नेपाली परिकार प्रवर्द्धन गर्ने उद्देश्यअनुरूप चलनचल्तीका नेपाली परिकारका स्टल त्यहाँ हुनेछन्, पश्चिमाञ्चल होटल संघ पोखराका अध्यक्ष विकल तुलाचनले बताए । यो महोत्सव संस्कृति, खाना एवं संगीतमा केन्द्रित रहेनछ ।

अहिले पोखरा पुग्ने पर्यटकमा ६० प्रतिशत आन्तरिक पर्यटक हुने गरेका छन् । त्यसैले नेपाली नयाँ वर्षलाई लक्षित गरेर डान्स, फेसन शो तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना हुने क्रम बर्सेनि बढ्दै गएको छ ।

नयाँ वर्ष मनाउन पोखरा आउने आन्तरिक पर्यटकका लागि पश्चिमाञ्चल होटल संघ पोखराले चार प्रकारका प्याकेज ल्याएको संघका अध्यक्ष विकल तुलाचनले बताए । जसमा घुमघाम, शैक्षिक भ्रमण तथा 'हनिमुन' का दुई गरी चारवटा प्याकेज छन् । वैशाखको पहिलो सातासम्म संघसँग आबद्ध होटलमा उक्त प्याकेजको सुविधा प्राप्त गर्न सकिनेछ ।

यसअन्तर्गत शैक्षिक भ्रमण प्याकेजका लागि प्रतिव्यक्ति १ हजार ७ सय ७० रुपैयाँ लाग्नेछ । यो ब्रेकफास्टसहित दुई रातको प्याकेज हो । विद्यार्थीलाई मात्र उपलब्ध गराइने यो प्याकेजअन्तर्गत आधा दिन दृश्यावलोकन र एक घण्टा डुंगा सयर गर्न पाइन्छ । यो सुविधा लिन कम्तीमा ४० जना विद्यार्थीको समूह हुनुपर्नेछ ।

घुमघाम प्याकेजमा बस्ने पाहुनाले विमानस्थल अथवा बसपार्कदेखि होटलसम्म आउजाउको सुविधा, वेलकम ड्रिंक्स तथा दुई जनाका लागि डबल वेडसहितको कोठा पाउनेछन् । साथमा ब्रेकफास्ट, आधा दिन पोखरा आसपास दृश्यावलोकन तथा फेवातालमा एकघन्टा डुंगा सयर गर्न पाइनेछ । 'घुमघाम' प्याकेजका लागि प्रतिव्यक्ति २ हजार ९ सय ९० रुपैयाँ लाग्नेछ ।

हनिमुन मनाउन आउने जोडीका लागि संघले दुईवटा प्याकेज ल्याएको छ । दुवै प्याकेजमा विमानस्थल अथवा बसपार्कबाट होटलसम्म ल्याउने र पुऱ्याउने सुविधा उपलब्ध हुनेछ । दुई रात बसाइसहित ब्रेकफास्ट, डिनर, आधा दिनको दृश्यावलोकन तथा एक घण्टा डुंगा सयर गर्न पाइन्छ । यो प्याकेजका लागि प्रतिव्यक्ति कम्तीमा ३ हजार ५ सय ५० रुपैयाँ खर्च गर्नुपर्नेछ ।

अल्ट्रालाइट वा प्याराग्लाइडिङ वा बञ्जिजम्प गर्न पाइने सुविधा थप हुने अर्को हनिमुन प्याकेजका लागि प्रतिव्यक्ति कम्तीमा ९ हजार ९ सय ९० रुपैयाँ खर्च गर्नुपर्छ ।

# नयाँ वर्षको आगमन कहाँ कसरी ?

त्रिचन्द्र प्रतीक्षा

विश्वका प्रायः सबै मुलुकमा इस्वी सन्का आधारमा जनवरी १ तारिखदेखि नयाँ वर्ष सुरु भएको मानिन्छ । नेपाली पात्रो अनुसार वैशाख १ गतेदेखि नयाँ वर्ष सुरु भएको मानिन्छ भने यसलाई मेष संक्रान्तिको नामले समेत चिनिन्छ ।

नयाँ वर्ष मनाउने चलन कहिलेदेखि चल्यो भन्ने कुरा यकिन नभए पनि एक अनुमानअनुसार पृथ्वीमा जतिबेलादेखि समयको गणना वर्षमानका आधारमा गर्न थालियो त्यही बेलादेखि नयाँ वर्ष मनाउने परम्परा चलिआएको पाइन्छ ।

हरेक देश र समाजको जातीय परम्परा एवं मान्यताअनुसार नयाँ वर्ष मनाउने समय र तरीका भिन्दभिन्दै भए अनुसार हाम्रो देशमा बिहान सबेरै उठी तीर्थस्थल वा जलाशयमा गएर नुहाई-धुवाई गरी विभिन्न देवस्थल वा शक्ति पीठको दर्शन पूजन गरी चराचर जगत्को मंगल कामना गर्दै नयाँ वर्ष मनाइएको पाइन्छ । यस दिन भक्तपुरमा लाग्ने विस्केट जात्रा र काठमाडौंको टोखास्थित सपनतीर्थमा लाग्ने मेला महत्वपूर्ण मानिन्छन् ।

## विश्वका केही देशमा

रोमन ग्रिक इन्साइक्लोपेडियामा हर्ष र उमङ्गका साथ नयाँ वर्ष मनाउने परम्परा भएको कुरा उल्लेख छ । त्यसैगरी ब्रिटिस म्युजियम लन्डनको एक अरबी शोध पत्रअनुसार हजारौं वर्ष पूर्व नाइल उपत्यकाको सभ्यताका मानिसहरू नयाँ वर्षको पूर्वसन्ध्यामा सामूहिक भोजको आयोजना गर्थे भने बेलायतको अर्को एउटा पुरानो ऐतिहासिक ग्रन्थअनुसार त्यहाँका केही आदिवासी नयाँ वर्षको अघिल्लो दिन एकै ठाउँमा जम्मा भएर आ-आफ्नो इष्टदेवता विशेष गरी सूर्यको पूजा गरेर नयाँ वर्ष मनाउँथे ।

यस्तै स्कटल्यान्ड-आयरल्यान्ड तथा त्यसवरिपरिका क्षेत्रमा नयाँ वर्षका दिन कालो केश हुने पुरुष तथा महिलालाई सम्मान गरिन्छ । त्यहाँका बासिन्दाहरू यस दिन कालो कपाल हुने पुरुष तथा महिलालाई साक्षात् देवताको दूत मान्छन् । नयाँ वर्षको दिन विशेषतः अग्लो र कालो केश भएका पुरुष तथा महिलाको आफ्नो घरमा प्रवेशलाई शुभ प्रतिक मानिन्छ । नयाँ वर्षको प्रभातमा कालोवर्णका मानिस वा कालो वस्तुलाई देखे शुभ हुन्छ भन्ने उनीहरूको मान्यता छ ।

जापानमा नयाँ वर्षका बेला घर वरिपरि रूखबिरुवा सजाउनुका साथै शुद्ध जल पिइन्छ, जसलाई 'नव जात जल' भनिन्छ । जल पिउँदा आयु वृद्धि तथा आरोग्यता प्राप्त हुन्छ भन्ने विश्वास जापानीहरूमा छ । जापानीहरू यही दिन मान्यजनबाट आशिष लिने र ऋण चुक्ता गर्ने कामसमेत गर्छन् । यस दिन चंगा उडाइन्छ भने स-साना बालबालिकाहरूको अक्षरारम्भ गर्न पनि नववर्षलाई नै शुभ मानिन्छ । जापानीहरू यसलाई 'याबुरी' भन्छन् ।

चीनमा रातभर जाग्राम बसेर आमा, बाबु तथा गुरुप्रति आदर भाव व्यक्त गरी आशिर्वाद लिनुका साथै विशेष भोजन ग्रहण गर्ने चलन छ भने नयाँ वर्ष प्रारम्भ हुनुभन्दा एक हप्ता अगावै विभिन्न किसिमका पटाका पट्काइन्छ । चिनियाँहरू भान्साको देवताका साथै पछिल्लो वर्षलाई बिदा दिएर फेरि त्यो देवताको आगमन भएको भन्दै नयाँ वर्षको स्वागतमा दीपदानद्वारा गर्छन् ।

थाइल्यान्डसँगै सम्पूर्ण दक्षिण-पूर्व एसियाली मुलुकका निवासीहरू आ-आफ्नो घर सफा-सुग्घर गरी घरघरमा दियो बालेर नयाँ वर्षको स्वागत गर्छन् । त्यहाँ बौद्ध मन्दिरहरूमा गएर प्रार्थना गर्नुका साथै भिन्न-भिन्न प्रकारका खानेकुरा खाएर-खाएर नयाँ वर्ष मनाइन्छ । बर्मामा नयाँ वर्षको उत्सवलाई 'विजान' भनिन्छ । त्यहाँ घर तथा टोल सजिसजाउ पारेर आफन्तहरू भेटघाट गर्दै एकसाथ खाना खाएर शुभकामना व्यक्त गरिन्छ । उक्त दिन शान्ति एवं सद्बुद्धि प्राप्तिका लागि भगवान बुद्धको पूजा गर्ने चलन छ ।

कोरियामा नयाँ वर्षका दिन कन्याहरूलाई श्रृंगार पटार गरी गाउँका मुखियाको अगाडि नचाइन्छ । त्यसपछि मुखियाले उनीहरूलाई आफूले चाहेको वरसँग विवाह गर्ने अनुमति दिन्छन् । त्यतिबेला ती मुखियाले गाउँका राजाको प्रतिनिधित्व गर्ने विश्वास लिइन्छ । त्यसपछि गाउँमा अर्थात् कन्याले चाहेको वर वरण गरिसकेपछि त्यहाँ पुनः सामूहिक नाचको आयोजना गरिन्छ ।

मेक्सिकोमा नयाँ वर्षको दिन चर्चहरूमा सामूहिक विवाहको आयोजना गरिन्छ भने ल्याटिन अमेरिकाको एक जनजाति विशेषमा आफूलाई मन नपरेको जीवनसाथी भए उसलाई छोडपत्र दिई नयाँ जीवनसाथी छानिन्छ । उता, इरान र इराक सहित अरब देशहरूमा नयाँ वर्षको आगमन उत्सवलाई 'नौरोज' भनिन्छ । गहुँ तथा जौको हरियो अंकुरा भएको भाँडाको वरिपरि ऐना, फूल, मैनबत्ती तथा रोटी राखिन्छ । यी चीजलाई त्यहाँ शुभ संकेतका रूपमा लिइन्छ । त्यहाँ राति दियो बालेर त्यसको प्रकाशमा उत्साहपूर्वक रमाइलो गरिन्छ ।

भ्याटिकन सिटीमा आज पनि क्रिसमसपछि नयाँ वर्ष नै हर्षोल्लासपूर्वक मनाइन्छ । भ्याटिकनहरू नयाँ वर्ष मनाउने क्रममा पहिलो दिन बिहान आकाशमा सेता परेवाहरू उडाएर तथा एउटा ठूलो केक काटेर भ्याटिकन सिटीको चर्चको परिसरमा केक बाँड्छन् । यस्तै, जर्मनीमा नयाँ वर्षको उत्सव मनाउने क्रममा पानीले भरिएको धातुको भाँडामा मुद्रा खसाएर त्यसको आकृतिलाई नियालेर भविष्यवक्ताहरूले विभिन्न प्रकारका भविष्यवाणी गर्छन् । त्यस क्रममा उनीहरू मिठाई पनि खान्छन् ।

फ्रान्समा नयाँ वर्षलाई वसिली दिवसका रूपमा मनाउने चलन छ भने पोर्चुगलमा साँढे जुधाएर रमाइलो गरिन्छ । अस्ट्रेलियामा स्वर्ण मुद्रा, ब्रस, चिम जस्ता वस्तुहरू आदान-प्रदान गरिनुका साथै अन्य उपहारहरू साटासाट गरेर नयाँ वर्ष मनाइन्छ । यस्तै अमेरिकामा नयाँ वर्षमा अभिनन्दन समारोह आयोजित गर्ने चलन छ । न्युजिल्यान्डमा ब्रिटिस परम्परा अनुसार नयाँ वर्ष मनाइन्छ । त्यहाँ उक्त दिन शुभकामना पत्र आदान प्रदान गर्नुका साथै अनेक किसिमको उत्सव मनाउने परम्परा पनि छ ।

# २०७६ का पाँच संकल्प

## सीताराम कट्टेल
सामाजिक अभियान्ता

- नेपाल सरकारको सरसफाइ दूत भएकाले वर्ष २०७६ भर सरसफाइको एजेन्डालाई प्रभावकारी रूपमा अगाडि लिएर जाने ।
- पुनर्निर्माण दूत भएका नाताले पुनर्निर्माणसम्बन्धी काम-कारबाही अघि बढाउन सरकारलाई दबाब दिने तथा पुनर्निर्माणमा सक्रिय सहभागिता जनाउने ।
- बालमैत्री अभियानको समेत अभियन्ता भएकाले सिंगो देशलाई बालमैत्री बनाउन पहल गर्ने ।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण अभियान तीव्रताका साथ अघि बढाउने ।
- जस्तोसुकै विपद्मा पनि मानवीय धर्म निर्वाह गर्न सक्रिय हिसाबमा अघि बढ्ने । आफ्नो पेसासँग सम्बन्धित कामलाई निरन्तरता दिने । सम्भव भएसम्म ठूलो पर्दाको चलचित्र निर्माण गर्ने ।

## प्रदीप खड्का
अभिनेता

- शारिरीक तन्दुरुस्तीमा बढी ध्यान दिनेछु ।
- डान्स तथा मार्सल आर्टको तालिम लिनेछु ।
- थुप्रै देश घुम्ने योजना बनाएको छु ।
- यो वर्ष मेरा कुनै पनि नयाँ चलचित्र प्रदर्शनमा आउने छैनन् ।
- सामाजिक कार्यमा सकेसम्म सहभागिता जनाउनेछु ।

## पशुपति शर्मा
लोकगायक

- देश-विदेशका सांगीतिक कार्यक्रममा व्यस्त रहनेछु ।
- फरक विषयवस्तुमा आधारित व्यंग्यात्मक गीत सिर्जनालाई निरन्तरता दिनेछु ।
- लोकसंगीतका लागि २० वर्षदेखि दुःख गरिरहेको छु । लोकसंगीतलाई कसरी बचाउने, परिष्कृत गर्ने र यसमा देखिएका विकृतिहरू कसरी न्यूनीकरण गर्ने भन्ने विषयमा विषयमा अध्ययन गर्नेछु ।
- पछिल्ला वर्षहरूमा अध्ययनमा कमी आएकाले अध्ययनमा पनि ध्यान दिनेछु ।
- साहित्यतर्फ (गजल, कविता तथा उपन्यास) पनि कलम चलाउने योजना बनाएको छु ।

## मनिता देवकोटा
मिस नेपाल युनिभर्स

- स्वदेशका धेरैभन्दा धेरै ठाउँ घुम्ने योजना छ ।
- महिला तथा बालबालिकाको सशक्तीकरणका लागि सामाजिक कार्यलाई निरन्तरतासँगै मानवताका लागि समय दिनेछु ।
- मेरो व्यक्तिगत ब्लग manuabode.com लाई स्थापित गर्ने काममा लाग्नेछु ।
- आफूलाई उत्कृष्ट स्वरुपमा ढाल्न आफैंमा धेरैभन्दा धेरै मेहनत गर्नेछु ।



पशुपति शर्मा

## शान थापा
म्युजिक भिडियो निर्देशक

- २०७५ मा बाँकी रहेका केही भिडियो जेठसम्म सक्नेछु ।
- टौवा क्रियसनलाई अझ परिवर्तन गर्दै फिल्मको कामलाई निरन्तरता दिनेछु ।
- एउटा फिल्म निर्देशन गर्ने तयारी गर्दैछु, जुन २०७७ मा रिलिज हुनेछ । उक्त चलचित्र पूर्ण रूपमा लभस्टोरीमा आधारित हुनेछ ।
- एउटा आर्ट मुभीको स्क्रिप्ट सक्दैछु, जुन मुभीमा विदेशीले लगानी गर्दैछन्, त्यसको तयारी पनि सक्नुपर्नेछ । यो चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने सोच छ ।
- आफ्नै एउटा नयाँ बिजनेस पनि सुरु गर्दैछु जुन नितान्त फरक खालको हुनेछ, हाम्रो मनोरन्जन इन्डष्ट्री बाहिरको बिजनेस ।

## रवि वड
नेपाल आइडल

- २०७६ मा चलचित्रको पार्श्व गायनमा व्यस्त हुनेछु ।
- वर्ल्ड टुरका लागि अमेरिकामा जाँदैछु, त्यहाँ धेरै कुरा सिक्ने योजना बनाएको छु ।
- आफ्नो अध्ययनलाई पनि समय दिनेछु ।
- आफ्ना गीतको संख्या बढाउनेछु ।
- पर्यटन बोर्डको सहकार्यमा नेपाल भ्रमण वर्ष-२०२० मा नेपालका सातै प्रदेशको प्रचार-प्रसार हुने एउटा सांगीतिक अभियानलाई मूर्त रूप दिनेछु । सुदूरपश्चिम प्रदेशका पर्यटकीय क्षेत्रको प्रमोट हुने गीत पनि तयार पार्नेछु ।



प्रदीप खड्का



सीताराम कट्टेल



शान थापा



मनिता देवकोटा



रवि वड




■ मीरा राई



■ हरि लम्साल

## मीरा राई
खेलाडी

- जतिसक्दो चाँडो रिकभरीबाट ब्याक हुनेछु।
- यो वर्ष सकेजति अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनेछु।
- मीरा राई इनिसिएटिभबाट पाँच जना बहिनीलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि तयार पार्नेछु।
- अन्नपूर्णमा अन्तर्राष्ट्रिय स्तरको म्याराथन हुँदैछ, त्यो काममा सहयोग पुऱ्याउनेछु।
- नेपालभरि ट्रेल रनिङलाई प्रमोट गर्नेछु।

## हरि लम्साल
संगीतकार

- सिर्जना र गीत संगीतमै व्यस्त रहनेछु।
- संगीतकारका रूपमा काम गरिरहेको छु केही गीत आफ्नै श्वरमा रेकर्ड गराउने योजनामा छु।
- चलचित्र तथा एल्बमका काममा अझ बढी लागिपर्नेछु।
- फरक किसिमको काम गर्ने तथा मेलोडियस संगीतमा केही फरक गरेर देखाउनेछु।
- आउने वर्ष फरक धारका गीतका साथ आउने सोचमा छु।




■ शिल्पा मास्के



■ मेलिना राई

## शिल्पा मास्के
अभिनेत्री

- थप चलचित्रमा काम गर्ने प्रयास गर्नेछु।
- थिएटरमा पनि काम गर्नेछु।
- फिटनेसमा उत्तिकै ध्यान दिनेछु।
- नयाँ र नगएका ठाउँहरू घुम्ने योजना बनाएकी छु।
- आफ्नो क्षेत्रबाट नेपाली फिल्म इन्डष्ट्रीमा राम्रो योगदान दिने प्रयास गर्नेछु।




■ टेकेन्द्र शाह



■ मीनराज वसन्त

## मेलिना राई
गायिका

- २०७५ सालमा भएका भूल र कमजोरी सुधार्ने।
- ड्राइभिङ सिक्ने।
- बहिनी जुनु राईलाई आफ्ना तर्फबाट एउटा सोलो गीत गिफ्ट गर्ने।
- अझै धेरै र फरक शैलीका गीत गाउने।
- व्यवसाय एवं समाजसेवातिर पनि लाग्ने।

## मीनराज वसन्त
साहित्यकार

- दूध चियाको धेरै अम्मली भइयो। नयाँ वर्षदेखि दूध चिया छोड्ने विचार गर्दैछु।
- एउटा लेखक जतिबेला पनि सामाजिक सञ्जालमा 'अभाइलेबल' हुनु लेखनका हिसाबले फाइदाजनक कुरा होइन। त्यसैले सामाजिक सञ्जाललाई निश्चित समय मात्र दिनेछु।
- वर्ष २०७६ मुख्यत: मेरो अध्ययनमा केन्द्रित हुनेछ। साथसाथै, घुमघाम र विभिन्न शिविर पनि गर्नेछु।
- फोटोग्राफीको ठूलो सोख छ। एउटा गतिलो क्यामेरा किनेर फोटोग्राफी पनि सुरु गर्नेछु।
- २०७६ मै आफ्नो तेस्रो उपन्यासका लागि रिसर्चको काम गर्नुपर्नेछ, जसलाई पूरा गर्नेछु।



■ सुहाना थापा


## टेकेन्द्र शाह
म्युजिक भिडियो निर्देशक

- विदेश घुमघामको योजना छ। यो वर्ष सम्भवत: तीन-चारवटा देश पुग्नेछु।
- रेड ड्रयागन क्यामेरा किन्ने योजना बनाएको छु।
- एडिटिङ तथा निर्देशकीय कामलाई थप विस्तार गर्नेछु।
- रामारोशन डकुमेन्ट्री निर्माण गरेर रामारोशन क्षेत्रको प्रमोसन गर्नेछु भने दुईवटा देउडा गीत रेकर्ड गरेर म्युजिक भिडियो निर्माण गरी सुदूरपश्चिमको स्थानीय संस्कृतिको प्रमोशन गर्नेछु।
- अहिलेको स्टुडियोलाई अत्याधुनिक पोस्ट प्रोडक्सन स्टुडियोमा विस्तार गर्ने योजना छ।

## सुहाना थापा
अभिनेत्री

- भगवान् श्रीकृष्णका उपदेश जन-जनमा फैलाउने काम गर्नेछु।
- अटिजमको क्षेत्रमा क्रियाशील रहँदै अरू सामाजिक काममा समेत सक्रिय हुनेछु।
- आफ्नो ब्याचलर डिग्री पूरा गर्नेछु।
- 'पाँच रुपैयाँमा खाना' स्टार्टअपका लागि काम गर्नेछु।
- जति सक्छु राम्रो काम गर्ने प्रयत्नमा लाग्नेछु।


# जो इन्स्टाग्राममा मन पराइए



◆ अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले बिनाशिर्षक अपलोड गरेको यो तस्बिरलाई ४७ हजारभन्दा बढीले मन पराए ।




◆ अभिनेत्री एवं मोडल अदिती बुढाथोकीले समुद्रको तटमा 'कपाललाई घामको चुम्बन' शीर्षकमा पोस्ट गरेको तस्बिरलाई ५० हजार भन्दा बढीले रुचाए ।



◆ चीनको सान्यामा भएको मिस वर्ल्डको समापन समारोहमा मिस नेपाल श्रृंखला खतिवडाले आफूले लगाएको रातो गाउनका डिजाइनरलाई धन्यवाद दिँदै अपलोड गरेको यो तस्बिरलाई १ लाख ३० हजारभन्दा बढीले मन पराए ।



◆ हीराको गहना लगाएकी मिस नेपाल निकिता चाण्डकले आफ्नो इन्स्टाग्राममा एउटा अर्को क्लोजअप भन्दै पोस्ट गरेको तस्बिरलाई २१ हजारभन्दा बढीले मन पराएका थिए ।




◆ अभिनेता अनमोल केसीले कुकुर तिहारको दिन आफ्नो घरको गोलु मोलु कुकुरको पहिलो पटक पूजा गरेपछि खेलिरहेको अवस्थाको यो तस्बिरलाई ४२ हजारभन्दा बढीले लाइक गरेका थिए ।



◆ नेपाल, म मुस्कुराउँछु, तिम्रो मायाका लागि भन्दै अन्तराष्ट्रिय फेसन डिजाइनर प्रबल गुरुङले पाटनमा खिचेर अपलोड गरेको यो तस्बिर १० हजारभन्दा बढीले मन पराएका थिए ।



◆ जे कुरामा पनि सन्तुलन ल्याउन सकियो भने त्यहाँ खुसी प्राप्त हुन्छ भन्ने भनाइलाई सार्थक तुल्याउन अभिनेत्री प्रियंका कार्कीले अभिनेता आयुषमान देशराजसँग स्वीमिङ पुलमा एक्रोबेटिक गरेको यो तस्बिरलाई ५८ हजारभन्दा बढीले मन पराए ।



◆ जब म माथि हेर्छु चन्द्रमाले मतिर हेरिरहेको देख्छु भन्दै बलिउड अभिनेत्री मनीषा कोइरालाले आकाशतिर हेरेर खिचाएको तस्बिरलाई ४१ हजारभन्दा बढी व्यक्तिले मन पराए ।



अभिनेत्री रेखा थापाले खुसी र दुःखमा आत्मनिर्भर बन्न सिक, किनभने एक दिन यो वास्तविकता तिमीले देखेरै जानु छ भन्दै आफ्नो तस्बिरका साथ अपलोड गरेको स्ट्याटसमा १० हजारभन्दा बढीले रियाक्ट गरेका थिए भने यसलाई १ सय ६ जनाले सेयर गर्नुका साथै करिब ९ सय कमेन्ट गरेका थिए ।



बुटबलमा भएको नयाँ शक्ति नेपाल निकट मगर राष्ट्रिय परिषद् नेपालको भेलामा सहभागी हुँदै पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई तथा उनकी धर्मपत्नी हिसिला यमी । डा. बाबुराम भट्टराईले आफ्नो फेसबुक पेजमा पोष्ट गरेको यो तस्बिरले साढे तीन हजार रियाक्ट पाउनुका साथै यसलाई १ सय ७ जनाले सेयर तथा ३ सय ४० जनाले कमेन्ट गरेका थिए ।






मिस नेपाल २००२ माल्भिका सुब्बाले एकान्तकुनाबाट साढे ४ घन्टाको सवारी यात्राबाट पुगिने ललितपुरको गिम्दी स्कुलमा टिच फर नेपालको संयोजकत्वमा एक दिने कक्षा सञ्चालन गरिन् । १० कक्षामा अध्ययनरत विद्यार्थीलाई उनले सञ्चार एवं वक्तृत्वकलाको विषयमा प्रशिक्षण दिएपछि खिचिएको तस्बिर सुब्बाले आफ्नो फेसबुक पेजमा पोष्ट गरेकी थिइन् । उनको उक्त तस्बिरलाई ६ सय ६६ जनाले रिक्याक्ट तथा १५ जनाले कमेन्ट गरेका थिए ।


### फेसबुकमा पपुलर केही न्युज पोर्टल


ओएसनेपाल डटकम– ५३ लाख
इकान्तिपुर डटकम– ३७ लाख
बीबीसी नेपाली– ३५ लाख
डिसी नेपाल डटकम– २६ लाख
नागरिकन्यूज डटकम– २० लाख
सेतोपाटी डटकम– १४ लाख
अनलाइनखबर डटकम– ११ लाख
कान्तिपुरडेलीडटकम– ११ लाख
क्यानडानेपाल डटनेट– ११ लाख
अन्नपूर्णपोष्ट डटकम– १० लाख
रातोपाटी डटकम– ८ लाख

# टिकटकका हिट



@anzu_bb एकाउन्टको सिट्ठी बजाए नखरा दिखाए हिन्दी गीतको भिडियोलाई ३८ लाखभन्दा बढी हर्ट आएको छ ।



@twinny_girl एकाउन्टको मैतो गीत गा' रहिथी हिन्दी गीतको भिडियोलाई ३८ लाख व्यक्तिले हर्ट दिएका छन् ।



@deepadamanta एकाउन्टको मै चली मै चली हिन्दी गीतको भिडियोलाई ११ लाखभन्दा बढी हर्ट आएको छ ।


@prismakhatiwada एकाउन्टको मै तेरी दिवानी बोलको हिन्दी गीतको भिडियोलाई १० लाख व्यक्तिका हर्ट दिएका छन् ।



@ixchita_bixchita एकाउन्टको जिया धडक धडक जाए हिन्दी गीतको भिडियोले ८ लाख ८९ हजार हर्ट पाएको छ ।


@reshmaghimire एकाउन्टको अंग्रेजी गीतको भिडियोलाई ३ लाख ७० हजार हर्ट आएको छ ।


@barsharaut1 को तेरे बिना नहीं लगता नहीं तोडना हिन्दी गीतको भिडियोलाई १ लाख ५० हजार व्यक्तिले हर्ट दिइसकेका छन् ।


@priyanka_karki_ एकाउन्टको हिजो अस्ति त्यै पर भेटेको नेपाली गीतको भिडियोलाई ८९ हजार हर्ट आएको छ ।

# ट्विटरमा छाएकाहरू




नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री गगन थापा अमेरिकाको हावर्ड केनेडी स्कुलमा २१ औं शताब्दीको ग्लोबल लिडरसिप र पब्लिक पोलिसीको विषयमा अध्ययन गरिरहेका छन् । कक्षाको पहिलो दिन उनले ट्विट गरेको यो तस्विरलाई २ हजार १ ले मन पराएका थिए । यसलाई १ सय ७ जनाले रिट्विट गरेका थिए भने १ सय ४० जनाले त्यसमा प्रतिक्रिया जनाएका थिए ।

*साहित्यकार बुद्धिसागरले ट्विटरमा पोस्ट गरेको केही ट्विटले राम्रो रिट्विट, लाइक तथा कमेन्ट पाएका छन् ।*

०००

सत्ता बाहिर ठीक/ठीक बोल्नेहरू... सत्तामा पुगेपछि ठिस्/ठिस् किन बोल्छन् ?

०००

माया यस्तो बचेरा हो, बिस्तारै समायो– पड्ख फैलाएर उड्छ । जोडले अठ्यायो– निसासिएर मर्छ । सम्हाल्नू !

०००

तिमीले भन्यौ- जून । मैले सोधें- कुन ? आकाशमा एउटा जून, धर्तीमा सबै जून ।

०००

भीडभन्दा बेग्लै हिँडछु भनेर छुट्टिएकाहरू परै... पुगेर जोडिँदै-जोडिँदै गए र अर्को भीड बन्यो ।

०००

'कान्छीलाई घुमाउने काठमान्डू सहर...' बीचमा 'टुडटुड' नभनी गाउनै सकिँदैन । जिन्दगीको गीत पनि 'पीडाको टुडटुड' बिना अधुरै हुन्छ ।

०००

कालबेलामा सबैभन्दा घाँडो त्यही मानिस हुन्छ, जो इमान्दार छ तर इमान त्यो जुनकीरी हो, जसलाई थाहा छ, ऊ एक्लैले संसार उजेलो बनाउन त सक्दैन तर बलिरहन्छ ।

०००

सबै कुराको एउटा सिजन हुन्छ । जस्तो, सार्वजनिक यातायातको सिजन अफिस टाइम, मासुको सिजन दसैं, फूलको सिजन तिहार, सेलेब्रेटीको सिजन भोज । यो भ्रष्टाचार भने सदाबहार रहेछ, एभरग्रिन !

किशोर नेपाल

०००

सेक्स र भ्रष्टाचार उस्तै-उस्तै हुन्, भित्र-भित्रै पाए कसैले छोड्दैनन् ।

**अस्मिता**

## युट्युबमा चलेका भिडियो














टीका प्रसाँईले गाएको माया लुकी लुकी बोलको गीतलाई कार्टुन कुलेबनाएको म्यूजिक भिडियोलाई सर्वाधिक ५ करोड २० लाख पटक युट्युबमा हेरिएको थियो ।

महेश काफ्ले र मेलिना राईले संयुक्त रुपमा गाएको नाच फिरिरी गीतमा स्वस्तिमा खड्का र निश्चल बस्नेतले अभिनय गरेको भिडियो ४ करोड ३५ लाखभन्दा बढी पटक हेरिएको थियो ।

कुलेन्द्र विश्वकर्मा र विष्णु माझीको सालको पातको टपरी हुनीलाईको म्युजिक भिडियो ३ करोड ९७ लाखभन्दा बढी पटक हेरिएको छ ।

टंक बुढाथोकी र अशोक दर्जीले संयुक्त रुपमा गाएको मन बिनाको धन ठूलो कि गीत १ करोड ८४ लाख भन्दा बढी पटक हेरियो ।

टंक बुढाथोकी, अशोक दर्जी तथा एआर बुढाथोकीले गाएको चौरीको राम्रो छुर्पी गीत १ करोड ७९ लाखभन्दा बढी पटक हेरिएको थियो ।

नेपाल टेलिभिजनबाट प्रसारण हुने भद्रगोल टेलिफिल्मको २ सय २ भागको भिडियो युट्युबमा अत्यधिक रुचाइयो । उक्त भाग युट्युबमा ३६ लाख ३८ हजार पटकभन्दा बढी हेरिइसकेको छ ।

चलचित्र सुश्री सम्पत्तिका लागि मेलिना राई तथा विशाल राईले गाएको हुकुम बक्सियोस् गीतको भिडियो ७८ लाख ७९ हजार भन्दा बढी पटक हेरियो ।

चलचित्र क्याप्टेनमा मेलिना राई र एसडी योगीले गाएको कर्ली कर्ली कपाल गीतको भिडियो फेब्रुअरी १४ मा अपलोड भएपछि अहिलेसम्म ५७ लाख ९७ हजार पटक हेरिसकिएको छ ।

नेपाली चलचित्र द ब्रेक अपको रिमेक गीत आज हाम्रो भेट भा'को दिनको भिडियो ६७ लाख ७९ हजार पटक हेरियो ।

गायक सचिन फुयाँलले गाएको दन्ते मोहनी गीतमा डान्सिङ ग्रुप कार्टुन कुले अभिनय गरेको छ । उक्त भिडियो ५३ लाख ७९ हजार पटक भन्दा बढी हेरिएको छ ।

मुन्द्रेको कमेडी क्लबमा गायक पशुपति शर्मा अतिथि भएको भाग १३ लाख ३६ हजार पटक भन्दा बढी हेरिएको छ ।

# नयाँ वर्षका रमाइला कार्यक्रम




नयाँ वर्ष २०७६ लाई स्वागत गर्न भोलि शनिबार न्यू इयर इभ विशेष कार्यक्रमहरु आयोजना भैरहेका छन् । काठमाडौं, पोखरा, चितवन (सौराहा) लगायत देशका प्रमुख सहरका मुख्य होटल तथा रेस्टुराँले नयाँ वर्षलाई स्वागत गर्न विभिन्न कार्यक्रमको आयोजना गरिरहेका छन् ।

**न्यू इयर्स इभ सेलिब्रेसन**
**स्थान** : किङ्स लाउन्ज, दरबारमार्ग
**आकर्षण** : सांगीतिक समूह माउन्ट ८८४८ को विशेष प्रस्तुति **समय** : राति ८ बजे

आरम्भ विद म्युजिकल एन्ड कमेडी नाइट
**स्थान** : आरम्भ रिसोर्ट, नयाँ गाउँ, बुटवल
**आकर्षण** : जितु नेपाल, कमल खत्री, वसन श्रेष्ठ, डिजे ब्ल्याक तथा सुमन श्रेष्ठको विशेष प्रस्तुति
**समय** : साँझ ६ बजे

**नेप्लीज न्यू इयर्स इभ नाइट**
**स्थान** : क्लब डेजा भू, दरबारमार्ग
**आकर्षण** : बेलायतका डिजे बिक्कीसँगको ग्रान्ड डान्स पार्टी **समय** : साँझ ६ बजे

**न्यू इयर्स इभ नाइट**
**स्थान:** इन्द्रेणी फुड ल्यान्ड, नयाँ बानेश्वर
**आकर्षण** : लाइभ ब्यान्डसँग गायक कर्मा रुम्बाको प्रस्तुतिका साथमा डिजे सेसन
**समय** : ७ बजे

**नेपाली न्यू इयर इभ**
**स्थान** : एलओडी, ठमेल
**आकर्षण** : गायक बिपुल क्षेत्रीको लाइभ कन्सर्ट, साथमा डिजेहरू विधान, सुरेन, केबिनट तथा अनिष
**समय** : राति ८ बजे

**अवाकेनिङ नेपाली न्यू इयर-२०७६**
**स्थान** : होटल याक एन्ड यति
**आकर्षक** : केटिएम लाइभ इन्टरटेन्मेन्टको विशेष प्रस्तुति **समय** : राति ८ बजे

**न्यू इयर्स इभ-२०७६**
स्थान : कर्मा लाउन्ज, त्रिपुरेश्वर
**आकर्षण** : ग्रटा टेडेस्चीका साथमा एनएस ११३४ सहित डिजेहरू उमे, सिजन, नाना, अनिष तथा रोहितको प्रस्तुति **समय** : ७ बजे

**टुबोर्ग ओपन सेसन लाइभ बाइ आर्बिट्री**
**स्थान** : होटल अन्नपूर्ण
**आकर्षण** : सांगीतिक समूह १९७४ एडी, कवबेव, केञ्जल मेहर श्रेष्ठ, स्वप्न सुमनका साथमा डिजे सेसन **समय** : ५ बजे

**न्यू इयर्स इभ पार्टी**
**स्थान** : मोजो बुटिक होटल, पुरानो बानेश्वर
**आकर्षण** : धर्मुस-सुन्तली फाउन्डेसनको सहकार्यमा आयोजित विशेष कार्यक्रम जसमा मंकी टेम्पल समूहको विशेष प्रस्तुतिका साथमा डिजे सेसन
**समय** : ५ बजे


**रोयल एनवाईई-२०७६**
**स्थान** : रोयल इम्पायर बुटिक होटल, काठमाडौं
**आकर्षण** : लोक फ्यूजन ब्यान्डको प्रस्तुतिका साथमा डिजे सेसन
**समय** : साँझ ५ बजे

## मातृभूमि कप चैत ३० गते



धर्मुस-सुन्तली फाउन्डेसनले चितवनको भरतपुरमा निर्माण गर्न लागेको 'गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला' को निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजित 'मातृभूमि कप' भोलि चैत ३० गते हुने भएको छ । चैत २३ गते शनिबार त्रिवि क्रिकेट ग्राउण्डमा हुने भनिएको खेल खराव मौसमका कारण स्थगित भएको थियो । नयाँ वर्षको अवसर पारेर आयोजना हुने उक्त प्रतियोगिताका लागि कलाकारहरू अभ्यास खेलमा जुटेको धर्मुसले जानकारी दिएका छन् । प्रतियोगिताको मिति हेरफेर भए पनि खरिद गरिएको पहिलेकै टिकटले यो खेल हेर्न सकिनेछ ।

## फालेलुङमा चौंरी महोत्सव



फालेलुङ गाउँपालिकाले पाँचथरको फालेलुङमा चौंरी महोत्सवको आयोजना गर्ने भएको छ । दुई वर्ष अघिदेखि निजी क्षेत्रबाट सञ्चालन हुँदै आएको उक्त महोत्सव यसपटक गाउँपालिकाले गर्न लागेको हो । विगतमा जस्तै चौंरी संरक्षणका साथै पर्यटन प्रवर्द्धनका लागि यो महोत्सव सञ्चालन गर्न लागिएको हो । महोत्सव साबिक फालेलुङ-६, चाररातेमा हुनेछ । २०७६ वैशाख १ गते सञ्चालनमा आउने महोत्सवमा चौंरी तथा चौंरीजन्य वस्तुका साथै विभिन्न जडीबुटी प्रमुख आकर्षणमा रहनेछन् । याक राइडिङसमेत गरिने यो महोत्सवमा भारत, भुटान, चीन तथा बंगालादेशका पर्यटकहरूको समेत सहभागिता रहँदै आएको छ ।

नारायण तुम्बापो

## जेफालेमा नयाँ वर्ष पर्यटन मेला

उत्तरी मोरङको केराबारी गाउपालिका-२, सिंहदेवीस्थित पर्यटकीय क्षेत्र जेफालेको फेदीमा नयाँ वर्ष-२०७६ को अवसर पारेर पर्यटन मेला, भलिबल प्रतियोगिता तथा जेफाले साहित्यिक कार्यक्रम हुने भएको छ । विगत वर्षहरूमा झैं यो वर्ष पनि पर्यटन मेला, भलिबल प्रतियोगितासहित वैशाख २ गते साहित्यिक रचना वाचन कार्यक्रम सम्पन्न गरिने आयोजकहरूले बताएका छन् । पर्यटनलाई साहित्यसँग जोडेर पर्यटकीय स्थानको विकासमा टेवा पुऱ्याउने अभिप्रायका साथ यो कार्यक्रम आयोजित गरिएको केराबारी-२ नम्बर वडाका वडाध्यक्ष प्रेमबहादुर लिम्बूले बताए ।

## राष्ट्रिय झन्डा दिवस



पोखरामा वैशाख १ गते आइतबार राष्ट्रिय झन्डा दिवस मनाइँदैछ । उक्त अवसरमा पोखरा बृहत् सफाई अभियान एवं नागरिक समाज पोखरासँगको सहकार्यमा युवा पत्रकार संजाल गण्डकी तथा वागेश्वरी असल शासन क्लब (बास) को सयुक्त आयोजनामा ऱ्यालीसहितको कार्यक्रम हुनेछ । उक्त दिन पोखराको मानवअधिकार चोक चिप्लेढुंगादेखि न्युरोड हुँदै सभागृहचोकसम्म राष्ट्रिय पोसाकसहितको राष्ट्रिय झन्डा ऱ्याली निकालिने बताइएको छ ।

## ३३ पोखरीको पदयात्रा

भक्तपुर सहरमा पुराना पोखरीहरू संरक्षण गर्ने कार्य व्यापक रूपमा भैरहेको छ । यहाँ भएका पानीका स्रोतको संरक्षणका सम्बन्धमा जानकारी दिने उद्देश्यले भक्तपुर एडुकेसनल टुर्सले वैशाख १ गते ३३ पोखरीको पदयात्राको आयोजना गर्ने भएको छ । भक्तपुर सहरमा भएका ३३ वटा पोखरी परिक्रमा गर्ने यो अवधारणा खास गरेर बिदाको दिन भक्तपुर आएर समय बिताउन चाहने नेपाली आगन्तुकहरूप्रति लक्षित छ । वर्षको पहिलो दिन भक्तपुरमा मनाइने बिस्केट जात्राका दर्शकसमेत यो पदयात्रामा सामेल हुन सक्छन् ।

## मन्त्र र श्रेयाले बेलबारी तताउने

नयाँ वर्ष २०७६ को स्वागत गर्दै श्रोता तथा दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्न दार्जीलिङको चर्चित मन्त्र ब्यान्ड तथा गायिका श्रेया राई बेलबारीमा प्रस्तुत हुने भएका छन् । स्थानीय डाँगीहाट युथ क्लब बेलबारी-११, लक्ष्मीमार्गको आयोजनामा भोलि चैत ३० गते आयोजना हुन लागेको कार्यक्रममा मन्त्र र श्रेयाले आफ्ना प्रस्तुतिहरूमार्फत मनोरञ्जन प्रदान गर्ने आयोजक क्लबका अध्यक्ष विक्रम राईले जानकारी दिएका छन् ।

# फेसन विकमा मोडलहरू

पोखरामा अन्तर्राष्ट्रिय फेसन विक नेपाल भैरहेको छ। नेपाली नयाँ वर्ष-२०७६ का अवसरमा पोसाक महासंघ नेपाल तथा डिजाइनर एसोसिएसनको संयुक्त आयोजनामा उक्त फेसन विक सञ्चालन भैरहेको हो। फेसन विकमा पोखरा, काठमाडौं, हेटौंडा, चितवन तथा विराटनगरका २१ जना महिला एवं ५ जना पुरुष गरी कुल २६ जना सहभागी छन्। द काठमाडौं पोस्टको प्रस्तुति रहेको फेसन विक भोलि शनिवार ३० गतेसम्म जारी रहनेछ। गायक स्वप्न सुमन, सागर आले, सन्तोष बस्याल आदिले आ-आफ्नो प्रस्तुति दिइरहेको फेसन शोका क्रममा कल्चरल नृत्य समेत प्रस्तुत भैरहेको छ। साँझ ६ बजेदेखि राति ११ बजेसम्म चल्ने यो फेसन विक कुल २१ वटा सिक्वेन्समा विभाजित छ।

राजाराम पौडेल









## फुलन्देकी आमालाई ताली



पिठ्युँमा झोला बोकेर भोजपुर जाने बाटो सोध्दै मञ्चमा उत्रिएका फुलन्देकी आमा (उमेश राई) लाई देख्नेबित्तिकै ताली र हुटिङको वर्षा भयो। पछिल्लो समय सानो पर्दामा जमिरहेका हास्यकलाकार फुलन्देकी आमालाई हाम्रो सुर सरगम समूहले धरानको सभागृहमा उतारेको थियो। सुर सरगम सांगीतिक कार्यक्रमको साथमा दोस्रो संस्करणको स्मल आइडलको पुरस्कार वितरण समारोहका प्रमुख आकर्षण नै फुलन्देकी आमा थिइन्। उनले झण्डै आधा घण्टा दर्शकलाई राम्रैसँग हँसाए। कार्यक्रममा दोस्रो संस्करणकी विजेता दार्जीलिङकी तार्मी लेप्चा, दोस्रो भएका काठमाडौंका विनोदराज तिवारी तथा तेस्रो भएका सिक्किमका सागर तामाङलाई पुरस्कृत गरिएको थियो। दोस्रो संस्करणको आइडलमा सहभागी २ सय १६ जना कलाकारमध्येबाट निर्णायक संगीतकार ओमप्रकाश राई, बिबि अनुरागी तथा कुशल थलङले विजेता छनौट गरेका थिए।

नरेन्द्र बस्नेत

## भ्वाइस अफ नेपाल




द भ्वाइस अफ नेपाल सिजन-२ मा आफ्नो प्रतिभा प्रस्तुत गर्न झन्डै २२ हजार प्रतिभाले डिजिटल अडिसनमार्फत् सहभागिता जनाएका छन्। चैत १० गतेसम्म तोकिएको समय सीमाभित्र कुल २१ हजार ७ सय प्रतिभाले विभिन्न डिजिटल माध्यममार्फत आवेदन दिएको कार्यक्रम निर्देशक लक्ष्मण पौडेलले जानकारी दिए। 'यसपटक हामीले मोबाइल एपसँगै सामाजिक सञ्जाल एवं म्यासेजिङ एपमार्फत पनि आवेदन मागेका थियौं' पौडेलले भने, 'सबै माध्यम खुला गरिएका कारण यो वर्ष उत्साहजनक सहभागिता देखिएको छ।' एप डाउनलोड गरेर सहभागिता जनाउन कठिनाइ महसुस गर्ने प्रतिभाहरूले फेसबुक म्यासेन्जर, भाइबर, ह्वाटसएपमार्फत पनि हजारौंको संख्यामा आवेदन दिएका छन्। चैत १० मै म्याद सकिए पनि त्यसपछि पनि सयौं आवेदन आएको निर्देशक पौडेलले बताए। अब प्राप्त भिडियो क्लिपबाट छानिएका प्रतिभाले कोचसामु ब्लाइन्ड अडिसन दिनेछन्। कोचहरूको कुर्सी घुमेसँगै प्रतिभाहरूको भाग्य पनि बदलिनेछ। यो प्रतिस्पर्धाको प्रसारण यही असारदेखि हिमालय टेलिभिजन एचडीबाट प्रसारण हुने बताइएको छ।

## आफू मात्र हिट हुनुपर्छ भन्ने मान्दिनँ



गायक प्रमोद खरेलले गीत गाउँदा आफूमात्र हिट हुनुपर्छ भन्ने नसोच्ने बताए। पोखरा सभागृहमा आयोजित आफ्नो सोलो कन्सर्टमा प्रस्तुति दिँदै उनले उक्त कुरा बताएका हुन्। गीतसँग जोडिएका सबै स्रष्टाले उत्तिकै चर्चा पाउनुपर्छ भन्ने मान्यता आफ्नो रहेको उनले प्रस्ट्याए। पोखरामा आयोजित सोलो कन्सर्टमा खरेलले डेढ दर्जनभन्दा बढी गीत सुनाए। मनोज गजुरेलको हास्य प्रस्तुति तथा मीना निरौलाको साथले उक्त सोलो कन्सर्टमा रौनक थपेको थियो। कन्सर्टमा योगेश भट्टराईसहित सत्तारुढ नेकपाका पार्टी तथा भ्रातृ संगठनका नेताहरूको उलेख्य सहभागिता देखियो। प्रमोदको सोलो कन्र्सट अब नेपालका अन्य सहरमा पनि हुनेछ। एकल साँझको नाममा भने काठमाडौंमा कार्यक्रम हुनेछ। प्रमोदको यस पटकको प्रस्तुतिमा दर्शकले एकलसाँझकै अनुभूति गरे। मबिना कसै-कसैलाई मुस्किल छ पोखरामा गीतबाट सुरु भएको उनको प्रस्तुति खेलाडीसम्बन्धी गीतमा आएर टुंगिएको थियो। प्रमोदले गीतमार्फत नै स्वर्गीय रवीन्द्र अधिकारीलाई पनि सम्झिए।


सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक
अस्मिता गौतम
आरतीसिंह ठकुरी



# ह्यापी न्यू इयर २०७६

तस्बिर : महेश प्रधान
लोकेसन : लबिम मल, पुल्चोक
मेकअप : दिक्षा ब्लोन, पूनम ब्युटी क्लब, सानेपा
पहिरन : पिजेज कलेक्सन, सिभिल मल

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

# ९० प्रतिशत चलचित्र असफल भएको वर्ष



वर्ष २०७४ मा प्रदर्शित ९० वटा चलचित्रमध्ये ४४ वटा चलचित्र फ्लप सावित भएका थिए । वर्ष २०७५ मा उक्त संख्या ठ्याक्कै दोब्बरले बढेको छ । यो वर्ष प्रदर्शनमा आएका झन्डै ९३ वटा चलचित्रमध्ये करिब ८० वटा चलचित्र असफल भएका छन् । राम्रो व्यवसाय गर्ने आशा गरिएका चलचित्र समेत यो वर्ष नराम्रोसँग चिप्लिए ।

### औसत रहे राम्रा चलचित्र


चलचित्रकर्मी मनोज पण्डितले चितवन राष्ट्रिय निकुञ्जमा घटेका घटनाहरूलाई समेटेर तयार पारेको कमलजंग कुँवरद्वारा लिखित पुस्तक 'गैंडालाई चार वर्ष' मा आधारित चलचित्र 'खाग' औसत रह्यो । उक्त चलचित्रमा प्रविण खतिवडाको सशक्त भूमिकालाई मन पराइयो, यद्यपि चलचित्रले व्यवसायिक सफलता हासिल गर्न सकेन ।

सब्बिर श्रेष्ठद्वारा निर्देशित चलचित्र 'बाँध मायाले' सफल हुने अनुमान गरिएको थियो । चलचित्रमा सृष्टि श्रेष्ठ तथा आर्यन अधिकारीको रोमान्टिक भूमिकालाई दर्शकले खासै रुचाएनन् । आकाश श्रेष्ठ र आश्मा गिरीको चलचित्र ड्रिम गर्ल पनि आशा गरिए अनुसार चलेन । नरेश कुमार केसीले मेहनत गरेर निर्माण गरेको चलचित्र रोमियो एण्ड मुनाको अवस्था पनि उस्तै रह्यो । विनय श्रेष्ठ र सृष्टि श्रेष्ठको जोडीलाई दर्शकले स्वीकार गरेनन् । अत्यधिक प्रचारप्रसार गरिएको चलचित्र दि म्यान फ्रम काठमाडौं समेत व्यवसायिक रुपमा औसत मात्र रह्यो । यो चलचित्रलाई पेमा डोण्डूपले निर्देशन गरेका हुन् भने यसमा बलिउड, हलिउड तथा पाकिस्तानी चलचित्रकर्मीहरूले समेत अभिनय गरेका छन् ।

गोपीकृष्ण मुभिजको निर्माण, निरक पौडेलको निर्देशन तथा प्रदीप खड्काको अभिनयको चलचित्र रोज औसतभन्दा माथि उठ्न सकेन । दर्शकले यो चलचित्रको प्रस्तुतीकरण नै मन पराएनन् ।

रेखा थापाको मालिका पनि व्यवसायिक रुपमा असफल भयो । वसन्त अधिकारीले निर्देशनमा डेब्यू गरेको चलचित्र जानी नजानी स्तरिय हुँदा-हुँदै पनि सफल हुन सकेन । सञ्चारकर्मीबाट निर्देशनको क्षेत्रमा आएका भीषण राईले पहिलो चलचित्र 'पुरानो बुलेट' सम्भावना त प्रसस्त देखाए, यद्यपि व्यवसायिक रुपमा भने चलचित्र असफल भयो ।

सञ्चारकर्मी दीपेन्द्र लामाको निर्देशनमा तयार भएको चलचित्र 'गोपी' मौलिक विषयवस्तुमा आधारित भए पनि व्यवसायिक रुपमा सफल हुन सकेन । विपिन कार्की मुख्य भूमिकामा रहेको उक्त चलचित्र समीक्षकहरूको रोजाइमा मात्र पर्न सक्यो ।




खगेन्द्र लामिछानेले अभिनय गरेको चलचित्र डमरुको डन्डिबियोले उत्कृष्ट व्यवसाय गर्नेछ भन्ने अनुमान धेरैको थियो । लोप भैसकेको खेल डन्डिबियोमा आधारित उक्त चलचित्रलाई दर्शकले खासै रुचाएनन् ।

झण्डै साढे दुई करोड रुपैयाँको लगानीमा निर्माण गरिएको चलचित्र रणवीर पनि चिप्लियो । चलचित्रले लगानी सुरक्षित गर्न नै संघर्ष गर्नु पर्‍यो । मुस्कान ढकालको निर्देशनमा तयार भएको सुविन भट्टराईको कृतिमा आधारित चलचित्र समर लभले पनि आशा गरे अनुरुप सफलता हासिल गर्न सकेन ।

युवा ज्योतिष हरिहर अधिकारीले अभिनेताका रुपमा पदार्पण गरेको चलचित्र शुभ लभ पनि सफल हुन सकेन । अपिल विष्टको चलचित्र कागज पत्रले समाजमा देखा परेको नयाँ समस्यालाई उजागर गरेको थियो । विदेश जान गरिने नक्कली विवाहको विषय समेटिएको यो चलचित्रलाई पनि दर्शकले साथ दिएनन् । हेमराज बिसीको चलचित्र दि ब्रेकअप पनि सम्भावना हुँदा-हुँदै पनि चलेन । ठूलो लगानीको उक्त चलचित्रलाई आसिरमान देशराज जोशी तथा शिल्पा मास्केले समेत जोगाउन सकेनन् । वैशाखको दोस्रो साता प्रदर्शनमा आएको चलचित्र कोहलपुर एक्स्प्रेसको प्रचार-प्रसार व्यापक भयो, यद्यपि चलचित्रलाई लगानी सुरक्षित गर्न धौ-धौ पर्‍यो । केकी अधिकारीद्वारा निर्देशित यो चलचित्र मनोरञ्जक भए पनि यसले भने जस्तो बजार पाउन सकेन ।




दीपेन्द्र के खनालद्वारा निर्देशित चलचित्र चंगा चेटले उत्कृष्ट व्यवसाय गर्ने अपेक्षा गरिएको थियो । आयुष्मान देशराज जोशी, प्रियंका कार्की, सन्दिप क्षेत्री, सुरक्षा पन्त, परिमिता राणा, रवीन्द्र झा आदि कलाकारले अभिनय गरेको यो चलचित्रको व्यवसायिक पक्ष औसत रह्यो ।

विनोद पौडेलद्वारा निर्देशित चलचित्र बुलबुलले पनि फरक विषय उठान गरेको थियो । अभिनेत्री स्वस्तिमा खड्काले बेजोड अभिनय गरेको यो चलचित्र व्यवसायिक रुपमा भने औषत मात्र रह्यो । चलचित्रले मुकुन भुसालका रुपमा एक जना प्रतिभाशाली अभिनेता नेपाली फिल्म उद्योगलाई दिएको छ । चलचित्रको व्यवसायिक पक्ष जे-जस्तो रहे पनि यसले टेम्पो चालिकाको जीवनशैलीलाई प्रस्तुत गरेर सानो विषयमा समेत राम्रो चलचित्र बनाउन सकिन्छ भन्ने प्रमाणित गरिदिएको छ ।

### चल्दै नचलेका केही चलचित्र

२०७५ सालमा प्रदर्शनमा आएको पहिलो चलचित्र हो- स्वर्ग मेरो गाउँ । रामकृष्ण बजगाईंको यो चलचित्र सिनेमा हलमा दुई दिन पनि टिक्न सकेन । चलचित्रमा नरेन खड्का र भावना गुरुङ मुख्य भूमिकामा थिए । भनिन्छ, यो चलचित्रले पोस्टरको लगानी समेत उठाउन सकेन । वैशाखमै प्रदर्शनमा आएको मिलन चाम्स निर्देशित ह्याप्पी डेजको अवस्था पनि उस्तै रह्यो । निकै मेहनत गरिएको गोपालचन्द्र लामिछानेको चलचित्र लम्फूले पनि अपेक्षाकृत परिणाम दिएन । कान्छा निर्देशक सौगात विष्टको हैरानलाई पनि दर्शकले पत्याएनन् । अर्पण थापाले विदेश पुगेर छायांकन गरेको हरर चलचित्र सुनकेशरीले पनि दर्शकको साथ पाएन । एनबि महर्जनको हिरोज पनि असफल भयो । विपिन कार्कीले पृथक भूमिका निर्वाह गरेको चलचित्र हरी पनि चलेन । उक्त चलचित्रको प्रस्तुतीकरण आकर्षक भए पनि अनि विपिन कार्कीले स्तरीय अभिनय गरे पनि यसले दर्शकलाई सिनेमा हलसम्म आकर्षित गर्न सकेन । सूर्य बोहोराको चलचित्र भैरे पनि चलेन । दयाहाङ राईसहितका स्टार कलाकारले समेत यो चलचित्रलाई सफल बनाउन सकेनन् । दिनेश श्रेष्ठको चि मुसी चि पनि व्यवसायिक रुपमा सफल हुने आशा गरिएको थियो । यद्यपि, उक्त चलचित्रले दर्शकहरूलाई निराश बनायो । प्रदीप श्रेष्ठद्वारा निर्देशित चलचित्र ब्याकमा झन्डै आधा दर्जन अभिनेताले अभिनय गरेका थिए । यद्यपि चलचित्रले सन्तोषजनक व्यवसाय गर्न सकेन ।

एलिजा गौतमले निर्माण गरेको चलचित्र अनुराग पनि असफल भयो भने संगीता श्रेष्ठले निर्देशकका रुपमा डेब्यू गरेको चलचित्र कथा काठमाडौंले पनि दर्शकको पर्याप्त माया पाउन सकेन । प्रेम गीत जस्तो सफल चलचित्र निर्माण गरेका सन्तोष सेनले यो वर्ष निर्माण गरेको चलचित्र मेरी मामु व्यवसायिक रुपमा असफल रह्यो । यश कुमारले निर्माण गरेको चलचित्र छिरिङले पनि सफलताको स्वाद चाख्न सकेन । सञ्चारकर्मी सुब्रतराज आचार्यको चलचित्र सुश्री सम्पत्ति पनि व्यवसायिक रुपमा असफल भयो । प्रविण स्याङ्बोको अलग धारको चलचित्र कथा-७२ स्तरीय भए पनि यसले व्यवसायि रुपमा सफलता हासिल गर्न सकेन । विप्लव उप्रेतीको जय श्री धाम पनि चलेन । रामशरण पाठकको भ्रष्टाचार विरुद्धको चलचित्र सय कडा दश पनि व्यवसायिक रुपमा असफल रह्यो । व्यंग्यकार मनोज गजुरेलले पहिलो पटक अभिनय गरेको भए पनि यो चलचित्रप्रति दर्शकले खासै चासो देखाएनन् ।





विगतमा सति प्रथामा आधारित चलचित्र झोला निर्देशन गरेर चर्चामा आएका निर्देशक यादव कुमार भट्टराई यो वर्ष फरक विषयवस्तुको चलचित्र भोर लिएर दर्शकमाझ आए । दुःखको कुरा के भैदियो भने दर्शकले यो चलचित्रलाई रुचाएनन् । चलचित्र भोर सिनेमा हलमा केही दिन समेत टिक्न सकेन । सिनेमा हलमा एक-दुई दिन सम्म टिक्न नसकेका चलचित्रको सूची पनि लामै छ । मनाङ्गे नानी, अफिसर, बेबी आई लभ यू, तिमी हुन्छौ जहाँ जहाँ, चोखो माया, यो पागल मन, टिनएज, चौका दाउ, रेनी, निर्जला, दैलो, अनुग्रह, कोइला, शान्ति, गोल, जे सुकै होस्, आरोप, बैना, साथी तिमी नै हौ, ब्वाइफ्रेण्ड, फिंगर प्रिन्ट, अदालत, ऐलान जस्ता चलचित्र हलमा एक-दुई दिन पनि टिकेनन् ।

# वर्षका सफल व्यवसायिक चलचित्र

**छक्का पञ्जा-३**

यो वर्ष प्रदर्शित ९३ वटा चलचित्रमध्ये छक्कापञ्जा-३ ब्लकबस्टर हुन सफल भएको छ । दसैंको पूर्वसन्ध्यामा प्रदर्शनमा आएको चलचित्र 'छक्कापञ्जा-३' ले सर्वाधिक १६ करोड रुपैयाँभन्दा बढी आम्दानी गरेको थियो । दीपाश्री निरौलाद्वारा निर्देशित उक्त चलचित्रमा अभिनेत्री दीपिका प्रसाईंको अभिनयले धेरैलाई प्रभावित बनायो । चलचित्रको सांगीतिक पक्ष पनि बेजोड रहयो भने कलाकारहरूको अभिनयलाई दर्शकले मन पराए । सन्देशमूलक चलचित्र छक्कापञ्जा-३ मा दीपिकासहित दीपकराज गिरी, केदार घिमिरे, जितु नेपाल, नीर शाह आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रको पहिलो नम्बरमा तथा पछि उमेर ढल्किन्छ गीत लोकप्रिय रहे ।










**नाइँ नभन्नु ल-५**


भदौ ८ गते प्रदर्शनमा आएको विकास राज आचार्यको चलचित्र 'नाइँ नभन्नु ल-५' ले पनि व्यवसायिक सफलता हासिल गऱ्यो । नेपालभित्रै लगानी सुरक्षित गरेर मुनाफा आर्जन गर्न सफल यो चलचित्रमा दिलीप रायमाझी, निरुता सिंह, प्रियंका कार्की, केकी अधिकारी, स्वस्तिमा खड्का, अभिषेक नेपाल आदिले अभिनय गरेका छन् ।




**जय भोले**

दसैंको फूलपातीका दिन प्रदर्शित अशोक शर्माको चलचित्र 'जय भोले' पनि मुनाफा कमाउन सफल चलचित्र हो । यो चलचित्रलाई छक्कापञ्जा-३ सँग तुलना समेत गरियो । छक्कापञ्जाभन्दा करिब एक सातापछि प्रदर्शनमा आएको यो चलचित्रले आक्रामक व्यापार गर्न नसके पनि यसले निर्मातालाई निराश बनाएन । चलचित्रले पहिलो साता करिब ३ करोड रुपैयाँ बराबरको ग्रस कलेक्सन गरेको तथ्यांक सार्वजनिक भएको थियो । चलचित्र जयभोलेमा खगेन्द्र लामिछाने, सौगात मल्ल, स्वस्तिमा खड्का, सलोन बस्नेत, बुद्धि तामाङ, राजाराम पौडेल आदिले अभिनय गरका छन् ।







**क्याप्टेन**

फागुनमा प्रदर्शित चलचित्र 'क्याप्टेन' लाई पनि व्यवसायिक रूपमा सफल मानिएको छ । दीवाकर भट्टराईद्वारा निर्देशित उक्त चलचित्रलाई भुवन केसीले निर्माण गरेका हुन् । फुटबल खेलमा आधारित चलचित्र क्याप्टेनमा अनमोल केसी, उपासना सिंह ठकुरी, प्रियंका एमभी, सरोज खनाल आदि कलाकारले अभिनय गरेका छन् । यो चलचित्रले नेपालबाटै लगानी सुरक्षित गरेको दावी गरिएको छ । यतिबेला भुवन तथा अनमोल उक्त चलचित्रलाई विदेशमा प्रदर्शन गराइरहेका छन् ।

**साइँली**

चैत १५ गते प्रदर्शनमा आएको चलचित्र 'साइँली' पनि व्यवसायिक रूपमा सफल मानिएको छ । रामबाबु गुरुङद्वारा निर्देशित यो चलचित्रमा दयाहाङ राई, मेनुका प्रधान, गौरव पहारी आदि कलाकारले अभिनय गरेका छन् । वैदेशिक रोजगारीको बाध्यतामा आधारित यो चलचित्रमा नेपालको ग्रामीण जनजीवनको चित्रण छ । चलचित्रले दोस्रो साता पनि सिनेमा हलमा दर्शकहरूलाई आकर्षित गरिरहेकाले यसले नेपालबाटै लगानी सुरक्षित गर्ने सम्भावना छ ।

**बोबी**

मिलन चाम्सद्वारा निर्देशित चलचित्र 'बोबी' अहिले निर्माण भैरहेका नेपाली चलचित्रभन्दा पृथक् भएकै कारण दर्शकले मन पराए । नर्वेमा बसोबास गरिरहेको एक जोडी नेपालीको वास्तविक जीवन कथा समेटिएको यो चलचित्रमा तीनै वास्तविक जोडी उमेश थापा तथा कविता गुरुङले अभिनय गरेका छन् । यो चलचित्रको संगीतसमेत उत्तिकै सशक्त रहयो । चलचित्र बोबीले नेपालमा मात्र होइन, विदेशमा बसोबास गर्ने नेपालीहरूको मन समेत जित्यो ।

**प्रसाद**

दिनेश राउतद्वारा निर्देशित चलचित्र 'प्रसाद' पनि व्यवसायिक रूपमा सफल रहयो । चलचित्रको विषयवस्तुलाई दर्शकहरूले नौलो माने । सञ्चारकर्मी सुशील पौडेलको लेखनको यो चलचित्रमा विपिन कार्की, नम्रता श्रेष्ठ तथा निश्चल बस्नेतको अभिनयलाई दर्शकहरूले मन पराए । पृथक् शैलीको कथा भएकाले पनि चलचित्रले दर्शकलाई आकर्षित गरेको हो ।

**इन्टु मिन्टु लन्डनमा**

कोरियोग्राफर रिनाशा बान्तवा राईले पहिलो पटक निर्देशन गरेको चलचित्र हो– इन्टु मिन्टु लन्डनमा । अधिकांश छायांकन लन्डनमै गरिएको यो चलचित्रमा साम्राज्ञी राज्यलक्ष्मी शाह तथा धीरज मगरले मुख्य भूमिका निर्वाह गरेका छन् । आकर्षक प्रस्तुतीकरण तथा कर्णप्रिय गीत-संगीतका कारण पनि यो चलचित्रलाई दर्शकले मन पराएका हुन् ।

**राम कहानी**

सुदर्शन थापाद्वारा निर्देशित चलचित्र राम कहानी व्यवसायिक रूपमा सफल भयो । प्रेमकथामा आधारित यो चलचित्रमा पूजा शर्मा, आकाश श्रेष्ठ, जितु नेपाल, केदार घिमिरे, राजाराम पौडेल आदि कलाकारले अभिनय गरेका छन् । सांगीतिक पक्षसमेत सबल रहेको यो चलचित्रले लगानी सुरक्षित मात्र गरेन, निर्मातालाई मुनाफासमेत दिलायो ।



**लभ स्टेसन**


चैतको अन्तिम साता प्रदर्शनमा आएको चलचित्र लभ स्टेसन पनि व्यवसायिक रूपमा सफल मानिएको छ । चलचित्रले अघिल्लो तीन दिनमा करिब २ करोड रुपैयाँ ग्रस कलेक्सन गरेको निर्माता गोविन्द शाहीको दाबी छ । उज्वल घिमिरेद्वारा निर्देशित यो चलचित्रलाई केही विदेशी चलचित्रको नक्कलको आरोपसमेत लाग्यो । यद्यपि, प्रदीप खड्का र जस्सीता गुरुङको राम्रो फ्यान फलोइङका कारण चलचित्र लभ स्टेसन दर्शकहरूलाई आकर्षित गर्न सफल भयो ।

विष्णु शर्मा

अंग्रेजीमा एउटा शब्द छ–अब्जरडिटी । नेपालीकरण गर्दा त्यसको शाब्दिक अर्थ 'अवसाद' हुन आउँछ । अब्जरडिटी दर्शनले यसलाई अझ सजिलोसँग व्याख्या गरिदिएको छ कारण–प्रभावमा होइन, भाग्यमा विश्वास गर्ने । यहाँ उक्त शब्दको चर्चा गर्नुको अर्थ वर्ष २०७५ मा नेपाली चलचित्रको प्रवृत्ति र बजार सिंहावलोकन गर्नु हो । 'अब्जरडिटी' शब्द वरपर नेपाली चलचित्रको मनोविज्ञान घुम्यो गत वर्ष, जुन नेपाली चलचित्रको वर्तमान चरित्र हो ।

चरित्र संश्लेषण गर्नुअघि वर्ष २०७५ को नेपाली चलचित्रको गणित बुझौं । यो वर्ष कुल ९३ कथानक चलचित्र प्रदर्शनमा आए । एउटा चलचित्रमा औसत ७० लाख रुपैयाँ लगानी मान्दा वार्षिक लगानी ६३ करोड रुपैयाँभन्दा माथि हुन आउँछ । कुल रिलिजमध्ये एक दर्जनभन्दा कम चलचित्रले लगानी उठाए र बाँकी टाइटानिक जहाजजस्तै डुबे । 'छक्का पञ्जा–३' को २० करोड रुपैयाँलाई सर्वाधिक ग्रसर मान्दा बजार आयतन १ सय ८ करोड रुपैयाँ सालाखाला हुन आउँछ ।

क्यूएफएक्सको वर्तमान टिकट दरअनुसार 'छक्का पञ्जा–३' लाई ८ लाख दर्शकले हलमा हेरे जुन



# ७५ का ९३ चलचित्र हेरेपछि




बक्सअफिस सफलता प्राविधिक पक्ष हो तर, क्राफ्टमा हामी कमजोर छौं भन्ने कुराको पुष्टि यो वर्षका चित्रले गर्छन् । वर्षमा हेरिएका सबै चलचित्रको समस्या लेख्य साहित्यमै थियो । लेख्यपछि बल्ल दृश्य साहित्य निर्माण हुने हो जसले गर्दा ग्रेट बजार होइन, चलचित्र लिट्रेसी हो । आवरण होइन, आत्माको खोजी जरुरी हो ।

मुलुकको कुल जनसंख्याको अनुमानित २ दशमलव ४ प्रतिशत हो । वर्ष २०७५ मा ७० भन्दा बढी विदेशी चलचित्र (हलिउड र बलिउड) अन्तर्राष्ट्रिय प्रदर्शनमा आए जसमध्ये ४ वटा हलिउड चलचित्रले नेपालमा १ करोडभन्दा माथिको ग्रस कारोबार गर्नु सामान्य होइन । कथ्य र प्रस्तुतिमा ताजा भारतीय र अमेरिकी चलचित्र नेपालमा राम्रैसँगै चले । टिकट झ्यालमा स्टार भर्सेज स्टोरीको यो एउटा सजीव द्वन्द्व थियो ।

काठमाडौं र मुलुकको दोस्रो ठूलो चलचित्र बजार पोखराको वर्ष २०७४ मध्यदेखि २०७५ लगभग अन्त्यसम्म गरिएको संश्लेषित एउटा तथ्यांकको निष्कर्ष पनि निकै रोचक छ जसले नेपाली चलचित्र क्षेत्रमा आशाको सञ्चार गर्छ । उक्त तथ्यांकअनुसार यो अवधिमा ४८ प्रतिशत दर्शकले नेपाली, ३७ प्रतिशतले भारतीय तथा १५ प्रतिशतले अंग्रेजी चलचित्र हेरेका थिए । यो गणितका दुई निष्कर्ष छन् : नेपाली चलचित्रको बजार उम्दा छ र विदेशी चलचित्र घरेलु चलचित्रका लागि चुनौतीका रूपमा उभिएको छ ।

अब कस्ता चलचित्र प्रदर्शनमा आए भन्ने प्रवृत्तिको विश्लेषण गरौं । 'अवसाद' दर्शन वरपर वर्ष २०७५ ले फन्को मार्‍यो, उक्त घर्षण वर्ष २०७६ मा अझ गाढा बन्ने विश्वास गर्न सकिन्छ । 'अब्जरडिटी' शब्दसँग केही वाक्य गाँसिएर आउँछन् जुन नेपाली चलचित्रको वर्तमान चरित्र हो । कुल रिलिज ९३ चलचित्रको केन्द्रिय प्रवृत्ति पलायन, भाग्य, पुँजी, फेन्टासी, प्रशंसा, अर्थविहीन कमेडी एवं जोक्स, लार्जर द्यान लाइफ रहे ।

यो प्रवृत्तिले विवेक, आलोचना, प्रश्न तथा अनुसन्धानलाई निषेध गर्छ भने पूजा रुचाउँछ र सिर्जनशीलताको ढोका बन्द गरिदिन्छ । समीक्षकहरूको भनाइअनुसार नेपाली चलचित्रको मूलधार यही प्रवृत्तिलाई काँधमा बोकेर बुर्कुसी मारिरहेको छ । 'छक्का पञ्जा–३' अवसाद मनोविज्ञानको उत्कर्ष हो र दाल भात तरकारी तथा शत्रुगते त्यसका संक्षिप्त उदाहरण हुन् । सशक्त धक्का नदिएसम्म यो चिन्तनले नेपाली दृश्यभाषा, मनोविज्ञान, दर्शकीय टेस्ट तथा बजारलाई पूर्णतः कब्जामा राख्ने निश्चित छ ।

अब चरित्र चित्रण र पात्रको चर्चा गरौं, जसले नेपाली समाजको मुड र हैसियत बुझ्न मद्दत गर्छ । कूल रिलिजको ९५ प्रतिशत चलचित्रको केन्द्रिय द्वन्द्वमा केटा–केटीबीचको सम्बन्ध छ । बुलबुल, प्रसाद र भोर (नारी सशक्तीकरण), छक्का पञ्जा–३ (शिक्षा), साइँली (वैदेशिक रोजगार), क्याप्टेन र डमरुको डन्डिबियो (खेल), कथा–७२ (संवेदना), सयकडा दश (सदाचार), खाग र हरि (इमानदारिता), द म्यान फ्रम काठमाडौं (धार्मिक सहिष्णुता) भिन्न अप्रोचसहित रिलिज भए र प्रशंसा बटुले ।

प्रदर्शित अधिकांश चलचित्रमा चित्रण गरिएका पात्र पुलिस, चोर, फटाहा, डन, दलाल, गुन्डा, बलात्कारी, हिंसात्मक तथा लडाकु छन् । निकै कमले मात्र आदर्शवान नायकत्व, मजदुर, शिक्षक, वैज्ञानिक, खेलाडी तथा समाज सुधारकहरूको चित्रण गरेका छन् । यसलाई चलचित्रले जस्ता पात्र चित्रण गर्छ, निर्माता तथा निर्देशक बाँचेको समाजको चरित्र पनि यस्तै हुन्छ भन्ने अर्थमा बुझ्नुपर्छ ।

किनभने यतिबेला समाजले चलचित्रलाई निर्देशित गर्दैछ । समाजमा यस्ता पात्रको उपस्थिती बलशाली मात्र होइन, केन्द्रीय राजनीतिमा समेत यही प्रवृत्तिको हालिमुहाली छ । नेपाली चलचित्रले समाजभन्दा एक स्टेप अघि बढेर आदर्श पात्र निर्माणमा रुचि देखाएन । अहिले पनि चोर, फटाहा र पुलिस पात्र सान्दर्भिक भैरहनु बदलिएको समाजको आकांक्षासामु ठूलो प्रश्न हो ।

वर्ष २०७५ सम्म आइपुग्दा सफलताका दुई मानक रहे चलचित्रमा । समीक्षकले रुचाएका चलचित्र बक्स अफिसमा चलेनन् अथवा दर्शकले रुचाएका चलचित्र बक्सअफिसमा हिट रहे । 'छक्का पञ्जा–३'ले बजार अर्थतन्त्रको इको–सिस्टमलाई सन्तुलनमा राख्ने प्रयत्न गर्‍यो । कलाभन्दा कमोडिटिज अवधारणाले निर्माण गरिने बहुसंख्यक चलचित्र असफल रहे । सबैमा 'सिर्जनात्मक गरिबी'को साझा सेटव्याक देखियो । हामी पटकथामा चुक्यौं । समाजसँग गाँसिन सकेनौं । हाम्रा लागि चलचित्र पैसा छाप्ने मेसिन बन्यो । हामी समाज र चलचित्रबीच एकेडेमिक पुल बन्न सकेनौं ।

विश्व चलचित्रको बाछिटाबाट नेपाल अछुतो रहने कुरै भएन । नेपाली चलचित्रले यो वर्ष गरेको कमाइको दुई गुणा पैसा विदेशी चलचित्रले लगे । कन्टेन्टमा विविधिता मानिएका क्रेजी रिच एसियन्स, ब्ल्याक प्यान्थर, आक्वाम्यान तथा बोहिम्यान र्‍याप्सोडीले बक्सअफिसमा करोड कमाउनुबाट नेपालमा हलिउडको प्रभाव देखिन्छ । हलिउड डाइभर्सिटीका यी ठूला उत्पादनसँग टाइम म्यागजिनले लेखेजस्तै 'विश्व चलचित्रको विनिर्माण'को सन्देश जोडिएको छ जसको अर्थ हो : अब नेपालले लार्जर द्यान लाइफ होइन, कन्टेन्टमा आधारित मानवीय मूल्यका पटकथा छान्नुपर्छ ।

नेपाली चलचित्रसँग स्पष्ट वर्तमान छैन । यो संरचनागत भ्याकुममा आगामी वर्ष विदेशी चलचित्र (भारत र अमेरिका)ले फाइदा उठाउन सक्नेछन् भने हलिउडको प्रभाव अझ बढ्न सक्छ । यो वर्ष मोफसलका १३ वटा हलमा थ्रीडी प्रविधि जडान भयो, जसको सीधा अर्थ हो, हलिउड अब नेपाली चलचित्र बजारको नयाँ खेलाडी हो तर, बलिउड स्टारका चलचित्र तासको घरजस्तै ढले काठमाडौंमा । बक्सअफिसको समीकरण उल्टियो ।

डिजिटल प्रभुत्व यतिबेला विश्व चलचित्रको यथार्थ हो । नेटफ्लिक्स र डिज्ने प्लसजस्ता ठूला स्ट्रिमिङ साइटको प्रभाव बलशाली छ । नेपालमा नेटफ्लिक्सको प्रभाव वर्ष २०७५ मा अझ बढेको छ । हलमा रिलिज नहुने ठूला हलिउड चलचित्र नेपालबाटै हेर्न सकिनु, आइफ्लिक्स र डिस होमले सेवा विस्तार गर्नु तथा नेपाली वितरकले चलचित्र स्ट्रिमिङका लागि भारतीय नेटफ्लिक्ससँग डेलिगेसन जानु सामान्य परिघटना होइनन । विश्व चलचित्रको गुरुत्वाकर्षणबाट नेपाल अछुतो छैन भन्ने यथार्थ हो । सीधै हललाई चुनौती दिने स्ट्रिमिङ सेवाको अभ्यास काठमाडौंमा समेत सुरु भैसकेको छ ।

वर्तमान विन्दुसम्म आइपुग्दा नेपाली चलचित्रले आफूलाई साहित्यिक उत्पादनका रूपमा स्वीकार गरेन जुन हाम्रो 'मुख्य समस्या' हो । चलचित्रलाई बौद्धिक एवं प्राज्ञिक उत्पादनका रूपमा नलिँदासम्म संख्याले गुण दिँदैन । यद्यपि हामीकहाँ 'एन्टी–थेसिस' भैरहेको छ, संख्या टन्नै हुँदा पनि गुण छैन ।

हामीसँग आशावादी हुनु बाहेकको उपाय पनि छैन । यतिबेला चलचित्र मेकिङको एउटा तप्का गम्भीर हुँदै काममा लागिरहेको छ । वर्ष २०७६ मा चलचित्रमा केही नयाँ काम हुनेछन् जसले सिनेम्याटिक संचारलाई सशक्त तुल्याउन सक्छन् । ती हुन्– दोख, सल्लीपिर, होल टाइमर्स, चिसो वर्षा, हिँडेर अमेरिका, गुडबाइ काठमाण्डू तथा रेड फल्लुज । यो हलिउड र बलिउड मनोविज्ञान विच्छेदतर्फको सुखद अवसर हो । यी चलचित्रको संरचना युरोपेली मोडलबाट प्रभावित हुनेछन् जसको अर्थ पर्दामा स्टारभन्दा पात्र सशक्त हुनु हो र दृश्य भाषाको खोजी गर्नु हो ।

आउने वर्ष प्रदर्शनमा आउने चलचित्रले नेपाली समाज कति डेमोक्र्याटिक छ भन्ने कुराको नाडी छाम्नेछन् । किनभने वर्तमान सरकार अभिव्यक्ति स्वतन्त्राप्रति अनुदार बन्दैछ । यतिबेला सरकारी निकाय चलचित्र विकास बोर्डको मुख्य उद्देश्य चलचित्र नीति लागू गर्नु र नयाँ कानुन बनाउनु हो भने राज्यले आयोजना गरेको लगानी सम्मेलनमा अर्थमन्त्रीद्वारा प्रस्तुत २ करोड ५० लाख डलर (झन्डै पौने ३ अर्ब) लागतको चलचित्र सिटी दाताबाट उपेक्षाको शिकार बन्नु विडम्बना हो ।

अर्कातर्फ, वर्ष २०७६ मा जातजाति तथा क्षेत्रीय चलचित्र निर्माण ट्रेन्ड बढ्नेछ । पोखरामा गुरुङ चलचित्रको बलियो उदय हुनसक्छ । वर्ष २०७५ को अन्त्यदेखि केही गुरुङ चलचित्रले नेपाली चलचित्रलाई चुनौती दिँदै व्यवसायिक प्रदर्शन थालेका छन् । डकुमेन्ट्री तथा इन–डिपेन्डेन्ट चलचित्र निर्माणको संख्या बढ्नेछ किनभने लोकार्नो, भेनिस, बुसान आदि फेस्टिभलले नेपाल ओपन डोर्सको थालनी गरेका छन् । बर्लिन, टोरन्टो, सनडान्स तथा कान्स फेस्टिभलमा नेपालको उपस्थिति सुखद हुनसक्छ ।

तैपनि, वर्ष २०७६ मा नेपाली चलचित्र 'अवसाद' न्यारेटिभबाट मुक्त हुन्छ कि हुँदैन, हलिउड र बलिउडबाट आयातित 'हेजेमोनी'लाई फन्को मार्छ कि तीसँग सम्बन्ध विच्छेद गर्छ भन्ने प्रश्नको यो उत्तर मै नेपाली चलचित्रको भविष्य लुकेको छ ।

***(शर्मा चलचित्र समीक्षक हुन्)***

# २०७५ मा को कति चले !



चलचित्र प्रदर्शन भएपछि त्यो सफल भयो कि असफल भन्ने कुराको निर्णय दर्शकले गर्छन् । दर्शकले साथ दिएको चलचित्र सफल हुन्छ, साथ दिएनन् भने राम्रा चलचित्र पनि असफल हुन्छन् । वर्ष २०७५ मा प्रदर्शनमा आएका चलचित्रले यही नै सन्देश दिएका छन् । खासगरी राम्रो भनिएका चलचित्र एकै दिन प्रदर्शन हुनुले पनि केही चलचित्रको व्यवसायिक पक्ष फितलो भएको पाइयो भने कतिपय अवस्थामा प्राकृतिक तथा राजनैतिक कारणले समेत चलचित्रको व्यवसायमा प्रत्यक्ष प्रभाव पर्‍यो । यो वर्ष प्रदर्शनमा आएका चलचित्रका आधारमा अभिनेता तथा अभिनेत्रीहरूको प्रस्तुति कस्तो रह्यो त, कृष्ण भट्टराईको टिप्पणी :

**विपिन कार्की, हरि, प्रसाद तथा गोपी**

अभिनेता विपिन कार्कीका लागि वर्ष २०७५ औषत रह्यो । यो वर्ष उनले अभिनय गरेका तीन चलचित्र हरि, प्रसाद तथा गोपी प्रदर्शनमा आए । यी तीनवटै चलचित्र विषयवस्तुका दृष्टिकोणले उत्कृष्ट रहे । यद्यपि तीमध्ये हरी र गोपीले अपेक्षा अनुरुप व्यवसाय गर्न सकेनन् भने प्रसादले दर्शकको मन जित्यो । यी तीनवटै चलचित्र मार्फत विपिनले आफूले हरेक प्रकारको भूमिकामा अब्बल अभिनय गर्न सक्ने कुरा प्रमाणित गरिदिएका छन् । जेठमा प्रदर्शनमा आउने विपिनको नयाँ चलचित्र जात्रै जात्रा दर्शकमाझ प्रतिक्षाको विषय भएको छ ।

**दीपकराज गिरी, छक्का पञ्जा-३**

दीपकराज गिरीले पुनः एकपटक आफू नेपाली चलचित्रको नम्बर एक 'मेकर' भएको प्रमाणित गरिदिए । उनले निर्माण तथा अभिनय गरेको चलचित्र 'छक्का पञ्जा-३' वर्षकै सर्वाधिक व्यवसाय गर्ने चलचित्र सावित भयो । अघिल्ला चलचित्रमा कमेडीमात्र गरेको आरोप झेलेका दीपकराजले छक्का पञ्जा-३ मा कमेडीसँगै एउटा गम्भिर विषयसमेत उठाए अनि केही सन्देश पनि दिए । अभिनेताका रूपमा समेत दीपकराजको कामले प्रशंसा पायो ।

**दीपाश्री निरौला, छक्का पञ्जा-३**

कुनै बेलाकी कुशल अभिनेत्री दीपाश्री निरौला अहिले अभिनयभन्दा निर्माण एवं निर्देशन मार्फत चर्चामा आइरहेकी छिन् । छक्का पञ्जा-३ लाई कुशलतापूर्वक निर्देशन गरेर दीपाश्रीले आफूलाई सफल चलचित्रकर्मीको सूचीमा उभ्याएकी छिन् । यसै पनि नेपाली चलचित्रमा महिला निर्देशकको संख्या कम भएको अवस्थामा दीपाले त्यो अभाव पूर्तिमात्र गरेकी छैनन्, वर्षकै सर्वाधिक सफल चलचित्र निर्देशन गरेर आफूमा भएको क्षमता समेत प्रमाणित गरेकी छिन् ।

**दीपिका प्रसाईं, छक्का पञ्जा-३**

अघिल्लो वर्ष चलचित्र 'ऐश्वर्या' बाट रजतपटमा पदार्पण गरेकी अभिनेत्री हुन्- दीपिका प्रसाईं । पहिलो चलचित्रबाटै प्रसस्त सम्भावना देखाएकी दीपिकाले दोस्रो चलचित्र 'छक्का पञ्जा-३' मा अझ सशक्त भूमिका निर्वाह गरेर दर्शकलाई प्रभावित तुल्याइन् । यतिबेला तेस्रो चलचित्रमा अनुबन्ध भैसकेकी दीपिका राम्रो स्क्रिप्टमा मात्र काम गर्ने अडानमा बसेका कारण सफल भैरहेको अनुमान गर्न सकिन्छ ।

**प्रियंका कार्की, ह्याप्पी डेज, कोहलपुर एक्सप्रेस, मट्टीमाला, नाइँ नभन्नु ल-५, कथा काठमाडौं, छक्का पञ्जा-३ तथा अनागत**

अभिनेत्री प्रियंका कार्कीका लागि वर्ष २०७५ फलदायी रह्यो । यो वर्ष उनले अभिनय गरेका सातवटा चलचित्र प्रदर्शनमा आए । तीमध्ये केही चलचित्र असफल भए भने केही चलचित्र व्यवसायिक रुपमा उत्कृष्ट सावित भए । ह्याप्पी डेज, कोहलपुर एक्सप्रेस, मट्टीमाला, अनागत, कथा काठमाडौं आदि चलचित्र व्यवसायिक रूपमा असफल वा औसत भए पनि नाइँ नभन्नु ल-५ तथा छक्का पञ्जा-३ उत्कृष्ट रहे । प्रियंका व्यक्तिगत कारणले पनि वर्षभरिनै चर्चामा रहिन् । अभिनेता आयुष्मान देशराज जोशीसँगको उनको इन्गेज्मेन्ट चर्चाको विषय बन्यो । वर्षको उत्तरार्द्धमा प्रियंकाले आयुष्मानसँगको सहकार्यमा आयांक फाउण्डेसन स्थापना गरेर समाजसेवामा समेत सक्रिय हुने घोषणा गरिन् ।

**अनमोल केसी, क्याप्टेन तथा ए मेरो हजुर-३**

अभिनेता अनमोल केसी नेपाली चलचित्रका सुपरस्टार हुन् भन्दा फरक पर्दैन । यो वर्ष उनले अभिनय गरेका दुई चलचित्र क्याप्टेन तथा ए मेरो हजुर-३ प्रदर्शनमा आए । ए मेरो हजुर-३ आज शुक्रबारदेखि प्रदर्शन हुने भएकाले यसको व्यवसायिक पक्षका बारेमा केही भन्न मिलेन । चलचित्र क्याप्टेन व्यवसायिक रूपमा सफल भयो । अघिल्लो वर्ष चलचित्र कृमा एक्सन भूमिकामा प्रस्तुत भएका अनमोल यो वर्ष क्याप्टेनमा फुटबलरका रूपमा पनि उत्तिकै जमे । चलचित्रको पर्दामा उनलाई वास्तविक खेलाडी नै देखियो । ए मेरो हजुर-३ मा उनी दोहोरो भूमिकामा देखा पर्दैछन् । यो चलचित्रमा उनी संगीतकर्मीको भूमिकामा छन् । ए मेरो हजुर-३ को भूमिकामा उनलाई दर्शकले कत्तिको रुचाउने हुन्, हेर्न बाँकी नै छ ।

**प्रदीप खड्का, रोज तथा लभ स्टेसन**

चकलेटी अभिनेता प्रदीप खड्काको फ्यान फलोइङ लोभलाग्दो छ । उनी जहाँ पुग्छन्, त्यहाँ प्रशंसकहरूको भीड लाग्छ । यो वर्ष प्रदीपले अभिनय गरेका दुईवटा चलचित्र प्रदर्शित भए । पहिलो थियो रोज । गोपिकृष्ण मुभिजको यो चलचित्र व्यवसायिक रूपमा खासै सफल हुन सकेन । यद्यपि प्रदीपको भूमिकाले भने प्रशंसा पायो । दोस्रो चलचित्र लभ स्टेसन अहिले पनि सिनेमा हलमा प्रदर्शन भैरहेको छ । व्यवसायिक सफलतातर्फ अग्रसर यो चलचित्रमा प्रदीपले लभर ब्वाइको भूमिका निर्वाह गरेका छन् । प्रदीप आगामी वर्ष कबड्डी-कबड्डीको तेस्रो सिक्वेलमा देखिने प्रवल सम्भावना छ ।

**उपासना सिंह ठकुरी, क्याप्टेन**

पहिलो चलचित्रबाटै सफलता पाउने थोरै कलाकारमा अभिनेत्री उपासना सिंह ठकुरीको नाम पनि आउँछ । चलचित्र क्याप्टेनमार्फत रजतपटमा आएकी यी अभिनेत्रीले आफ्नो पहिलो चलचित्रबाट प्रसस्त सम्भावना देखाएकी छिन् । आगामी वर्ष उनी कबड्डी-कबड्डीको सिक्वेलमा देखिने सम्भावना छ ।



**उमेश थापा र कविता गुरुङ, बोबी**

उमेश थापा र कविता गुरुङ दम्पत्ति हुन्, जो नर्वेमा बसोबास गर्छन् । उनीहरूले आफ्नै जीवन कथामा आधारित चलचित्र बोबीमार्फत रजतपटमा पदार्पण गरेका हुन् । पहिलो प्रयासमै उनीहरूले दर्शकको मन जितेका छन् । उक्त चलचित्रको सफलतापछि उनीहरूले त्यसको सिक्वेल निर्माण गर्ने घोषणा समेत गरिसकेका छन् ।

**नम्रता श्रेष्ठ, प्रसाद**

अभिनेत्री नम्रता श्रेष्ठलाई भर्सटाइल भन्दा फरक पर्दैन । उनी रोमान्टिक चलचित्रमात्र होइन कलात्मक चलचित्रमा पनि उत्तिकै फिट छिन् । यो वर्ष नम्रताले अभिनय गरेको चलचित्र प्रसाद प्रदर्शनमा आयो, जसमा उनको अभिनय लोभलाग्दो देखियो । व्यवसायिक रूपमा समेत सफल भएको यो चलचित्रमा नम्रताले निःसन्तान र गरिबीको पीडालाई प्रभावकारी शैलीमा चित्रण गरेकी छिन् । आगामी वर्ष उनी चलचित्र जाइरामा खेलाडीको भूमिकामा प्रस्तुत हुँदैछिन् ।

**स्वस्तिमा खड्का, बुलबुल, नाइँ नभन्नु ल-५ तथा जय भोले**

अभिनेत्री स्वस्तिमा खड्काले अभिनय गरेको चलचित्र बुलबुलको व्यवसायिक पक्ष जे जस्तो भए पनि उनले अभिनयबाट भने प्रशंसा पाएकी छिन् । उक्त चलचित्रमा निम्न वर्गीय महिलाका साथै टेम्पो चालिकाको अफ्ठेरो भूमिकालाई समेत उनले सहजताका साथ निर्वाह गरेकी छिन् । चलचित्रमा स्वस्तिमाको अभिनयबाट दर्शकका आँखा रसाएको पाइन्छ । व्यवसायिक रूपमा सफल चलचित्र नाइँ नभन्नु ल-५ मा पनि स्वस्तिमाको भूमिकाले दर्शकको मन जितेको थियो । चलचित्र जय भोलेमा पनि उनको भूमिका मन पराइयो ।

**गौरव पहारी, साईंली तथा मिस्टर भर्जिन**

अभिनेता गौरव पहारीका लागि यो वर्ष मिश्रित रह्यो । उनले अभिनय गरेका दुई चलचित्र मिस्टर भर्जिन तथा साईंली प्रदर्शनमा आए । मिस्टर भर्जिनको व्यवसायिक पक्ष खासै राम्रो हुन सकेन, यद्यपि साइँलीबाट भने गौरवले राम्रो सफलता हासिल गरे । साईंलीमा उनको अभिनय प्रशंसनीय रह्यो ।

**मेनुका प्रधान, साईंली**

अभिनेत्री मेनुका प्रधानले अभिनय गरेको जम्मा एउटा मात्र चलचित्र साईंली यो वर्ष प्रदर्शनमा आयो । चलचित्रमा उनी शीर्षक भूमिकामा प्रस्तुत भएकी छिन् । रंगमञ्चको पृष्ठभूमिबाट आएकी यी अभिनेत्रीको अभिनय त्यसै पनि सुन्दर हुन्छ । चलचित्र साइँलीमार्फत उनले पुनः एक पटक आफूलाई प्रमाणित गरेकी छिन् ।

**खगेन्द्र लामिछाने, डमरुको डन्डिबियो तथा जय भोले**

अभिनेता खगेन्द्र लामिछानेका वर्ष २०७५ औषत रह्यो । एकातिर चलचित्र जय भोलेले व्यवसायिक सफलता हासिल गर्‍यो भने अर्कातिर चलचित्र डमरुको डन्डिबियो चल्न सकेन । त्यसो त चलचित्र जय भोलमा नै उनी आफ्नो चरित्रभन्दा भिन्न भूमिकामा प्रस्तुत भएका थिए, जसमा उनले न्याय गरे । डमरुको डन्डिबियोबाट खगेन्द्र अति नै आशावादी थिए । डन्डिबियो खेललाई केन्द्रमा राखिएको यो चलचित्रमा खगेन्द्र प्रभावकारी शैलीमा प्रस्तुत भएका थिए ।

**दयाहाङ राई, भैरे, नेप्टे तथा साईंली**

अघिल्लो वर्ष झण्डै आधा दर्जन चलचित्रमा देखिएका अभिनेता दयाहाङ राई यो वर्ष तीनवटा चलचित्रमा देखा परे । भैरे, नेप्टे तथा साइँलीमार्फत दर्शकमाझ आएका अभिनेता राईका अघिल्ला दुई चलचित्र व्यवसायिक रूपमा सफल मानिएनन् । भैरे र नेप्टेले निराश बनाए पनि उनलाई साइँलीको सफलताले राहत दिएको हुनुपर्छ । आगामी वर्ष दयाले अभिनय गरेका दुई चलचित्र नीरफूल तथा आप्पा प्रदर्शनमा आउने छन् ।

**साम्राज्ञी राज्य लक्ष्मी शाह, कायरा तथा इन्टु मिन्टु लन्डनमा**

अभिनेत्री साम्राज्ञी राज्य लक्ष्मी शाह प्रायः छनोट गरेर मात्र चलचित्रमा अभिनय गर्छिन् । यो वर्ष उनले अभिनय गरेका दुई चलचित्र प्रदर्शन भए-कायरा तथा इन्टु मिन्टु लन्डनमा । चलचित्र कायरामा उनी आर्यन सिग्देलको जोडीका रूपमा प्रस्तुत भएकी थिइन् भने इन्टु मिन्टु लन्डनमामा उनलाई धीरज मगरको साथ थियो । कायराले सफलताको स्वाद चाख्न सकेन । यद्यपि इन्टु मिन्टु लण्डनमा भने व्यवसायिक रूपमा सफल भयो । आफूले अभिनय गरेको एउटा चलचित्र असफल तथा अर्को चलचित्र सफल भएकाले उनका लागि यो वर्ष औसत मानियो । साम्राज्ञी यतिबेला चलचित्र मारुनीको छायांकनमा व्यस्त छिन्, जुन आगामी वर्ष प्रदर्शनमा आउनेछ ।

**सौगात मल्ल, जय भोले**

अघिल्लो वर्ष फाटेको जुत्ता, लालपुर्जा, झ्यानाकुटी, पञ्जेबाजा तथा संरक्षण जस्ता चलचित्रमार्फत दर्शकमाझ आएका अभिनेता सौगात मल्ल यो वर्ष एउटा मात्र चलचित्र जय भोलेमा देखिए । अघिल्लो वर्षका अधिकांश चलचित्र व्यवसायिक रूपमा असफल भएपछि सौगातले यो वर्ष धेरै चलचित्रमा हात हालेनन् । उनको मुख्य भूमिका रहेको चलचित्र जय भोले भने व्यवसायिक रूपमा सफल भयो ।




# जसले यो वर्ष पदार्पण गरे

वर्ष २०७५ मा सर्वाधिक ९३ वटा चलचित्र प्रदर्शनमा आए । तीमध्ये ९० प्रतिशतभन्दा बढी चलचित्रले आफ्नो लगानी सुरक्षित गर्न सकेनन् । ५ प्रतिशत चलचित्रले लगानी सुरक्षित गरे भने बाँकी ५ प्रतिशत चलचित्रले मात्र मुनाफा आर्जन गरे । चलचित्रको व्यवसायिक पक्ष जे जस्तो भए पनि चलचित्र क्षेत्रमा यो वर्ष झण्डै दुई दर्जन नयाँ अनुहार अभिनेता तथा अभिनेत्रीका रूपमा रजतपटमा पदार्पण गरेका छन् । पदार्पण गर्ने नयाँ अनुहारमध्ये अधिकांशले प्रभावकारी काम गरे भने केहीले रहर पूरा गर्न मात्र चलचित्र क्षेत्रलाई रोजेका देखियो ।











### धीरज मगर

चलचित्र इन्टु मिन्टु लण्डनमार्फत पदार्पण गर्ने अभिनेता धीरज मगर बेलायतमा बसोबास गर्छन् । आफ्नो चकलेटी लुक्सका कारण धीरजको फ्यान फलोइङ आकर्षक छ । पहिलो चलचित्रको मध्यम व्यवसायपछि यी अभिनेता दोस्रो चलचित्र आई एम ट्वान्टी वानमा अनुबन्ध भैसकेका छन् ।

### उपासना सिंह ठकुरी

निर्माता भुवन केसीको चलचित्र क्याप्टेनबाट रजतपटमा आएकी अभिनेत्री हुन्- उपासना सिंह ठकुरी । अनमोल केसीसँग अनस्क्रिन रोमान्स गर्दै अभिनय यात्रा प्रारम्भ गरेकी उपासनाले पहिलो चलचित्रबाटै प्रशस्त सम्भावना देखाएकी छिन् ।

### हरिहर अधिकारी

पेसाले ज्योतिष हुन्- हरिहर अधिकारी । उनले अभिनय गरेको पहिलो चलचित्र शुभ लभ दुई हप्ताअघि मात्र प्रदर्शनमा आयो । ज्योतिष विधामा सफल हरिहरले पहिलो चलचित्रमा राम्रै अभिनय गरेका छन् । यद्यपि, उनले अभिनयलाई नै करियर बनाउने सम्भावना भने निकै कम देखिन्छ ।

### प्रियंका एमभि

चलचित्र क्याप्टेनबाट अभिनयमा आएकी प्रियंका एमभिले पनि राम्रो सम्भावना देखाएकी छिन् । अनमोल केसीको जोडीका रूपमा प्रस्तुत भएकी प्रियंकाले अभिनयमै करियर बनाउने योजना बनाएकी छिन् ।

### आशिष पिया

चलचित्र समर लभबाट रजतपटमा आएका चितवनका युवा उद्यमी हुन्- आशिष पिया । आकर्षक व्यक्तित्वका धनी पियाले पहिलो चलचित्रबाट सम्भावना त देखाएका छन् नै, यद्यपि अभिनयलाई निरन्तरता दिने विषयमा उनी आफैं अन्यौलमा छन् ।

### मलिका महत

यात्रा : अ म्युजिकल ब्लगमार्फत अभिनय क्षेत्रमा आएकी मलिका महतले पहिलो चलचित्रमै दृष्टिविहीन युवतीको भूमिका निर्वाह गरेकी छिन् । अभिनेता सलिनमान बनियाँको जोडीका रूपमा मलिका प्रभावकारी देखिएकी छिन् ।

### मुकुन भुषाल

ओस्कार कलेजबाट अभिनयमा स्नातक गरेर भारतबाट स्नातकोत्तर गरेका मुकुन भुसालले पहिलो चलचित्रबाटै प्रशस्त सम्भावना देखाएका छन् । चलचित्र बुलबुलमा स्वस्तिमा खड्कासँग अभिनय गरेका मुकुनको अभिनयमा नयाँपन पाइन्छ ।

### सुहाना थापा

अभिनेत्री तथा निर्देशक झरना थापाकी छोरी हुन्- सुहाना थापा । चलचित्र ए मेरो हजुर-३ बाट दर्शकमाझ आएकी सुहानाले पहिलो चलचित्रमै अनमोल केसीसंग अनस्क्रिन रोमान्स गर्ने मौका पाएकी सुहानाले पहिलो चलचित्रको प्रतिक्रियापछि मात्र अभिनयको भविष्य निर्धारण हुने बताएकी छिन् ।

### किशोर खड्का

चलचित्र बाँध मायालेबाट रजतपटमा आएका अभिनेता हुन्- किशोर खड्का । चलचित्रको व्यवसायिक पक्ष औसत रहे पनि किशोरले प्रहरी अधिकृत तथा प्रेमिका रूपमा प्रभावकारी भूमिका निर्वाह गरेका थिए ।

### निरिशा बस्नेत

चलचित्र जानी नजानीबाट रजतपटमा आएकी निरिशा बस्नेत चलचित्रकर्मी विश्व बस्नेतकी छोरी हुन् । मुम्बईमा बसेर हिन्दी धारावाहिकहरूमा अभिनय गरिरहेकी निरिशाले आफ्नो पहिलो नेपाली चलचित्रबाट राम्रो सम्भावना देखाएकी छिन् ।

### समुन्द्र पण्डित

चलचित्र अनुरागबाट चलचित्रमा आएका अभिनेता हुने- समुन्द्र पण्डित । एलिजा गौतमसँग अनस्क्रिन रोमान्स गर्दै रजतपटमा उदाएका पण्डितले भविष्यमा पनि अभिनयमै सक्रिय रहने योजना बनाएका छन् ।

### शुभेच्छा खड्का

मिस नेपाल २०१२ मा मिस इन्टरनेसनल नेपालको उपाधि जित्न सफल सुन्दरी हुन्- शुभेच्छा खड्का । चलचित्र रणवीरमार्फत रजतपटको यात्रा प्रारम्भ गरेकी शुभेच्छाले पनि अभिनयलाई निरन्तरता दिइरहने बताएकी छिन् ।

### कबिर खड्का

आकर्षक व्यक्तित्वको धनी छन्- कबिर खड्का । खड्काले चलचित्र लम्फूबाट रजतपटमा पदार्पण गरेका हुन् । यही वर्ष उनी दोस्रो चलचित्र तिमी र ममा समेत अनुबन्धित भएका छन् । खड्का चलचित्रमा आउनुअघि मोडलिङ गर्थे ।

### कामना भुजेल

यश कुमारको चलचित्र छिरिङबाट रजतपटमा आउने अभिनेत्री हुन्- कामना भुजेल । मोडलिङ गर्दा-गर्दै चलचित्रमा आएकी कामनाले अभिनयलाई निरन्तरता दिने कि नदिने भन्ने विषयमा निर्णय गरिसकेकी छैनन् ।

### उमेश थापा

व्यवसायिक रूपमा सफल चलचित्र बोबीबाट रजतपटमा उदाएका अभिनेता हुन्- उमेश थापा । नर्वेमा बसोबास गर्ने उमेशले आफ्नै जीवनकथामा आधारित चलचित्रमार्फत अभिनय यात्रा प्रारम्भ गरेका हुन् । अभियनमा अनुभव नभए पनि पहिलो चलचित्रबाट उनले प्रशस्त सम्भावना देखाएका छन् ।

### करुणा श्रेष्ठ

चलचित्र सय कडा दशबाट रजतपटमा आएकी करुणा श्रेष्ठ चलचित्रमा आउनुअघि मोडलिङमा सक्रिय थिइन् । मिस कलेज-२०१२ की विजेता करुणाले विज्ञापन तथा म्युजिक भिडियोहरूमा पनि अभिनय गरिसकेकी छिन् । पहिलो चलचित्र भए पनि करुणाले सय कडा दशमा स्तरीय भूमिका निर्वाह गरेकी छिन् ।

# कसरी बित्यो कलाकारको ०७५ साल ?

महेश तिमल्सिना

अभिनेत्री करिश्मा मानन्धरका लागि २०७५ साल विशेष सावित भयो। उनी यो वर्ष निकै व्यस्त रहिन्। यसैपालि एसईई परीक्षा भएकाले धेरैजसो समय पढाइमै बिताएको मानन्धर बताउँछिन्। 'यसपालि मैले एसईई दिएँ, त्यसैले यो वर्ष सबै काम बिर्सेर पढाइमै केन्द्रित भएँ।' मानन्धर भन्छिन्, 'एसईई परीक्षा सकिएपछि फुर्सदिलो भएकी छु।' यस्तै, उनकी छोरी कविता केही समय पहिले अमेरिकाबाट नेपाल आएकी थिइन्। उनी हाल नेपालमै छिन्। धेरै समयपछि छोरीसँग बस्न पाउँदा एक वर्ष बितेको पत्तै भएन- मानन्धर भन्छिन्।

अभिनेत्री वर्षा शिवाकोटी आफ्ना लागि २०७५ साल मध्यम भएको कुरा बताउँछिन्। यसपालि उनले अभिनय गरेका तीनवटा चलचित्र प्रदर्शनमा आए। ती तीनवटै चलचित्रले उत्कृष्ट व्यापार गर्न नसके पनि आफ्नो सिकाइको केही खुड्किला पार गरेको शिवाकोटी बताउँछिन्। चलचित्र वीरविक्रम-२ को छायाँकनका क्रममा युरोपका विभिन्न ठाउँ घुम्ने अवसर यही वर्ष मिलेको वर्षाले बताइन्। बेला-बेला विभिन्न कारणले चर्चा र विवादमा आइरहने वर्षा यसपालि पनि केही समय अघि विवादमा आएकी थिइन्। उनले सामाजिक सञ्जालमा व्यक्त गरेका केही अभिव्यक्तिले उनलाई चर्चामा ल्याएको थियो। 'मनमा गुम्सिएका कुराहरू बाहिर व्यक्त गर्दा आनन्द महसुस हुँदो रहेछ।' वर्षा भन्छिन्- 'मेरा केही अभिव्यक्तिले यो वर्ष मलाई विवादमा ल्यायो, तर म खुसी छु।'

अभिनेत्री प्रियंका कार्की २०७५ साल आफूले सधैं सम्झने वर्ष भएको बताउँछिन्। यसैपालि उनले अभिनेता आयुष्मान देशराज जोशीसँग इन्गेजमेन्ट गरेकी छिन् भने उनीहरूले आयांक फाउन्डेसन पनि स्थापना गरेका छन्। त्यसबाहेक आफू चलचित्र तथा म्युजिक भिडियोको छायांकनमै व्यस्त भएको कार्की बताउँछिन्। प्रियंका भन्छिन्, 'यसपालि म काममै धेरै व्यस्त भएँ साथै फुर्सदिलो पनि उत्तिकै भएँ, त्यसैले परिवारका लागि समय दिन भ्याएँ भने यसैपाली नयाँ-नयाँ ठाउँ घुम्ने अवसर पनि मिल्यो।'

अभिनेता प्रदीप खड्का विगतका वर्षहरूको तुलनामा यो वर्ष बढी व्यस्त भएको कुरा बताउँछन्। यो वर्ष प्रदीपका दुईवटा चलचित्र प्रदर्शनमा आए। दुवै चलचित्रले मध्यम खालको व्यापार गरे पनि धेरै कुरा सिक्ने मौका मिलेको उनी बताउँछन्। चलचित्रको छायांकन तथा प्रमोशनमा लाग्नुपर्ने भएकाले चलचित्र बाहेक व्यक्तिगत कामका लागि समय निकाल्न नपाएको उनको गुनासो छ। प्रदीपले यही वर्ष विभिन्न देशको भ्रमण समेत गरे। भियतनाम, अष्ट्रेलिया, दार्जीलिङ आदि ठाउँ घुम्ने मौका मिल्यो– खड्काले भने। अभिनेता खड्का पनि बेला-बेला चर्चामा आइरहने अभिनेता हुन्। यो वर्ष पनि उनका बारेमा विभिन्न खालका समाचार सार्वजनिक भए। धेरैजसो नकारात्मक कुराको सामना गर्दै यो वर्ष बिताएको खड्का बताउँछन्।



अभिनेता पुष्प खड्काका अनुसार ०७५ साल उनका लागि निकै फलदायी सावित भयो। पुष्पले यसपालि दुईवटा राम्रो ब्यानरमा काम गर्ने मौका पाए। 'दाल भात तरकारी र मारुनी अभिनय गर्न पाएँ।' पुष्प भन्छन्, 'यो नै मेरो यो वर्षको ठूलो उपलब्धि हो।' गत वर्षको तुलनामा यो वर्ष आर्थिक रूपमा समेत राम्रो भएको खड्का बताउँछन्। यद्यपि चलचित्रमा व्यस्त भएकाले विगतका वर्षहरूको तुलनामा त्यति धेरै म्युजिक भिडियोमा अभिनय गर्न नभ्याएको खड्काले बताए। खड्का अभिनित चलचित्र मंगलम ०७४ सालमा प्रदर्शनमा आएको थियो। ०७५ सालमा उनी यही चलचित्रबाट विभिन्न एवार्डद्वारा सम्मानित भएका थिए। त्यसैले पनि यो साल सम्झनलायक वर्ष भएको पुष्पको तर्क छ।

अभिनेत्री आँचल शर्मा २०७५ साल दौडधुपमै बितेको बताउँछिन्। उनी यतिबेला दाल भात तरकारीको प्रमोशनमा व्यस्त छिन्। विगतका वर्षको तुलनामा आफूले बढी म्युजिक भिडियोमा अभिनय गरेको शर्मा बताउँछिन्। 'यो वर्ष मैले थुप्रै म्युजिक भिडियोमा अभिनय गरें, धेरै म्युजिक भिडियो हिट पनि भए।' आँचल भन्छिन्, 'त्यसैले अघिल्लो वर्षको तुलनामा यसपालि आर्थिक रूपमा पनि अलि बलियो भएको महशुस गरेकी छु।' अध्ययन र अभिनय यात्रालाई सँगसँगै अघि बढाइरहेकी यी अभिनेत्रीले यही वर्ष स्नातक तहको अध्ययन पूरा गरेकी छिन् भने स्नातकोत्तरका लागि पनि भर्ना समेत लिइसकेकी छिन्।

निर्देशक दीपेन्द्र के खनालको यो वर्ष तनावपूर्ण ढंगले बित्यो। 'यो वर्ष चाहिने भन्दा नचाहिने कुरामा धेरै अल्झिएँ।' खनाल भन्छन्, 'वर्षको सुरुवातमै चङ्गाचेटका निर्माता माधव वाग्ले पक्राउ पर्नुभयो। त्यसमै धेरै तनाव बेहोर्नुपर्‍यो। त्यसपछि चलचित्रको रिलिज डेट सर्‍यो त्यसमा पनि समस्या उत्पन्न भयो, चलचित्र रिलिज भएपछि पनि उस्तै तनाव सिर्जना भयो। यस्तै-यस्तै तनावका कारण कतिबेला एक वर्ष बित्यो पत्तै भएन।' दीपेन्द्र २०७६ साललाई भने सिर्जनात्मक ढंगले अघि बढाउने प्रण गर्छन्।

गायक महेश काफ्लेका लागि २०७५ साल विशेष रह्यो। पत्रकारितामा कलम चलाइरहेका महेशलाई नाच फिरिरि गीतले जीवनको बाटो नै परिवर्तन गराइदियो। त्यसैले वर्षैभरि सांगीतिक कार्यक्रममै व्यस्त भएको उनी बताउँछन्। 'नाच फिरिरि गीतले मेरो दैनिकी नै परिवर्तन गरिदियो, अर्को कुरा यो गीतले युट्युबमा सर्वाधिक भ्युज पाउँदा निकै खुसी छु।' महेश भन्छन्, 'यो गीत हिट भएसँगै अन्य काम पनि सुरु गरेको छु।'

लोक गायिका सुशीला गौतमका लागि यो वर्ष मिश्रित रह्यो। उनले यो वर्ष बेलायतको भ्रमण गर्ने अवसर पाइन् भने आफ्नै शब्द, संगीत तथा अभिनयको पाहुना गीत पनि यही साल सार्वजनिक भयो। त्यसबाहेक गीत रेकर्डिङ र स्वदेशका मेला महोत्सवहरूमा प्रस्तुति दिँदै यो वर्ष बितेको गौतम बताउँछिन्।

बेली डान्सर तथा मोडल बिनु शाक्यका लागि वर्ष ०७५ फलदायी रह्यो। बिनु यही वर्ष बेली डान्सरका रूपमा थप चर्चामा आइन् जसले उनलाई मेला महोत्सवहरूमा व्यस्त बनायो। शाक्यका लागि यो वर्ष केही अप्रिय घटना पनि घटे। उनी केही हप्ता पहिले बर्दिबास महोत्सवमा जाने क्रममा दुर्घटनामा परेर घाइते भइन्। त्यसैले पनि यो वर्ष नबिर्सने खालको भएको उनी बताउँछिन्।

मोडल सृष्टि खड्का यो वर्ष आफ्ना लागि लाभदायक भएको कुरा बताउँछिन्। उनी यसपालि धेरैजसो सुटिङमै व्यस्त रहिन्। सृष्टिले अभिनय गरेका कतिपय म्युजिक भिडियोले सफलता पनि प्राप्त गरे। अधिकांश समय म्युजिक भिडियो सुटिङमै व्यस्त भएकाले आर्थिक रुपमा पनि राम्रो भएको खड्काले बताइन्।



**सुनिल क्षेत्री**

नृत्यमा आधारित रियालिटी शो डिआईडीमा आफ्नो नृत्य कला प्रस्तुत गरिसकेका सुनिल क्षेत्री कुशल नृत्यकारका साथै सफल कोरियोग्राफर समेत हुन्। सुनिलले चलचित्र चीं मुसी चीबाट अभिनयमा पाइला चालेका छन्।

**शिल्पा मास्के**

अभिनेत्री शिल्पा मास्के त्यस्ती भाग्यमानी कलाकार हुन्, जसले पदार्पण गरेकै वर्ष तीन वटा चलचित्रमा अभिनय गरिन्। तीमध्ये द ब्रेकअप तथा कागजपत्र त प्रदर्शन नै भैसकेका छन्। अहिले उनी चलचित्र सानो मनमा व्यस्त छिन्।

**अभिषेक नेपाल**

चलचित्र नाइँ नभन्नु ल-५ बाट अभिनेताका रूपमा पदार्पण गरेका अभिषेक नेपालले पहिलो चलचित्रमै स्वस्तिमा खड्कासँग अनस्क्रिन रोमान्स गर्ने मौका पाए।

**आश्मा गिरी**

चलचित्र ड्रिमगर्लमार्फत रजतपटमा आउने नयाँ अनुहार हुन्- आश्मा गिरी। उक्त चलचित्रको व्यवसायिक पक्ष सुखद नरहे पनि आश्माले भने सकारात्मक प्रतिक्रिया पाइन्। नृत्यमा अब्बल आश्माले पनि चलचित्रमै करियर बनाउने योजना बनाएकी छिन्।

**सुपुस्पा भट्ट**

चलचित्र रणवीरमार्फत रजतपटमा आएकी अभिनेत्री सुपुष्पा भट्टले आफ्नो सौन्दर्यबाट राम्रो प्रशंसा पाइरहेकी छिन्। अडिसनमार्फत पहिलो चलचित्रमा छनोट भएकी सुपुष्पाले अभिनयमै करियर बनाउने निर्णय गरेकी छिन्।

**कमला वली**

रेखा थापाको चलचित्र मालिकामार्फत रजतपटमा आएकी नयाँ अभिनेत्री हुन्- कमला वली। १५ वर्षीया वलीले पहिलो चलचित्रबाट दर्शकलाई प्रभावित बनाइन्।



केवल एक प्रश्न

# आउने वर्ष के शुभको आशा गर्नुभएको छ ?



■ जेविका कार्की, अभिनेत्री
तस्बिर : नवराज वाग्ले

नयाँ वर्षमा मैले संगीत भरेका धेरै गीत बजारमा आउने तयारीमा छन् । विशेषगरी गायक शिव परियारसँग मिलेर नयाँ गीत क्षतिपूर्ति सार्वजनिक गर्ने तयारीमा छु । हामीले यो गीतमा निकै मेहनत गरेका छौं । नयाँ वर्षकै दिन गीत रिलिज हुँदैछ । त्यसैले यो गीत लोकप्रिय हुनेमा आशावादी छु ।

**बादल घिमिरे, संगीतकार**

हावाहुरी, बाढी-पहिरोजस्ता प्राकृतिक प्रकोप कम हुन् अनि नेपाली चलचित्रको व्यवसायिक स्थिति मजबुत होस् भन्ने कामना गर्छु ।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

यो वर्ष नेपाली चलचित्रको व्यवसायिक पक्ष राम्रो रहेन । त्यसैले आउने वर्ष प्रदर्शनमा आएका चलचित्रले आक्रमक व्यापार गर्छन् भन्ने आशा गरेको छु ।

**मुस्कान ढकाल, निर्देशक**

आउने वर्ष मेरो फिल्मी करियर अझ बलियो भएर माथि चढोस् । मैले काम गरेको चलचित्र ब्लकबस्टर बनोस् । नेपालमा रोजगारीका अवसर बढून् ताकि स्वेच्छाले विदेशको बाटो तताउनु परोस्, बाध्यताले होइन ।

**पुष्प खड्का, अभिनेता**

सर्वत्र शुभ भयो भने म आफैं पनि लाभान्वित हुनेछु । तैपनि भन्नैपर्दा एउटा चलचित्र बनाउँदैछु । यो चलचित्र यादगार होस्, त्यही नै हो ।

**दीपकराज गिरी, अभिनेता**

देशको समृद्धिका साथै नेपाली चलचित्र क्षेत्रको पनि विकास होला भन्ने आशा राखेकी छु ।

**दीपाश्री निरौला, अभिनेत्री**

आउने वर्ष देशले विकास र समृद्धिको बाटो पछ्याउला भन्ने आशा गरेको छु । सांगीतिक क्षेत्रमा पनि राम्रा प्रतिभाको प्रवेश भैरहेको छ । त्यसैले फरक-फरक शैलीका गीत-संगीतले नेपाली सांगीतिक क्षेत्र थप सशक्त हुनेछ भन्ने विश्वास लिएको छु ।

**वसन्त सापकोटा, संगीतकार**

म आशा राखेर निराश हुन चाहन्नँ । त्यसैले मेरो यो वर्ष जसरी बित्यो आउने वर्ष पनि यसै गरी बिताउन पाइयोस् भन्ने चाहना छ ।

**भोजराज काफ्ले, गायक**

म अहिले चलचित्र क्षेत्रमा छु । त्यसैले यसको प्रगतीको आशा राख्छु । अहिले मुलुकमा प्रदेश सरकारहरू गठन भएका छन् । प्रदेश सरकारले प्रभावशाली ढंगले काम गरून्, देशमा उद्योगधन्दा कलकारखानाको विस्तार भएर विदेशी भूमिमा श्रम गरिरहेका नेपाली दाजुभाइ तथा विदेसिन बाध्य युवावर्गलाई नेपालमै रोजगारीको अवसर प्राप्त होस् भन्ने अपेक्षा गरेको छु ।

**आकाश अधिकारी, निर्माता**

देश विकासको गतिमा अघि बढेको हेर्न मन छ ।

**महेन्द्र गौतम, मोडल**

करियरको हिसाबले कुरा गर्ने हो भने, आउने वर्ष सांगीतिक क्षेत्रमा केही नयाँ काम गर्दैछु । यो कामबाट राम्रो प्रतिफलको आशा गरेकी छु । बितेको वर्ष मेरा लागि मध्यम नै रह्यो । मैले यसपालि गरेका कतिपय काममा राम्रो प्रतिफलको आशा राखेकी थिएँ, तर कुनै-कुनै कामबाट अपेक्षा गरेजस्तो प्रतिफल प्राप्त गर्न सकिएन । त्यसैले पनि आउने वर्ष गरेको कामबाट राम्रो प्रतिफलको आशा राखेकी छु । यसबाहेक देश विकासको गतीमा अघि बढेको देख्न पाइयोस् ।

**प्राश्ना शाक्य, गायिका**

२०७६ सालमा हावाहुरी, बाढीपहिरोजस्ता प्राकृतिक प्रकोपको सामना गर्नु नपरोस् भन्ने कामना गर्छु । देशका राजनीतिक दलहरूभित्रै पनि अनेकौं समस्या छन् ती सबै मिलेर जालान् अनि राम्रा नेपाली चलचित्र बन्लान् र चलचित्र क्षेत्रको व्यवसाय पनि राम्रो होला भन्ने आशा राखेको छु ।

**विल्सम विक्रम राई, अभिनेता**

यो वर्ष रोकिएका कामहरू आउने वर्ष पूरा हुन्, साथै यसपालि नेपाली चलचित्रले सोचेजस्तो व्यापार गर्न सकेन आउने वर्ष नेपाली चलचित्रले राम्रो व्यापार गर्छ भन्ने आशा राखेकी छु ।

**जेविका कार्की, अभिनेत्री**

समग्र सांगीतिक क्षेत्रको सफलताको कामना गर्दै चलचित्रको पार्श्व गायनमा अझ बढी सक्रिय हुन सकियोस् ।

**प्रहलाद तिमिल्सिना, गायक**

राजनीतिक अस्थिरता हटेर देशका सबै क्षेत्रमा लगानी गर्न सक्ने वातावरण बनोस् । कला, साहित्य, संगीतमा राम्रा सिर्जनाहरू आऊन् ।

**भूपेन्द्र खड्का, गीतकार**

आउने वर्ष म्युजिकल करियरमा अझ प्रगति हुने तथा पार्श्व गायनमा जम्ने आशा गरेको छु ।

**विश्व नेपाली, गायक**

आउने वर्ष म अभिनेत्री तथा निर्देशकका रूपमा पनि आउँदैछु । मैले निर्माण गरिरहेको चलचित्र द डार्क एन्ड लाइट हेरेपछि नेपालमा पनि हलिउडस्तरको चलचित्र बन्छ भन्ने सन्देश जाने शुभ आशा गरेकी छु ।

**सरस्वती लामा, गायिका/अभिनेत्री**

सर्वप्रथम त अघिल्ला वर्षका अधुरा काम पूरा हुने आशा गरेकी छु । नयाँ वर्षसँगै नयाँ कामको थालनी गर्न पाइयोस् । वर्षका सबै दिन शुभ रहून् ।

**सुप्रिया कटवाल, अभिनेत्री**

आशा गरेको छैन, बरु नेपाली नेताहरूसँग हामी जहाँ गए पनि म नेपाली हुँ भन्ने कुरा इज्जतका साथ भन्न पाइयोस् भन्ने कामना गरेकी छु ।

**विपना थापा, अभिनेत्री**

हरेक नयाँ वर्षमा शुभकामना आदान प्रदान गर्ने चलन पुरानै हो । खासगरी हामीजस्ता सर्वसाधारणले व्यक्त गर्ने भनेको व्यक्तिगत शुभकामना नै हो । आफन्त, नातागोता तथा मित्रहरूको आगामी वर्ष शुभ रहोस् । हरेक नयाँ वर्षको अवसर पारेर मानिसहरू नयाँ प्रण गर्छन् । म चाहिँ आफ्नो सांगीतीक क्षेत्रको शुभ होस् भन्ने कामना गर्छु ।

**कला डी पंगेन, गायिका**

समग्र नेपालीको भलो त्यति बेला हुन्छ, जब देश शान्ति र समृद्धिको बाटोमा अघि बढ्छ । त्यसैले सबै राजनैतिक दलले स्वर्थभन्दा माथि उठेर देशका लागि काम गरेको हेर्न चाहन्छु भने कलाकर्मीको नाताले सर्जकको रोयल्टि व्यवस्थापन सही रूपमा होस् र समग्र नेपाली चलचित्र क्षेत्रको उत्थान होस् भन्ने चाहन्छु ।

**अर्जुन पोखरेल, संगीतकार**

जब व्यापारमा इगोले स्थान बनाउँछ, तब चलचित्र प्रदर्शन हुँदैनन्, भिँड्छन् । किन र कसको फाइदा अथवा इसारामा ? आउने वर्ष त्यस्तो नहोस् । वर्ष २०७६ नेपाली चलचित्रका लागि एकदमै राम्रो वर्ष सावित होस् ।

**दिनेश सिटौला, सञ्चारकर्मी**

मनको चाहनाले साकार रूप लिने आशा छ ।

**सुविन लिम्बु, पूर्व मिस नेपाल**

नयाँ वर्षले सम्पूर्ण नेपालीको जीवनमा उज्यालो ल्याओस् । देशको विकासका साथै शिक्षा र रोजगारीको ग्यारेन्टी होस् ।

**नीलडेविड कटवाल, हेयर एक्सपर्ट**

नेपालले प्रविधिमा फड्को मारेको हेर्न मन छ । यसका साथै हाम्रो देशमा पनि क्यासलेस विद्युतीय कारोबार स्थापित हुने अपेक्षा गरेको छु ।

**अलाइभ ग्लाइडर, व्यवसायी**

आउने वर्ष नेपाली सांगीतिक क्षेत्रले उत्कृष्ट संगीत, शब्द तथा स्वर भएका गीतहरू पाओस्, जसले नेपाली संगीतप्रति गर्व गर्न सकियोस् ।

**राजु सिंह, संगीतकार**

नेताहरूमा कम बोल्ने बढी काम गर्ने, जनतामा सकारात्मक सोंचने र विकासका काममा सहभागी बन्ने, कलाकारमा भाइरल बन्ने भन्दा पनि लोकप्रिय बन्ने सद्बुद्धि प्राप्त होस् ।

**दीपक आचार्य, हास्यकलाकार**

सांगीतिक क्षेत्रले गर्व गर्ने खालका गीत-संगीत सिर्जना गरेर नेपाली संगीतलाई अझ उचाइमा पुऱ्याउन सकियोस् ।


**राजनराज शिवाकोटी, गायक/संगीतकार**


the kathmandupost
PRESENTS
Nepal Ice
ifwn
INTERNATIONAL FASHION WEEK NEPAL / POKHARA
SHREYA SINGH
Stylish/Choreographer
MONA SHROFF
Jewellery Designer
INTERNATIONAL FASHION WEEK
POKHARA
DATE : 2075 CHAITRA 28, 29, 30
VENUE: SKY SPORTS CLUB, NEW ROAD, POKHARA
SAGAR ALE
SWOOPNA SUMAN
EVENT BY:
SILVER ENTERTAINMENT
ORGANIZED BY:
NEPAL FASHION DESIGNERS ASSOCIATION
Fashion Federation
BIG COLA
HAR-PAL RICH RICE
HOTEL PARADISE INN
TIPA'S CREATION
Kinderpillar
NAMASTE
OFFICIAL DESIGN INSTITUTE CENTRAL FASHION HUB
NEPAL TOURISM BOARD
MONA SHROFF JEWELLERY HONG KONG
LIFE
SKY SPORTS VENUE PARTNER
CHESUNG WINE
khalti
Nepal Ice
PREMIUM LAGER BEER
Nepal's Pride

घुमघाम

# राजेशपायलको सिफारिसमा परेका दस स्थान





मुस्ताङ



दोधरा चाँदनी



भेडेटार



पाथीभरा

गायक राजेशपायल राईले सांगीतिक कार्यक्रमका क्रममा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका प्रायः सबै स्थानको भ्रमण गरिसकेका छन् । देशका प्रमुख सहर मात्र होइन मेला-महोत्सवका क्रममा उनले थुप्रै गाउँघरको भ्रमण समेत गरेका छन् । नयाँ वर्ष २०७६ को पूर्व सन्ध्या पारेर राजेशले आफ्नो रोजाइमा परेका दश स्थानका बारेमा जानकारी मात्र दिएका छैनन्, ती स्थानको भ्रमण गर्न आग्रह समेत गरेका छन् । गायक राईले यसै साता आफ्नो १९ औं एकल एल्बम 'दर्शन नमस्ते-४' सार्वजनिक गरेका छन् भने गत बुधवारमात्रै उनी सांगीतिक कार्यक्रममा सहभागिता जनाउन विदेश प्रस्थान गरेका छन् ।

## भेडेटार, धरान

धरानभन्दा केही किलोमिटर माथि पर्ने भेडेटार म धेरै पटक पुगिसक्दा पनि अघाएको छैन । भेडेटारले मलाई मात्र होइन, हरेक पर्यटकलाई लोभ्याउँछ । जाडो होस् अथवा गर्मी, त्यहाँ हरेक क्षण चीसो अनुभव गर्न पाइन्छ । त्यहाँबाट देखिने दृश्यले जो-कसैलाई लोभ्याउँछ । जीवनमा एक पटक पुग्नै पर्ने स्थानमा भेडेटारलाई मैले पहिलो स्थानमा राखेको छु ।

## दुवाचुङ डाँडा, हलेसी

खोटाङको हलेसीस्थित दुवाचुङ डाँडा विभिन्न दृष्टिकोणले घुम्नका लागि उपयुक्त स्थान बन्दै गएको छ । पहिले हामी त्यो स्थानलाई माला थुम्की भन्थ्यौं । डाँडाको माथि आकर्षक स्तम्भ तथा मुन्तिर हलेसी थान छ । त्यहीं भगवान् गौतम बुद्धको आकर्षक गुम्बा पनि छ । हिन्दु, बौद्ध तथा किराँत धर्मको संगमस्थल भएकाले उक्त स्थान धार्मिक तथा सांस्कृतिक रूपले पनि महत्वपूर्ण भएको हो ।

## पोखरा र आसपास

जति पटक पुगे पनि ताजा लाग्ने शहर भनेकै पोखरा हो । पोखराको फेवाताल, माछापुच्छ्रे हिमालको मनोरम दृश्य, बौद्ध स्तूप तथा सराङकोटले हरेक पटक उत्तिकै लोभ्याउँछन् । पोखराको हावापानी र स्वच्छता पनि उत्तिकै प्रिय छ ।

## जनकपुरधाम

जनकपुर आफैंमा एउटा ऐतिहासिक स्थल हो । जनकपुर माता सीताको जन्मभूमिका रूपमा लोकप्रिय छ । जानकी मन्दिरको सौन्दर्य त्यहाँको सबैभन्दा रोचक पक्ष हो । यो मन्दिर निकै मनमोहक देखिन्छ । मन्दिरमा कुँदिएको कलाले पनि हरेकलाई लोभ्याउँछ ।

## नाम्चेबजार

पैदलयात्राबाट पुग्न सकिने नाम्चेबजारको सौन्दर्य शब्दमा वर्णन गर्न गाह्रो छ । नाम्चे पुगेपछि सगरमाथालाई आफ्नै छातिमा अनुभव गर्न सकिन्छ ।

## मुस्ताङ


सधैं चिसो हुने मुस्ताङ प्राकृतिक सौन्दर्यका लागि प्रख्यात छ । त्यहाँ पुगेपछि जो-कसैले आफूलाई स्वर्गमै पुगेको अनुभव गर्छन् । माथि मुक्तिनाथ अनि तल बग्ने काली गण्डकीले आफू अर्कै ग्रहमा पुगेको महसुस गराउँछ ।

## घान्द्रुक

पर्यटकीय दृष्टिकोणले अत्यन्त महत्वपूर्ण छ– घान्द्रुक । पैदल यात्राबाट त्यहाँ पुग्दाको रोमाञ्चकता अद्वितीय हुन्छ । त्यहाँको बस्ती तथा सामाजिक परिवेश पनि उत्तिकै मनमोहक छ ।

## ठमेल, काठमाडौं

काठमाडौंको मुटुमा अवस्थित ठमेलको आफ्नै महत्व छ । कुनै बेला म रात्री जीवनमा रमाउँथें । त्यतिबेला म हरेक रात ठमेलका सडक नाप्थे । काठमाडौंमा रात्रिजीवनको रमाइलो अनुभव गर्न चाहनेहरूका लागि ठमेल सर्वाधिक उपयुक्त स्थल हुन सक्छ ।



पोखरा

## दोधारा चाँदनी

नेपालको सबैभन्दा पश्चिममा पर्ने कञ्चनपुरको दोधारा चाँदनी पनि एक पटक पुग्नै पर्ने क्षेत्र हो । त्यहाँबाट भारतलाई पनि छुन सकिन्छ । त्यहाँ निर्माण गरिएको पुलले त्यो क्षेत्रको सौन्दर्य बढाएको छ ।

## पाथीभरा, ताप्लेजुङ

म अहिलेसम्म धार्मिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण पाथीभरा पुग्न सकेको छैन । यद्यपि, त्यहाँका तस्बिर तथा भिडियोहरू हेरेर मैले यसलाई एकपटक पुग्नै पर्ने ठाउँको सूचीमा राखेको छु ।

प्रस्तुति : कृष्ण भट्टराई



ठमेल



जनकपुर

# २०७५ को फेसनमा कुन ड्रेस चल्यो

सिर्जना दुवाल श्रेष्ठ









## स्पोर्टी लुक्स

२०७५ को सुरुदेखि नै युवा पुस्ता स्पोर्टी लुक्स देखियो । वाइड लेगिङ तथा हाई वेस्ट पाइन्टसँग क्रप टप, बोल्ड फ्लावर प्रिन्टको ड्रेस, पारदर्शी फेब्रिकमा लेयरिङ ड्रेस, तलदेखि माथिसम्म एउटै कलरको फेब्रिकमा वान पिस, जम्पसुट, स्कर्ट, वान पिस, फिटिङ ब्लेजर, क्लाबिन क्लेन्थ ड्रेसेज, कटन ब्लेन्ड टप, लेदर स्कर्ट, स्लिकी बक्सर स्टाइल आदि फेसनमा हावी रहे । गत वर्ष पेस्टल कलरहरूमा पफ सिल्भहरू चले । युवापुस्ता माझ लुज फिटमा मम् जिन्स, ब्वाइफ्रेन्ड जिन्स, जगस पाइन्ट, रिप जिन्स लोकप्रिय देखियो । ग्रन्ज जिन्सका हाफ पाइन्ट, कटन पेस्टल कलरका हाफ तथा क्वाटर पाइन्ट पनि युवापुस्ताको रोजाइमा रह्यो ।





## फेस्टिभ लुक्समा क्याजुअल वेयर

गत वर्ष इस्टर्नको तुलनामा युरोपियन फेसनतर्फ झुकाव बढेको देखियो । पेस्टल कलर, ग्रिन टोन बढी हाइलाइटमा रहे । पहिले जस्तो चाडपर्व भन्दैमा सारी तथा कुर्ता नै लगाउने चलन यसपटक अलि कम भयो । वाइड लेग कटन पाइन्ट धेरैले मन पराए । यो लुकमा क्रप टपलाई लङ ज्याकेट र कोट पनि चल्यो । २०७५ को सुरुदेखि नै स्लिभमा फ्रिलहरू प्रयोग गरी स्टाइलिस्ट र स्मार्ट देखिने लहर देखियो । सर्ट, ब्लाउज, लेहेंगा चोलीमा पनि स्लिभमा फ्रिल धेरै नै चलेको फेसन हो । ट्रेडिसनल लुक्स झल्काउने पहिरन नै लगाऊँ भन्ने सोच राख्नेहरूले पनि जिन्समै लंग इम्ब्रोडरी टप्स, क्लोज नेक आउटर, रेड स्टेट पाइन्टमा डिजाइनर आउटर स्टाइल ड्रेसमा रेड बेल्ट आदि रुचाइएको पाइन्छ ।

## फ्युजन लुक्स

विग प्लाजोमा म्याचिङ टप र म्याचिङ लंग आउटरले फ्युजन ट्रेडिसनल लुक देखाउँछ जुन २०७५ भरि नै फेसनमा रहेको पहिरन हो । त्यस्तै ब्वाइ फ्रेन्ड जिन्समा इम्ब्रोडरी गरिएको ज्याकेट, ब्यागी जिन्समा रेड कलरको कुर्तीले न्यूलुक चाहनेहरूको मन जित्यो । त्यस्तै गत वर्ष प्लस ४० का लागि लङ स्कर्ट फेसनमा रहे । यी ड्रेसलाई एन्टी एजिङ ड्रेसका रूपमा समेत लिन सकिने भएकाले धेरैले रुचाए र यसको फेसन समर भरी नै यथावत रह्यो भने यो उमेरकाहरूले फेस्टिभ लुक्सका लागि फिटिङ र स्टेट म्याक्सी ड्रेस पनि रुचाइएको पाइयो ।

## टिनएजर

यो उमेरकाहरूमा हाई वेस्टेड पाइन्टमा क्रपटप, मिनि स्कर्ट तथा स्कर्टहरू फेसनमा रहे । यी ड्रेस कलर र डिजाइनमा ट्विस्ट गरी लगाइएको पाइयो । त्यसका साथै वान पिस, फ्लोरी वान पिस, फिट एन्ड फ्लेयर ड्रेसहरू पनि फेसन बजारमा चलेका आउटफिट हुन् । यस पटक टिनएजरहरू सेमी फर्मलमा ढल्किएको पाइयो । यस्ता पहिरनले टीनएजरलाई म्याचोड तथा सेक्सी देखाए ।

## कलर र फेब्रिक

बिग प्रिन्ट, कलरफूल भाइब्रेन्ट कलरबाहेक पेस्टल कलरको कलरफुल ड्रेस पनि फेसनमा रह्यो । प्रिन्टेड पाइन्ट तथा क्रपटप क्लोज नेक पपुलर रह्यो ।

## एक्सेसरिज

२०७५मा खाली घाँटीमा कानको ठूलो हाइलाइटिङ इयरिङ बढी लगाइएको पाइयो । क्याजुयल फेस्टिभ ड्रेसका लागि डाइमन्ड वा गोल्डको तुलनामा फ्युजन एक्सेसरिज नै ज्यादा रुचाइयो ।

## फुट वेयर

६० को दशकमा रहेको क्लोज, प्वाइन्टेड सुज २०७५ मा पुन भित्रिएको थियो भने ब्लक हिल तथाएंकल लेन्थ बुथ पनि फेसनमा रह्यो । गत वर्ष फुट वेयरमा न्युड कलरकै एकछत्र राज रह्यो । जुनसुकै ड्रेसमा पनि सुहाउने न्युड कलरले व्यक्तिलाई अग्लो पनि देखाउँछ

### २०७५ मा सबैभन्दा रुचाइएको पहिरन लगाउने सेलिब्रेटी

१. नम्रता श्रेष्ठ
२. स्वस्तिमा खड्का
३. मनिता देवकोटा
४. प्रियंका कार्की
५. साम्राज्ञी राज्यलक्ष्मी शाह
६. वर्षा शिवाकोटी

(फेसन डिजाइनर रमिला नेमकुल, मनीष राई, रसना श्रेष्ठ मुसी तथा विजय गौतमसँगको कुराकानीमा आधारित)

## जनताको विचार



२०७५ को उपलब्धि केलाई मान्नुहुन्छ ?

१. विप्लवको उदय

२. आफ्नै सानो दोकान खोलियो ।

**महेन्द्र थुलुङ**

उपलब्धि शून्य नै रह्यो, मात्र ०७५ को ठाउँमा ०७६ लेख्न पाइने भयो ।

**मनिष श्रेष्ठ**

प्रधानमन्त्रीले उखान-टुक्का सुनाएर जनतालाई उल्लू बनाउन सक्नु नै ठूलो उपलब्धि भयो ।

**शंकर खड्का**

उपलब्धि भन्ने कि दुर्गति भन्ने स-परिवार विदेश लागियो ।

**राई रमेश**

दुइवटा उपलब्धि :

१. विवाह गर्नु परेन

२. जापान काण्ड १ र २ हेर्न पाइयो ।

**चन्दा गौतम**

आफूलाई यो ७५ मा अत्यधिक आर्थिक संकट आइपर्‍यो । यसको दीर्घकालीन असर मेरो जीवनभर पर्नेछ । त्यही हो उपलब्धि ।

**कुमार अविरल**

आफू त बेरोजगार, बेरोजगार भत्ता लिएर बचेखुचेको पैसाले एउटा कार किनेर चढ्ने सपना बुनेको छु । यसैलाई उपलब्धि मान्नुपर्ला ।

**दिलिप प्रजापति**

जागिरका कारण व्यक्तिगत स्वार्थमा लिप्त भएको अनुभव गरियो तसर्थ जागिरबाट अलग भएर निःस्वार्थ सामाजिक सेवामा लाग्ने प्रण गरियो ।

**उमेश थापा**

होली वाइन, वाइड बडी, बाराको हुरी, ताप्लेजुङ दुर्घटना, लगानी सम्मेलनको अंग्रेजी यस्तै-यस्तै त हुन् ।

**श्याम अधिकारी**

आफूले स्नातकोत्तर सकेको वर्ष रह्यो– २०७५ ।

**रोशन राई**

एक वर्षभरि २०७५ लेख्न पाइयो ।

**मोहन**

१. गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको शिलान्यास हुनु,

२. जापानसँग श्रम सम्झौता गरिनु ।

**हरीश ऐर**

नेपाली क्रिकेट टिमले युएईविरुद्ध वान डे तथा टी-२० सिरिजमा ऐतिहासिक सफलता प्राप्त गर्नु नै २०७५ को सबैभन्दा ठूलो उपलब्धि हो ।

**रमन श्रेष्ठ**

लोडसेडिङको अन्त्य ।

**योगेश राइ**

१. नयाँ नेपालको सपना देखाइनु ।

२. नयाँ नेपालको सपना देखाउनेहरू नै निदाउनु ।

३. परनिर्भरताको पराकाष्ठा ।

४. चीनसँगको नाका नखुल्नु ।

**कम्पनी दर्ता**

निर्मला पन्त प्रकरणका दोषी पक्राउ नपर्नु ।

**दीपेन्द्र प्रसाद**

चलचित्रकर्मी, नेता तथा पत्रकारहरूको नाटकलाई मान्दा बेस होला ।

**आर्जु रिजाल**

विवाह गरियो, दुनियाँको कहिले बिहे गर्छस् भन्ने जिज्ञासा शान्त पारियो ।

**दीपक तामाङ**

मैले साप्ताहिकको यो प्रश्नको उत्तर दिन पाउनु अनि तपाईंले प्रकाशन गर्न पाउनु नै मुख्य उपलब्धि हो ।

**सुदिप तामाङ**

सबै अझकल्टो भएको छ । चाहे विकास निर्माणको कुरा गरौं वा अन्य उपलब्धिको । नभएको केहि छैन तर राम्रोसँग भएको पनि केही होइन ।

**हरि थापा**

प्रधानमन्त्रीको उखान-टुक्कामा चाहिँ प्रगति भा'को छ ।

**संजीव श्रेष्ठ**

नानी, पानी र जवानी सबै गुमायो देशले ।

**सुभाष चौधरी**

पानीजहाज कार्यालयको स्थापना ।

**इश्वर श्रेष्ठ**

हामी जनता हत्या, हिंसा, बलात्कार, प्राकृतिक विपत्तिजस्ता अनेकौं पीडाबाट गुज्रिरहँदा सरकारचाहिँ सुशासनको एवार्डदेखि लिएर भ्रष्टाचार, घुसपैठ आदिको खेलमा रमाउने प्रयासमा देखियो ।

**निर्माला बराल**

२ केजी पेट बढ्यो । उन्नति, प्रगति, समृद्धि, उपलब्धि– जे भने पनि यही हो ।

**सिकारु दाइ**

यो वर्ष पनि मेरो विवाह भएन ।

**सुस्केरा**

एकपटक फेरि हावाहुरी चल्यो । हुरीले देशका सयौं बासिन्दाको बास भताङभुतुङ पारिदियो । अब सुन्दै छु, सहयोगका लागि हात फिजाउँदै छ सरकार । अब सहयोग उपलब्ध हुन्छ विदेशबाट, अनि फेरि नेताहरूलाई दसै आउँछ ।

**विश्व पौडेल**

सम्झनलायक उपलब्धि केही छैन । महँगी र छोराछोरीको बढ्दो स्कुल फीले पीडा दिन्छ । गएको वर्षको तुलनामा यो वर्ष डबल नै ऋण थपिएको छ ।

**सन्तोष सिंखडा**


नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना



CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउनेः Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

* * * * * * * * * * * * * * * * * * * *

नोटः यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेलः ४२१५६२८, लगनखेल बसपार्कः ९८६४२५८१८८, चावहिलचोकः ४४९३३६१, नयाँबानेश्वरः ९८६४२५८१७६, कोटेश्वरचोकः ४६०००१५, कलंकीचोकः ५२३४४८९, गोंगबुचोकः ४०२००९९, बुटवलः ०७१-५४१४६९, नारायणगढः ०५६-५७२१४४, पोखराः ०६१-५२४९८१, बाग्लुङ्गः ०६८-५२२७१०, इटहरी चोकः ०२५-५८७१७५, दाङ घोराहीः ०८२-५६३६११, बिर्तामोडः ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

### यो साता

**चैत २९ गते**
विश्व मानव अन्तरिक्ष विमान दिवस

**चैत ३० गते**
चैते दसैं

**वैशाख १ गते**
नयाँ वर्ष २०७६ आरम्भ, भक्तपुर विस्केट जात्रा

**वैशाख ५ गते**
विश्व सम्पदा दिवस

### मेष

साझेदारीमा थालिएको कार्यले फाइदा पुर्‍याउँदै अन्य अवसरको ढोका खोल्नेछ । रोजगारी तथा पदोन्नति प्राप्त गर्न कडा मेहनत गर्नुपर्ला । ठूला लगानीका व्यवसायबाट प्रशस्त मुनाफा हात लाग्नेछ । प्रेमिकासँगको खटपटमा मौन रहनु नै उपयुक्त हुन्छ । पूर्वको यात्रा लाभदायक रहला ।

### वृष

बाल्यकालका मित्रलाई मुनाफा हात लाग्ने व्यवसायमा संलग्न गराइनेछ । सामाजिक जिम्मेवारीको कार्य उत्कृष्ट सावित होला । अभिभावकहरू तपाईंको कामबाट हर्षले गद्गद् हुनेछन् । सवारी साधन खरिद गर्ने अवसर जुट्नेछ । सेतो रंगको प्रयोगबाट थप उपलब्धि हात पर्न सक्छ ।

### मिथुन

रोजगारीको अवसर प्राप्त हुनेछ । साता उत्साहप्रद छ । मनोरञ्जनमा समय बित्नेछ । प्रेमिकाले नौलो उपहार प्रदान गर्न सक्छिन् । योजनाबिना साथीसँग नयाँ स्थानको भ्रमण होला । मिष्ठान्न भोजन गर्न पाइनेछ ।सवारी साधन खरिद गर्न पारिवारिक मत मिल्नेछ ।

### कर्कट

मन मिल्ने साथीसँग यात्रा गर्दा फजुल खर्चले सताउनेछ । टाढा रहेका साथीको सुझाव अनुसरण गर्दा गतिलो अवसर हात लाग्नेछ । नौला स्थानको भ्रमणमा प्रशस्त मनोरञ्जन गर्न पाइनेछ । विपरित लिङ्गी साथीलाई वचन दिँदा संयम अपनाउनुहोला । सामाजिक कार्यहरूमा सहभागिताको अवसर जुर्नेछ ।

### सिंह

पूर्वको यात्रा गर्ने अवसर जुर्नेछ । कार्य व्यस्तताका कारण घरपरिवारमा खटपट उत्पन्न हुन सक्छ, जसलाई निर्मूल गर्न घरपरिवारमा समय खर्चिनुपर्ने हुन्छ । मन पराउने तथा प्रेम प्रस्ताव राख्नेहरूसँग सचेत रहनुमै आफ्नो भलो छ । मंगलबारपछिका दिनमा पूण्य आर्जनको कार्यमा सरिक भइनेछ ।

### कन्या

मौसमी फेरबदलबाट आइलाग्ने अस्वस्थतामा समय बित्नेछ । केही समययता देखिएको प्रेमिकासँगको खल्लोपन मेटिनेछ । भित्रभित्रै चियोचर्चा गर्नेहरूसँग सावधान रहनुहोला । व्यवसाय फस्टाउन नसक्दा थप लगानीले पिरोल्न सक्छ । साताको अन्त्यमा रोजगारीको अवसर हात लाग्नेछ ।

### तुला

रोकिएका कामको गाँठो फुक्ने सम्भावना छ । कुनै कार्य सम्पन्न गर्दा ढिलाइ नगर्नु होला । अधुरा चाहना पूरा गर्ने समय आएको छ । आर्थिक क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । साताको अन्त्यमा प्रेमी-प्रेमिकाले नयाँ प्रस्ताव राख्ने सम्भावना छ । सवारी साधन चलाउँदा संयम अपनाउनुपर्नेछ ।

### वृश्चिक

नयाँ मित्रसँग मनोरञ्जक स्थानको भ्रमण गर्ने मौका जुट्न सक्छ । आवेशमा गरिएको कामले उल्टो परिणाम दिनेछ । सभा-सम्मेलन, तालिम आदिमा सहभागी हुने अवसर प्राप्त होला । विपरीत लिंगी साथी तपाईंप्रति आकर्षित भएको अवस्थाले उमंग सिर्जना गर्न सक्छ । पश्चिमतर्फको यात्रा लाभदायक हुनेछ ।

### धनु

आफन्त तथा छरछिमेकीको मांगलिक कार्यमा उपस्थित हुँदा आफ्नो बहुमूल्य सरसामानप्रति विशेष निगरानी राख्नुहोला । परिस्थितिअनुरूप कम बोल्नुमै फाइदा छ । जटिल सामाजिक कार्य सम्पन्न गर्न तन, मन तथा धन सबै खर्च गर्नुपर्नेछ । सवारी चलाउँदा संयम अपनाउनुहोला ।

### मकर

प्रतिस्पर्धामा उपलब्धि हासिल हुनेछ । विदेशको यात्रा तय हुने सम्भावना टरेको छैन । सहयोगीहरूले दिएको सुझावको उपेक्षा नगर्नुहोला । विलासिताका सामग्रीको खरिदमा पारिवारिक मत मिल्नेछ । भोज-भतेरमा संयमपूर्वक मनोरञ्जन गर्नुपर्नेछ । सप्ताहान्तमा रोजगारीको अवसर जुर्न सक्छ ।

### कुम्भ

आफन्त तथा अभिभावकको सुझावले तपाईंलाई व्यवहारिक बन्न प्रेरणा दिनेछ । नयाँ क्षेत्रमा लगानी गर्नु फाइदाजनक हुनेछ । अरूलाई छिटो विश्वास गर्ने बानीले पछि परिनेछ । सभा-सम्मेलन तथा तालिममा सहभागी हुने वातावरण सिर्जना हुन सक्छ, जसमा आफ्नो प्रतिभाको कदर होला ।

### मीन

पुरुषार्थले अप्ठ्यारा समस्या सुल्झाउँदै धन एवं प्रतिष्ठा दिलाउन सक्छ । प्रतिकूल परिस्थितिमा शुभचिन्तकहरू कमै हुनेछन् भने फाइदा उठाउनेहरू प्रशस्तै फेला पर्नेछन् । तत्काल समस्या देखिए पनि सोमबारदेखि प्रगतिको मार्ग पहिल्याउन सकिनेछ । काम देखाएर धेरैको प्रशंसा बटुल्न सकिनेछ ।

# के होला २०७६ मा ?



डा. सुनिल सिटौला
(ज्योतिषी)

ज्योतिषमा दुईवटा आधार छन् चन्द्रमास र सौर्य मास। चन्द्रमासअनुसार चैत्रशुक्ल प्रतिपदा चैत २३ गते शनिबारदेखि नयाँ वर्ष लाग्यो, उक्त दिन श्री शालिवाहनीय शाके सम्वत् र सम्वत्सर परिवर्तन हुन्छ। सनातन धार्मिक कार्यमा संकल्प गर्दा नयाँ शाके सम्वत् र नयाँ सम्वत्सरको नाम लिनुपर्छ। यो साल शाके सम्वत् १९४१ र परिधावि नामक सम्वत्सर चल्नेछ।

अर्को चाहिँ सूर्य ग्रह अश्विनी नक्षत्रमा प्रवेश गरेपछि (जसलाई हामी वैशाख संक्रान्ति) भन्छौं र यी दुईको आधारबाट वार्षिक भविष्यवाणी गरिन्छ। चैत्र शुक्ल प्रतिपदाको दिन जुन बार थियो, त्यो बारको स्वामी देशको शासक हुन्छ। चैत्र शुक्ल प्रतिपदाको दिन चैत २३ गते शनिबार थियो, त्यसले गर्दा यो वर्षको राजा शनि हो। त्यसैले यो वर्षको राजा अर्थात् शासक शनि हो। त्यसपछि अर्को नियम हुन्छ, सूर्य ग्रह मेष राशिमा जुन अश्विनी नक्षत्रअनुसार हुन्छ, त्यो सूर्य ग्रह अश्विनी नक्षत्रमा प्रवेश गरेको दिन कुन बार छ, त्यो बारको स्वामी त्यो वर्षको मन्त्री हुन्छ। मन्त्री अर्थात् शासकको सहयोगी एवं सल्लाहकार। सरकार चलाउने यी दुईले हो। यसपालिका मन्त्री सूर्य हुन्।

राजा शनि भयो भने के फल हुन्छ, त्यसको नियम छ। यो नियमअनुसार राजा शनि भएको वर्ष राजनीतिज्ञहरूमा झगडा, जनतामा रोग, प्राकृतिक विपत्ति एवं तस्करहरूको बिगबिगी हुन्छ। यद्यपि यो स्थुल नियम हो, सूक्ष्म नियम होइन्। त्यसपछि हाम्रो यो वर्ष परिधावि नामक सम्वत्सर चल्छ। यो परिधावि नाम गरेको सम्वत्सरको फल पनि खासै राम्रो छैन। यसले कलह, अशान्ति र रोगव्याधिमा वृद्धि गर्नेछ।

स्थुल नियममा चैत्रशुल्क प्रतिपदाको दिन घाम उदाउँदा जुन तिथि भेट्यो त्यो तिथिको बारबाट राजा बन्यो तर सूक्ष्म नियममा चाहिँ ठ्याक्क औंसी सकिने बित्तिकै प्रतिपदामा सुरु हुन्छ। चैत २२ गते शुक्रबारको दिन २ बजे २६ मिनेट १० सेकेन्डमा काठमाडौंको आकाशबाट प्रतिपदा सुरु भयो। त्यति बेलाको कुण्डली बनाउँदा सिंह लग्न हुन आउँछ। सिंह वर्ष लग्न बन्दा त्यसको फल के हुन्छ ? कुन-कुन क्षेत्रमा के-कस्तो प्रभाव पर्छ ?

सिंह लग्न वर्ष लग्न हुँदा देशको पूर्वी भागमा केही अप्ठ्यारो सिर्जना हुनसक्छ। उत्तरी भागमा अतिवृष्टि हुन्छ, भू-स्खलन हुने तथा हिमनदीहरू उर्लिने सम्भावना वृद्धि हुन्छ। देशको दक्षिण दिशामा ६ महिनासम्म धनधान्यको कमी हुन सक्छ। पश्चिम दिशामा धातु महँगो हुने देखिन्छ। देशको मध्यभागमा राजयुद्ध हुन्छ भनिएको छ, राजयुद्ध भनेको एक प्रदेश र अर्को प्रदेशबीच द्वन्द्व बढ्छ भनिएको हो।

योभन्दा पनि सूक्ष्म नियम छ। वैशाख १ गते दिउँसो १ बजेर ५२ मिनेट १५ सेकेन्डमा सूर्य अश्विनी नक्षत्रमा प्रवेश गर्छ, यो एकदमै महत्वपूर्ण हुन्छ। ज्योतिषीको भाषामा यसलाई जगलग्न भनिन्छ। यो लग्नबाट कुन राशिकालाई के कस्तो छ त्यो पनि बताउन सकिन्छ। यसबाट देशको समग्र पक्षको पनि अध्ययन गर्न सकिन्छ। यो एकदमै सूक्ष्म नियम हो, यो नियमअनुसार देश, काल र परिस्थिति हेर्न सकिन्छ। राजनीति, धनधान्य, सेयरबजार आदि कुराहरू यसैबाट हेरिन्छ। यो वर्ष वर्षाधिपति मंगल ग्रह आएको छ। मंगल ग्रहलाई ज्योतिषमा झै-झगडा, लडाइँ तथा कलहसँग जोडिन्छ, यो ग्रह युद्धको कारक हुन्छ। मंगल नै वर्षाधिपति आएकाले मानिसहरूमा कडापन, युद्ध, हत्या बढ्ने देखिन्छ। अर्कातिर मंगलले साहसिक कुरालाई पनि समेट्छ, त्यसैले प्रहरी, सेना तथा खेलकुद क्षेत्रका व्यक्तिहरूका लागि समय सहयोगी हुनेछ। मंगलको प्रभाव भुइँचालो, पहिरो आदिको सम्भावना बढी हुन्छ।

जगलग्न कुण्डलीको पहिलो घरबाट देशको स्वास्थ्य, प्रजा, राजनेता, राष्ट्रको उन्नति र सामान्य अवस्था कस्तो रहन्छ भन्ने हेरिन्छ। पहिलो घरमा यसपालि मंगल ग्रह र शुक्र ग्रहको बल परेकाले राष्ट्रको उन्नति हुने देखिन्छ भने देशको नेतृत्वले पनि सफलता प्राप्त गर्नेछ।

दोस्रो घरबाट आर्थिक क्रियाकलापहरू हेरिन्छ। त्यसमा बुध ग्रहको पूर्ण दृष्टि परेको छ, बुध ग्रहको दृष्टिका कारण यो वर्ष देशको राजस्व वृद्धि हुने देखिन्छ भने सरकारी असुली पनि बढ्नेछ। राष्ट्र अलि धनी हुन्छ। बाह्यभन्दा आन्तरिक व्यापार बढ्नेछ। विदेशी सहायता बढे पनि त्यो अनुदानभन्दा ऋणका रूपमा बढी आउनेछ। मजदुर वर्गका लागि पनि वर्ष राम्रो छ।

तृतीय घरबाट हामी यातायात र सञ्चारलाई हेर्छौं। यसमा सूर्यको पूर्ण दृष्टि परेको छ। यो वर्ष यातायातको क्षेत्रको पनि सकारात्मक परिवर्तन हुने देखिन्छ। सञ्चारको क्षेत्रमा राज्यले नयाँ निर्णय लिनेछ। लेखकवर्गका लागि वर्ष सकारात्मक छ।

चतुर्थ स्थानबाट विशेष गरी बालीनालीको स्थिति हेरिन्छ। त्यसमा मंगलको दृष्टि परेको छ, त्यसैले यसपालि खेतीपातीमा अलि गाह्रै हुन्छ। अन्न उब्जनी कम हुनेछ। रियल स्टेट पनि त्यति बुम हुँदैन। पञ्चम स्थानमा केतु तथा बृहस्पति शनि बसेको छ, यसबाट फिल्म, थिएटर, शिक्षा, मिडियाजस्ता विभाग हेरिन्छ। त्यसमा वर्ष प्रारम्भ हुँदा बृहस्पति पनि अत्याचारी भएको छ, शनि र केतुको युतीमा बृहस्पति कमजोर छ। त्यसकारण चलचित्रबाट त्यति ठूलो लाभ हुँदैन। यो वर्ष शिक्षा क्षेत्र विवाद र बदनामीमा फस्न सक्छ। अर्को, संवेदनशील कुरा बालमृत्युदर पनि केही वृद्धि हुन सक्छ। मानिसहरू दिल बहलाउन जुवातास एवं क्लब-डिस्कोतिर अलि बढी लाग्न सक्छन्।

छैटौं स्थानले रोगव्याधीसम्बन्धी स्थिति बताउँछ जहाँ चन्द्रमाको दृष्टि परेको छ र त्यसलाई अरू कुनै अशुभ ग्रहले देखेको छैन्। यो वर्ष नयाँ-नयाँ रोग देखिने सम्भावना छैन्। सप्तम स्थानले परराष्ट्र सम्बन्धलाई हेर्छ, त्यसमा शुक्र बसेको छ। ०७६ मा नेपालको परराष्ट्र सम्बन्ध एकदमै राम्रो रहनेछ। नयाँ देशहरूसँग हाम्रो दौत्य सम्बन्ध पनि विकसित हुनेछ। अलिकति संवेदनशील कुरा सप्तम स्थानको स्वामी केतुसँग गएर बसिदिएको छ, त्यो हुनाले युद्धको सम्भावना पनि रहन्छ। अष्टम स्थानमा बुध बसेकाले अकाल मृत्यु तथा आत्महत्यामा वृद्धि होला। विस्फोटक पदार्थको प्रयोग यो वर्ष अलि बढी हुन्छ कि भन्ने छ। प्रहरी कारबाही पनि अलि बढी नै हुनेछ। यसपटक मेडिकल साइन्सले डिटेक्ट गर्न नसक्ने केही रोग देखा पर्न सक्छन्। यद्यपि उत्पात र महामारी भने आउँदैन।

नवम स्थान अदालत र धर्मसम्बन्धी स्थान हो। यो वर्ष एकदमै संवेदनशील छ। अदालत विवादमा आउन सक्छ। धर्मका मानिसहरू एकदमै क्रियाशील हुनेछन्। विशेष गरी धर्मका उपासक एवं धर्मगुरुहरूको सक्रियता वृद्धि हुनेछ। यसमा अर्को सकारात्मक कुरा के छ भने सूर्य उँचो भएर बसेको छ र त्यसमा बृहस्पति तथा केतुको दृष्टि परेको छ। हवाई क्षेत्रमा विदेशी लगानी बढ्नेछ। नयाँ हवाई कम्पनी पनि आउनेछन्। पर्यटकको आगमन वृद्धि हुनेछ। केही मन्त्री हेरफेर हुने सम्भावना पनि छ। व्यापारका सिलसिलामा केही सन्धि-सम्झौता हुने देखिन्छ।

दशम स्थान एकदमै महत्वपूर्ण छ किनभने यो स्थान राजा वा शासकको हो। यसमा मंगल बसेको छ। त्यसैले शासकहरू एकदमै क्रुर भएर आउनेछन्, निरंकुश देखिनेछन्। सरकार आफ्नो कुरामा एग्रेसिभ भएर लाग्नेछ भने उसका निर्णयहरू लागू पनि हुनेछन्। एकादश स्थान संसदको हो, संसदमा राहु बसेको छ। यसले संसदमा जुन कानुन बन्छन्, त्यसमा अलिकति फेरबदल हुने, कानुनमा बढी विवाद आउने हुनसक्छ।

द्वावदस स्थानसँग अलिकति गलत कुरा जोडिन्छ, सरकारको विरुद्ध काम गर्नेहरू, राज्यका विरुद्धका गुप्त शत्रुहरू, विदेशी जासुसहरू ०७६ मा अलि बढी सक्रिय हुनेछन्। त्यहाँ चन्द्रमा छ, त्यो पूर्ण बलको छ। राजस्व छलि पनि एकदमै बढ्ने देखिन्छ। सरकार विरुद्ध काम गर्नेहरू सक्रिय होलान्। रोचक कुरा सरकारको घरमा मंगल छ, त्यसैले सरकारले विरोधीहरूलाई निरंकुश तरिकाले पेल्ने सम्भावना छ।

## ग्रहणको असर

ग्रहण कुन समयमा हुन्छ, त्यो समयले पनि केही प्रभाव छाड्छ। यो वर्ष हामीकहाँ दुईवटा ग्रहण लाग्नेछन्। ग्रहणको फल अर्थराजनीतिमा पनि पर्छ, मानिसमा पनि पर्छ। असार ३१ गते मंगलबार पूर्णिमाको दिन चन्द्रग्रहण खण्डग्रास छ जुन राति १ बजेर ४६ मिनेटमा सुरु हुनेछ, ग्रहण सुरु हुँदा हाम्रो जगत् लगनमा कहाँ पर्‍यो त्यो अलि संवेदनशील कुरा हुन्छ। चन्द्रग्रहण जगत लगनको दसौं घरमा लाग्छ, त्यो राज्य घर हो। असारको जुन चन्द्रग्रहण छ, त्यो सिधैं राज्यप्रमुखकै घरमा लागेको छ। राज्यप्रमुखलाई असारदेखि असोजसम्म खतरा छ। ग्रहणको अष्टम स्थानमा चन्द्रमा र केतु छन्, त्यसैले ग्रहण आसपास अप्रिय घटना घट्ने र कोलाहाल मच्चिने सम्भावना पनि देखिन्छ।

पुसको १० गते सूर्य ग्रहण लाग्छ। यो बिहान ८ बजेर २४ मिनेटमा सुरु हुनेछ। सूर्य ग्रहण मकर लगनमा पर्छ। यो राम्रो छ, यसले हाम्रा ऋण तथा कुभलो चिताउनेहरूलाई समाप्त पार्नेछ। नेपालका लागि पुसको सूर्यग्रहण सकारात्मक छ। हामी यस्तो समयमा नयाँ वर्षमा प्रवेश गर्दैछौं जहाँ आकाशमा सबै ग्रहलाई राहु र केतुले घेरेका छन्, जुन वैशाखको १० गतेसम्म चल्नेछ। त्यसैले वर्षको प्रारम्भिक अवस्था राम्रो छैन। अहिले आकाशमा बृहस्पति, शनि र केतु ग्रहको युती छ, यो लगभग डेढ-दुई सय वर्षमा हुने युती हो। त्यसैले यो वर्ष विश्व राजनीतिका लागि नै उथलपुथलकारी छ।

# एसियाडमा रजत पदक जितेको वर्ष

**वर्ष २०७५ अन्त्यको सँघारमा छ र नेपाली खेलकुदको नजरले यसलाई फर्केर हेर्दा केही आशलाग्दा क्षण पनि छन् भने केही उत्तिकै निराशाजनक क्षण पनि देखा पर्छन् । घोषणा भए अनुसार सबै कुरा कार्यान्वयनमा आएको थियो भने वर्ष २०७५ मा नेपाली खेलकुदमा दुई ठूला प्रतियोगिता सम्पन्न भैसक्नुपर्ने थियो, पहिलो राष्ट्रिय खेलकुद, अर्को त्यो भन्दा ठूलो दक्षिण एसियाली खेलकुद । बल्लतल्ल राष्ट्रिय खेलकुद नेपालगञ्जमा वर्षको अन्त्यमा सुरु हुने भएको छ ।**






दक्षिण एसियाली खेलकुदका लागि नयाँ मिति तय भैसके पनि यो पनि समयै हुने हो-होइन, केही भन्न सकिँदैन । यस्तोमा नेपाली खेलकुदमा एउटा भयावह रोग देखियो, जुन धेरै अघिदेखि कायम छ, तर निको हुने छाँट छैन र त्यो हो, ठूलो दाबीसहित प्रतियोगिता आयोजना गर्ने निर्णय गर्ने, तर त्यसलाई कार्यान्वयन गर्नतर्फ भने कुनै ध्यान नदिने । नेपालगञ्जमा समयमै राष्ट्रिय खेलकुद हुन नसक्नुको प्रमुख कारण भौतिक पूर्वाधार समयमै तयार नहुनु रहयो ।

दक्षिण एसियाली खेलकुदका सम्बन्धमा ठोस दाबी गर्न नसकिनुको कारण पनि त्यही हो, भौतिक पूर्वाधार । वर्ष २०७५ ले पनि दशरथ रंगशाला निर्माण सम्पन्न भएको देख्न पाएन् । भूकम्पले क्षति पुऱ्याएपछि दशरथ रंगशाला आजै बन्ने भोलि नै बन्ने दाबी धेरै गरिए, तर अहिले पनि त्यसको पुनर्निर्माणको गति सुस्त छ र यसले नेपाली खेलकुदमा अपुरणीय हानि पुऱ्याइरहेको छ । नेपाली खेलकुदसँग वर्ष २०७५ मा भौतिक पूर्वाधारमा बलियो हुने अवसर थियो, त्यो खेर गयो ।

वर्ष २०७५ को चर्चा गर्दा अगाडि आउने सबैभन्दा ठूलो महोत्सव भने एसियाली खेलकुद हो, जसको आयोजना इन्डोनेसियाले गरेको थियो । नेपालले पनि त्यसमा सहभागिता जनायो र प्रतियोगिताको अन्त्यमा देखियो, नेपाली खेलकुद कति धेरै पछाडि छ, एसियाली स्तरमा । प्रतियोगिता सुरु हुनुअघि राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशवबहादुर विष्टले दाबी गरेका थिए, यसपटक नेपालको प्रदर्शन अहिलेसम्मकै सबैभन्दा राम्रो हुनेछ ।





यद्यपि त्यस्तो केही भएन, यसपटकको एसियाली खेलकुद पनि धेरै हदसम्म निराशाजनक नै रहयो । सहभागी नेपाली टोली निकै ठूलो थियो, भाग लिएका खेलको संख्या पनि उत्तिकै थिए, तर उपलब्धि लगभग शून्यकै स्थितिमा रहयो । नेपाल तेक्वान्दो र कराँते जस्ता खेलमा निकै कमजोर साबित भयो । अरू धेरै खेलमा नेपालको सहभागिता औपचारिकतामा सीमित रहयो । यी सबै पृष्ठभूमिमा वर्ष २०७५ नेपाली खेलकुदका लागि ठूलो शिक्षा हुन सक्छ ।

एसियाली खेलकुदमा नेपालका लागि एउटै मात्र सुखद पक्ष भनेको प्याराग्लाइडिङमा नेपालले हात पारेको रजत पदक रहयो । नेपालले एसियाली खेलकुदमा अहिलेसम्म हात पारेको सबैभन्दा ठूलो उपलब्धि भनेकै रजक पदक थियो । नेपालले यसपटक पनि त्यसकै बराबरी गर्न सक्यो । त्यो भन्दा पनि ठूलो कुरा नेपालले उक्त पदकका लागि संघर्ष र मेहनत गरेको थियो । यस अर्थमा यो रजत पदकलाई ऐतिहासिक भन्न मिल्ने ठाउँ धेरै छ ।

विमल अधिकारीको नेतृत्वमा नेपालका लागि विशाल थापा, युकेश गुरुङ, सुशील गुरुङ तथा विजय गौतमले टिम इभेन्टको क्रस कन्ट्रीमा रजत पदक जितेका हुन् । नेपाली टिम स्वर्ण पदकको धेरै नजिक पुगेर पनि त्यसलाई आत्मसात् गर्नबाट भने वञ्चित भयो । वर्ष २०७५ नेपाली खेलकुदमा एसियाली रजत पदक जितेको वर्षका रूपमा सम्झिनेछ । यद्यपि नेपालले पदक जितेको यो खेल न त मूल धारको खेल हो, न त यो खेलमा नेपालले सरकारीस्तरबाट लगानी नै गरेको थियो ।

नेपाली खेलकुद फुटबल र क्रिकेटमै बढी केन्द्रित हुन्छ । वर्ष २०७५ पनि त्यसको अपवाद भएन । फुटबलतर्फ यो वर्ष नेपालमा सहिद स्मारक लिग फर्किएको वर्ष रहयो । लामो समयदेखि नेपालमा लिग हुन सकिरहेको थिएन, लिग त फर्कियो, तर त्यसमा रेलिगेसनको व्यवस्था भने थिएन् । यसले लिगलाई कमजोर नै बनायो र पूरा प्रतियोगिता दोषयुक्त देखियो । लिगको उपाधि भने मनाङ मर्स्याङ्दीको नाममा रहयो ।

अन्तर्राष्ट्रिय स्तरमा नेपाल फेरि एकपटक बंगलादेशमा भएको साफ च्याम्पियनसिपमा सहभागी बन्यो र फेरि एकपटक सेमिफाइनलमै रोकियो । सम्भवतः यसपटक नेपालसामु साफ च्याम्पियनसिपकै इतिहासमा पहिलो पटक फाइनल प्रवेशको सबैभन्दा ठूलो अवसर थियो, तर नेपालले त्यसको फाइदा लिन सकेन । नेपाल अन्तिम चारमा माल्दिभ्ससँग पराजित भयो । महिलातर्फ पनि नेपालले साफ च्याम्पियन्सिप खेल्यो । उक्त प्रतियोगिताको आयोजना नेपालले नै गरेको थियो ।

विराटनगरमा भएको प्रतियोगितामा नेपालसामु आफ्नै भूमिमा पहिलो पटक उपाधि जित्ने अवसर थियो, तर यसपटक पनि नेपालले भारतको चुनौती पार गर्न सकेन । नेपाली महिला फुटबलका लागि वर्ष २०७५ सम्झनालायक रहनेछ, किनभने नेपालले केही उत्साहजनक सफलता पनि हात पारेको छ । नेपालले पहिलो पटक भारतलाई हरायो, त्यो पनि उसकै भूमिमा तर त्यस्तै उपलब्धि नेपालले विराटनगरमा दोहोऱ्याउन सकेन ।

नेपाली क्रिकेट पनि यो वर्ष निकै सक्रिय रहयो । नेपालले वान डे टिमको मान्यता पाएयता वर्ष २०७५ मा दुई सिरिज खेल्यो, पहिलो नेदरल्यान्ड्सविरुद्ध, दोस्रो युएईविरुद्ध । वर्ष २०७५ नेपाली खेलकुदमा क्रिकेटतर्फ नेपालको उदय भएको वर्षका रूपमा पनि सम्झिनेछ । दुवै सिरिजका क्रममा नेपालले आफूलाई अन्तर्राष्ट्रिय क्रिकेटमा केही गर्न सक्ने टिमका रूपमा देखायो । घरेलु क्रिकेट पनि केही हदसम्म व्यस्त नै रहयो, ईपीएल, पीपीएल तथा डीपीएलका कारण ।


घरेलु क्रिकेटको स्थिति भने अस्तव्यस्त नै रहयो, किनभने वर्ष २०७५ मा पनि नेपाल क्रिकेट संघको अस्तित्व देख्न पाइएन । नेपाल क्रिकेट संघ प्रतिबन्धको स्थितिबाट गुज्रिरहेको धेरै वर्ष भैसकेको छ, तर यसको समाधान भने अहिलेसम्म निस्किएको छैन । क्रिकेटको सर्वोच्च संस्थाको अभावमा यो खेलले कुनै गति लिन सकेन् । नेपाली क्रिकेटको स्थिति कमजोर रहनु वर्ष २०७५ को अर्को दुर्भाग्य हो ।

# वर्ष २०७५ का चर्चित खेल अनुहार


प्याराग्लाइडिङ टिम


सन्दीप लामिछाने


महेश्वर महर्जन


किरण चेम्जोङ


पारस खड्का


रोहित चन्द


सावित्रा भण्डारी


प्रतिमा शेर्पा


अजितकुमार यादव


हरि खड्का

## प्याराग्लाइडिङ टिम

कप्तान विमल अधिकारीसँगै विशाल थापा, युकेश गुरुङ, सुशील गुरुङ तथा विजय गौतम मूल धारको नेपाली खेलकुदका लागि नयाँ नाम हुन्, तर यिनै खेलाडीको समूहले नेपाललाई एसियाली खेलकुदको टिम इभेन्टको क्रस कन्ट्रीमा रजत पदक दिलाए। नेपाली टिमले कुल ११ हजार ३ सय ६४ अंक ल्याएको थियो र यो स्वर्ण विजेता जापानी टिमको भन्दा २७ अंकले मात्र कम हो। यी खेलाडी फुटबल र क्रिकेटका जस्ता ठूला स्टार हुने छैनन्, तर उनीहरूको उपलब्धिलाई सधैं सम्झिइनेछ।

## सन्दीप लामिछाने, क्रिकेट

वर्ष २०७५ मा नेपाली खेलकुदमा सबैभन्दा चर्चामा रहने खेलाडी हुन्– सन्दीप लामिछाने। मेहनत गरे, नेपाल बाहिर गएर पनि व्यवसायिक रूपमा अब्बल दर्जाको खेल प्रदर्शन गर्न सकिने उदाहरण बने, उनी। अहिले सन्दीप इन्डियन प्रिमियर लिग (आईपीएल) मा दिल्ली क्यापिटल्सका लागि खेलिरहेका छन्। उनले अस्ट्रेलियाको बिग बासदेखि लिएर अरू लगभग सबै ट्वान्टी-२० लिग खेले र कम समयमै करोडौं कमाउने खेलाडी बने।

## पारस खड्का, क्रिकेट

पारस खड्काले वर्ष २०७५ मा आफूलाई नेपाली क्रिकेटका लागि निर्विवाद नेतृत्वकारीका रूपमा कायम राखे। उनकै नेतृत्वमा नेपालले पहिलो पटक औपचारिक रूपमा मान्यता प्राप्त वान डे क्रिकेट खेल्यो। यही कारणले पनि उनलाई पछिसम्म सम्झिइनेछ। यूएईविरुद्धको वान डे तथा ट्वान्टी-२० सिरिज जित्नमा पनि उनले ठूलै भूमिका खेले, ब्याट र बल दुवैबाट। त्यति मात्र होइन, पारस नेपालका लागि वान डे क्रिकेटमा शतक बनाउने पहिलो खेलाडी पनि बने।

## रोहित चन्द, फुटबल

रोहित चन्द फुटबल खेलेर सर्वाधिक कमाउने नेपाली खेलाडी हुन्। उनले पनि यसका लागि विदेशी भूमिनै रोजेका छन्। इन्डोनेसियामा उनी सबैभन्दा ठूला विदेशी स्टार खेलाडी मानिन्छन्। हालै मात्र उनले पर्सिजा जाकार्तासँग नयाँ अनुबन्ध गरेका छन् र त्यस अनुसार उनको एक महिनाको तलब १० लाख रुपैयाँको हाराहारीमा छ। रोहित नेपाली राष्ट्रिय टिमका पनि नियमित सदस्य हुन् र उनलाई भविष्यको कप्तानका रूपमा समेत हेरिएको छ।

## किरण चेम्जोङ, फुटबल

नेपाली फुटबलमा सबैभन्दा बढी कमाउने खेलाडीको सूचीको दोस्रो स्थानमा छन्– किरण चेम्जोङ। उनले पनि विदेशमै खेलेर उक्त उपलब्धि हात पारेका हुन्। यी गोलरक्षक माल्दिभ्सको टीसी स्पोर्टका लागि खेल्छन्। त्यसक्रममा उनले आफ्नो क्लबका लागि उत्कृष्ट खेल प्रदर्शन गरेर धेरैको मन जितेका छन्। किरण लामो समयदेखि नेपाली टिमका नम्बर १ गोलरक्षक हुन् र उनकै प्रदर्शनका कारण नेपालले हालैको मैत्रीपूर्ण खेलमा कुवेतविरुद्ध राम्रो भन्न मिल्ने नतिजा निकालेको थियो।

## सावित्रा भण्डारी, फुटबल

अहिलेको नेपाली महिला फुटबलकी सबैभन्दा ठूलो नाम हुन्– सावित्रा भण्डारी। बलियो शरीरकी धनी सावित्रा दक्षिण एसियाली क्षेत्रकै अब्बल दर्जाकी फरवार्ड हुन् र धेरै हदसम्म उनकै प्रदर्शनमा नेपालको अग्रपंक्ति टिकेको छ। भण्डारीको प्रदर्शनकै मदतले नेपाल वुमेन्स साफ च्याम्पियनसिपको फाइनलसम्म पुग्न सफल भयो। उनी प्रतियोगितामा सर्वाधिक गोल गर्ने खेलाडीको शीर्ष स्थानमा रहिन्। सावित्रा नेपालका लागि सर्वाधिक गोल गर्ने खेलाडी बन्ने बाटोमा छिन्।

## हरि खड्का, फुटबल

खेल्ने समयमा नेपालका सर्वाधिक चर्चित खेलाडीमा पर्थे– हरि खड्का। तिनै हरि अचेल प्रशिक्षक भएका छन् र उनको नेतृत्वमा नेपाली महिला टिमले वर्ष २०७५ मा अपेक्षा भन्दा धेरै राम्रो गर्न सक्यो। नेपालले ओलम्पिक छनोटको दोस्रो चरणसम्मको यात्रा त तय गर्‍यो नै, त्यसमाथि नेपाल वुमेन्स साफ च्याम्पियनसिपको फाइनलमा पनि पुग्यो। हरिको आगमनपछि नेपाली महिला टिममा उत्साह थपिएको छ र यसले महिला फुटबललाई चर्चामा समेत ल्याएको छ।

## अजितकुमार यादव, एथलेटिक्स

वर्षको अन्त्यतिर एकाएक चर्चामा आएका खेलाडी हुन्– अजितकुमार यादव। उनको उपलब्धि पनि यस्तै रह्यो। यादवले हङकङमा भएको तेस्रो एसियाली युथ एथलेटिक्समा स्वर्ण पदक जितेर तहल्का मच्चाए र त्यो ऐतिहासिक उपलब्धि थियो। यादवले ३ हजार मिटर दौड ८ मिनेट ३० दशमलव ३२ सेकेन्डमा पूरा गरे। उनको यो उपलब्धि विषम परिस्थितिमा प्राप्त भएको थियो। यो सफलता अघिसम्म गुमनाम जस्तै रहेका अजितबाट अबका वर्षमा नेपाली एथलेटिक्सले ठूलो आशा राख्न सक्छ।

## प्रतिमा शेर्पा, गल्फ

नेपाली मिडियामा भन्दा पनि विदेशतिर बढी चर्चामा रहने खेलाडी हुन्– प्रतिमा शेर्पा। उनी नेपालकी नम्बर १ महिला गल्फ खेलाडी हुन् र यसैक्रममा उनी अमेरिकामा व्यवसायिक गल्फ खेल्ने पहिलो नेपाली खेलाडी समेत भएकी छिन्। शेर्पाले सिमेट्रा टुरमा सहभागिता जनाएर इतिहास रचिन्। उनी केही समययता अमेरिकामा छिन् र त्यहाँ खेल तथा अध्ययन दुवैलाई अघि बढाइरहेकी छिन्। उनको यो उडान नेपाली गल्फका लागि सुखद मानिएको छ।

## महेश्वर महर्जन, शारीरिक सुगठन

वर्ष २०७५ मा नेपाली खेलकुदमा छाएका प्रमुख खेलाडीमा पर्छन्, शारीरिक सुगठनका– महेश्वर महर्जन। उनले थाइल्यान्डमा भएको १० औं वर्ल्ड च्याम्पियनसिपमा स्वर्ण जिते, ७५ किलो तौल समूहमा। शारीरिक सुगठनमा नेपालले हात पारेको यो नै अहिलेसम्मको सबैभन्दा ठूलो उपलब्धि हो। त्यति मात्र होइन, वर्ल्ड च्याम्पियनसिपमा नेपालले स्वर्ण जितेको पनि यो नै पहिलो अवसर हो। वर्ल्ड बडिबिल्डिङमा संगठनात्मक विवाद रहेको र त्यसको असर नेपालमा पनि परेको हुनाले उनको उपलब्धि भने लगभग कमजोर जस्तै देखियो।

जाँदा-जाँदै

# अहिलेसम्म प्रेममा परेकी छैन

ग्लोबल कलेजमा प्लस टु अध्ययनरत क्रिष्टिन पौडेलको डेब्यु चलचित्र 'शुभलभ' हालै प्रदर्शनमा आएको हो । टिनएजमै चलचित्रको मुख्य अभिनेत्री भएकी काठमाडौं बबरमहलकी क्रिष्टिनले उक्त चलचित्रमा चर्चित ज्योतिष हरिहर अधिकारीसँग स्क्रिन सेयर गरेकी छिन् । कालो आउटर, टिसर्ट र जिन्समा निकै खुलेकी यी सुन्दर अभिनेत्रीसँग सोमबार नयाँबानेश्वरमा जनक तिमिल्सिनाको जम्काभेट भयो ।

**फिल्म खेल्ने संयोग कसरी जुर्‍यो ?**
रुचि पनि थियो । यो प्रोजेक्टको कुरा दाइमार्फत आएको थियो । म भेट्न गएँ, उहाँहरू एकदमै वेलकमिङ हुनुहुन्थ्यो, स्क्रिप्ट मन पर्‍यो अनि मैले काम गर्ने निर्णय गरें ।

**ज्योतिषको फिल्म खेल्नुभयो ? आफैंलाई ज्योतिषप्रति कतिको विश्वास लाग्छ ?**
पहिले त खासै जानकारी थिएन यो विषयमा । उहाँ (हरिहर अधिकारी) सँग भेट्नुअघि खासै विश्वास लाग्दैनथ्यो । आफूले कहिल्यै चिना पनि हेराएकी थिइन् । उहाँसँग भेट भएपछि ए यो पनि एउटा स्टडी रहेछ, यो पनि एक्युरेट नै हुँदो रहेछ भन्ने लाग्यो ।

**चिना देखाउनुभयो ?**
अँ, देखाए नि !

**कस्तो रहेछ त तपाईंको भाग्य ?**
एकदम छोटो समय भयो चिना देखाएको । त्यसैले उहाँले भनेका कतिपय कुरा फिल गर्ने समय नै आएको छैन । अलि समय बितेपछि मात्र प्रेडिक्सन मिले-नमिलेको अनुभूति होला ।

**सानै उमेरमा फिल्मको लिड रोलमा अभिनय गर्दाको अनुभव कस्तो रह्यो ?**
एकदमै राम्रो थियो, सुटिङमा रमाइलो पनि भयो । मैले घरबाहिर बसेर घुम्ने, नयाँ-नयाँ साथी बनाउने अवसर पनि पाएकी थिइनँ । त्यो दुवै अवसर पनि पाएँ । एकदमै बिजी पनि भइयो । त्यो कुरा सम्झँदा अहिले एकदमै रमाइलो लाग्छ ।

**'शुभ लभ'बाट कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**
मेरो कामको एप्रिसियट गरिदिनु मेरा लागि एकदमै ठूलो कुरा हुन्छ । अहिले जसले मुभी हेर्नुभएको छ, उहाँहरूले इन्स्टाग्राम र फेसबुकमा टेक्स्ट पठाएर मेरो कामलाई एप्रिसियट गरिरहनुभएको छ । क्यारेक्टरलाई एकदमै जस्टिफाइ गर्नुभएको छ भन्ने प्रतिक्रिया आइरहेको छ ।

**रिल लाइफमा त प्रेमिका बन्नुभयो, रियल लाइफमा कोही प्रेमी छन् कि ?**
अहिलेसम्म छैन ।

**प्रेम प्रस्ताव पनि आएका छैनन् ?**
सामान्यतः प्रेम प्रस्ताव जसलाई पनि आइरहेको हुन्छ, तर अहिलेसम्म प्रेममा परेकी छैन ।

**प्रेम प्रस्ताव राख्नेहरूलाई कसरी जवाफ फर्काउनुहुन्छ ?**
अहिले त धेरैजसो सोसल नेटवर्किङबाटै प्रस्ताव आइरहेको हुन्छ । चिनेका मानिसहरूले पनि त्यतैबाट प्रस्ताव गर्छन् । म उहाँहरूको फिलिङलाई सम्मान गर्दै हामी साथीका रुपमा बसौं भनेर डिल गर्छु ।

**साह्रै राम्री हुनुहुन्छ । तपाईंको यो सुन्दरताको रहस्य के हो ?**
म यसमा खासै ध्यान दिन्नँ । बाहिर निस्कँदा मेकअप महत्वपूर्ण हुन्छ तर घरमा बस्दा चाहिंबिना मेकअप नै हुन्छु ।

**मेकअपका के-कस्ता सामग्री प्रयोग गर्नुहुन्छ ?**
प्राइमर, मोइस्चराइजर, कम्प्याक्ट पाउडर, फाउण्डेसन, ब्लसर, आइलाइनर तथा लिपिस्टिक ।

**पहिरन कसरी छनोट गर्नुहुन्छ ?**
म प्रायः जेमा कन्फटेबल फिल हुन्छ त्यही लगाउन रुचाउँछु, तर पहिरन ठाउँ हेरेर पनि निर्धारण हुन्छ । टप्स र जिन्समा एकदम कन्फटेबल फिल गर्छु । ठाउँअनुसार जे कन्फटेबल हुन्छ त्यही क्यारी गर्छु ।

**सपिङमा कति खर्च हुन्छ ?**
कहिलेकाहीं धेरै पनि खर्च भैरहेको हुन्छ । हिसाबचाहिँ राख्दिनँ ।

**के कुरामा बढी रिस उठ्छ ?**
मलाई रिस उठिरहेको हुन्छ । रिस उठे पनि त्यो लामो समयसम्म जाँदैन तर मलाई सिम्पल कुरामा पनि रिस उठिरहेको हुन्छ ।

**सामाजिक सञ्जालमा कति समय बिताउनुहुन्छ ?**
म इन्स्टाग्राम प्रयोग गर्छु, फेसबुक खासै प्रयोग गर्दिनँ ।

**फुर्सद कोसँग बिताउनुहुन्छ ?**
मिल्ने साथीहरूसँग समय बिताउन रुचाउँछु । फुर्सदमा कतिपय साथी मेरै घरमा आइरहेका हुन्छन्, कतिपय समयमा मिल्ने साथीहरूको घरमा पनि गैरहेकी हुन्छु ।



■ क्रिस्टिन पौडेल
अभिनेत्री

# म्युजिक फेस्टिभल अन्तिम समयमा स्थगित

रमेशचन्द्र अधिकारी

प्रशासनले रोक लगाएपछि संखुवासभा र तेह्रथुमको संगमस्थल गुफा पोखरी क्षेत्रमा तय गरिएको अन्तर्राष्ट्रिय कलाकार सम्मिलित म्युजिक फेस्टिभल अन्तिम समयमा स्थगित भएको छ । प्रशासनले म्युजिक फेस्टिभल ट्रान्स पार्टी भएको जनाउँदै त्यसमा रोक लगाएको हो, तर मुख्य कार्यक्रम आयोजक शक्तिपिक म्युजिक फेस्टिभलका पदाधिकारीहरूले उक्त समारोह ट्रान्स पार्टी नभएको दाबी गरेका छन् । प्रशासनले गलत अनुमान गरेको भन्दै शक्ति पीकका प्रमुख सुवास केसीले म्युजिक, डान्स, योग, मेडिटेसन तथा नेचर क्याम्पजस्ता क्रियाकलाप मात्र सञ्चालन गर्ने कार्यक्रम रहेको बताए ।

प्रशासनले रोक लगाएका कारण शुक्रबारदेखि आगामी वैशाख ७ गतेसम्म तय गरिएको पूर्वघोषित कार्यक्रम स्थगित गरिएको मादी नगरपालिका-९ का वडाध्यक्ष पाशाङ शेर्पाले जानकारी दिए । उक्त नगरपालिकाले भने कार्यक्रम गर्न स्वीकृति दिएको उनले बताए । प्रहरीले बाटैबाट सहभागीहरूलाई फर्काएपछि सयौं विदेशी पर्यटक तीन दिनसम्म हिलेमै रोकिएका थिए । हिलेस्थित होराइजन होटलमा बस्दै आएका सयौं पर्यटकलाई कार्यक्रम नहुने जानकारी गराएर सम्झाई-बुझाई फिर्ता गरिएको धनकुटा प्रहरी प्रमुख (एसपी) सुरेन्द्रबहादुर गुरुङले जानकारी दिए । उनका



अनुसार सोमबार पनि सयौं सहभागी धनकुटा पुगेका थिए । उक्त कार्यक्रमका सम्बन्धमा पर्यटन बोर्ड तथा गृह मन्त्रालयलाई कुनै जानकारी नभएकाले रोक लगाउनु परेको उनको दाबी थियो । प्रहरीले कार्यक्रममा सहभागी हुन पुगेका विदेशीहरूका साथमा लागूऔषध रहेको आशंकामा चेकजाँच समेत गरेको थियो । यद्यपि उनीहरूबाट त्यस्ता वस्तु फेला नपरेको एसपी गुरुङले जनाए ।

हिलेबाट फर्किएका सयौं विदेशी पर्यटक काठमाडौं फर्कने क्रम जारी छ । उनीहरूले कार्यक्रम रोकिएको जानकारी पाएकाले फर्किएको प्रतिक्रिया दिए । अधिकांसले जुन उद्देश्यले यात्रा गरिएको हो, त्यसअनुरुप उपलब्धि हुन नसक्दा दुःख व्यक्त गरे । आयोजक र प्रहरीबीच तालमेल नभएकाले कार्यक्रम हुन नसकेको जानकारी पाएको एक विदेशीले बताए । म्युजिक फेस्टिभल हुने भएकाले आफू नेपाल आएको बंगलादेशका म्युजिसियन डा. एरिफ साइकले बताए ।

आयोजकले अघिल्लो वर्ष सोही स्थानमा आयोजना गरिएको यस्तै कार्यक्रममा प्रहरी, प्रशासन तथा उच्च पदस्थ व्यक्तिहरू समेत सहभागी भएका थिए । आयोजकहरूले गत वर्षपनि सोहि स्थानमा म्युजिक फेस्टिभलको आयोजना गरेका थिए । अघिल्लो वर्ष गरिएको कार्यक्रममा प्रहरी प्रशासन, राजनीतिक दलका नेतादेखि विशिष्ट व्यक्तिको सहभागिता हुनु र यो वर्ष अन्तिम समयमा अवरोध गरिनु दुखद रहेको मादी नगरपालिकाका-९ का वडाध्यक्ष पासाङ शेर्पा बताउँछन् । गत वर्षको कार्यक्रमको गतिविधि प्रतिवेदनको आधारमा अवाञ्छित गतिविधि गरिन सक्ने देखिएकाले कडाइका साथ रोक लगाइएको प्रजिअ अधिकारीले बताए ।

म्युजिक फेस्टिभलको मुख्य आयोजक शक्तिपिक म्युजिक फेस्टिभलका प्रमुख सुवास केसीलाई प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ । केसीलाई धनकुटा प्रहरीले नियन्त्रणमा लिएर आइतबार संखुवासभा पुर्‍याएको प्रहरी स्रोतले जनाएको छ । प्रहरीले उनीविरुद्ध मुद्दा दर्ता गर्ने तयारी गरेको समेत स्रोतले उल्लेख गरेको छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं ४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।